# राजीवलोचन जोशीको जीवनी, व्यक्तित्व
# र
# कृतिको अध्ययन

८
८८
८८८
८८
८

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम्.ए.
दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका
लागि प्रस्तुत

## शोधपत्र

८
८८
८८८
८८
८

### शोधार्थी

तोयानाथ उप्रेती
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६५

**शोध-निर्देशक**
**उपप्राध्यापक ईश्वरी प्रसाद गैरे**

# राजीवलोचन जोशीको जीवनी, व्यक्तित्व र कृतिको अध्ययन

*
**
***
**
*

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत**

# शोधपत्र

*
**
***
**
*


**शोधार्थी**
तोयानाथ उप्रेती
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

२०६५

# शोध निर्देशकको मन्तव्य

प्रस्तुत **राजीवलोचन जोशीको जीवनी, व्यक्तित्व र कृतिको अध्ययन** नामक शोधपत्र नेपाली एम्.ए. दोस्रो वर्षका विद्यार्थी श्री तोयानाथ उप्रेतीले मेरो निर्देशनमा तयार पार्नुभएको हो । अत्यन्त परिश्रमपूर्वक तयार पारिएको यो शोधपत्रसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनार्थ नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

मिति २०६५/१०/ २४

..............................

ईश्वरीप्रसाद गैरे

उप-प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय मानवीकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पस कीर्तिपुर नेपाली केन्द्रीय विभागका छात्र तोयानाथ उप्रेतीद्वारा तयार पारिएको प्रस्तुत राजीवलोचन जोशीको जीवनी, व्यक्तित्व र कृतिको अध्ययन शीर्षकको यो शोधकार्य स्नातकोत्तर तह दोस्रो पत्रको प्रयोजनका लागि उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति :

विभागीय प्रमुख
राजेन्द्र सुवेदी

शोधनिर्देशक
उप-प्राध्यापक ईश्वरीप्रसाद गैरे

**बाह्य परीक्षक**

वेदव्यास उपाध्याय
(निर्मोही व्यास)

मिति : २०६५/११/

# कृतज्ञता–ज्ञापन

नेपाली केन्द्रीय विभाग (एम्.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत शोधकार्यको तयारीका क्रममा मैले विभिन्न विद्वान्हरुबाट ज्ञान, सीप र सहयोग पाएको छु । आफ्नो अमूल्य समय खर्च गरी उचित निर्देशन प्रदान गर्नुहुने श्रद्धेय गुरु उप-प्राध्यापक ईश्वरीप्रसाद गैरेज्यूप्रति सहस्र कृज्ञज्ञता व्यक्त गर्दछु । त्यसैगरी यस शोधकार्यको स्वीकृत प्रदान गरेर मलाई शोधकार्यको अवसर प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख राजेन्द्र सुवेदीज्यूप्रति हार्दिक आभार निवेदन गर्दछु ।

प्रस्तुत शोध तयारीका क्रममा विभिन्न जानकारी र कृतिहरु प्रदान गरेर आवश्यक सहयोग गर्नुहुने श्री राजाराम जोशी र श्रीकृष्ण तिमल्सिनाज्यूप्रति आभार अर्पण गर्दछु । राजीवलोचन जोशी स्मारक-प्रतिष्ठानबाट पाएको सहयोग साथै सामग्री सङ्कलनका क्रममा त्रि.वि.केन्द्रीय पुस्तकालयका कर्मचारीबाट पाएको सहयोगप्रति धन्यवाद प्रकट गर्दछु । टङ्कण कार्यमा सहयोग गर्ने लुष प्रेसलाई पनि धन्यवाद दिन्छु ।

अन्त्यमा, म यस शोधकार्यको मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत गर्दछु ।

..........................
तोयानाथ उप्रेती
नेपाली केन्द्रीय विभाग
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
त्रि.वि., कीर्तिपुर

# विषय सूची


पेज नं.

पहिलो परिच्छेद : शोधको परिचय १ - ५

१.१. **शोध–शीर्षक** १

१.२. **शोध–प्रयोजन** १

१.३. **समस्याकथन** १

१.४. **उद्देश्य–कथन** १

१.५. **पूर्व–कार्यको समीक्षा** २

१.६. **शोध–कार्यको औचित्य** ५

१.७. **शोधको सीमाङ्कन** ५

१.८. **सामग्री सङ्कलन विधि** ५

१.९. **शोध विधि :** ५

१.१०. **शोधकार्यको रूपरेखा** ५

दोस्रो परिच्छेदः राजीवलोचन जोशीको जीवनी ६ -१९

२.१. **जन्म र पुर्ख्यौली** ६

२.२. **वंशपरम्परा र पैतृक व्यवसाय** ७

२.३. **शिक्षादीक्षाः** १०

२.४. **विवाह, सन्तान र दाम्पत्य जीवन** ११

२.५. **पारिवारिक वियोग** १२

२.६. **वसोवास** १३

२.७. **साहित्यिक सेवा** १३

२.८. **वंशानुगत पृष्ठभूमि र राजीवलोचन जोशीको कविव्यक्तित्वसँग त्यसको सम्बन्ध** १४

२.९. **साहित्यिक प्रेरणा र प्रभाव** १५

२.१०. **रुचि, स्वभाव र सत्सङ्ग** १६

२.११. **जागीरे जीवन** १७

२.१२. **सम्मान तथा पुरस्कार** १८

२.१३. **संस्कार कर्महरू** १९

तेस्रो परिच्छेद राजीवलोचन जोशीको व्यक्तित्व २०-३२

३.१. **लेखक साहित्यकार** २२

३.२. **कवि व्यक्तित्व** २५

३.३. **अनुवादक व्यक्तित्व** २८

३.४. **जागीरदार व्यक्तित्व** ३१

चौथो परिच्छेद राजीवलोचन जोशीको कृतित्वको विवेचना ३३-७५
४. काव्य तथा महाकाव्यको सैद्धान्तिक स्वरूप ३३
४.१. परिचय ३३
४.२. पूर्वीय परम्परामा काव्यको व्युत्पत्तिमूलक अर्थ र परम्परा ३३
४.३. पाश्चात्य परम्परामा काव्यको व्युत्पत्तिमूलक अर्थ ३५
४.४. काव्यको परिभाषा ३५
४.५. महाकाव्यको सैद्धान्तिक स्वरूप ३९
४.५.१. पूर्वीय परम्परामा महाकाव्य ३९
४.५.२. कथावस्तु ४०
४.५.३. शिल्प ४०
४.५.४. नायक ४०
४.५.६. रस ४०
४.५.७. उद्देश्य ४०
४.५.८. भाषा ४१
४.६. पाश्चात्य परम्परामा महाकाव्य ४१
४.६.१. कथावस्तु ४१
४.६.२. चरित्र ४१
४.६.३. विचार ४२
४.६.४. पदावली ४२
४.८. राजीवलोचन जोशीका कृतित्वको सङ्क्षिप्त परिचय ४२
४.९. काव्यप्रवृत्तिगत विशेषता र योगदान ४४
४.९.१ भक्ति साधनाको वर्णन ४४
४.९.२. शोक वर्णन ४५
४.९.३ प्रकृति वर्णन ४६
४.९.४ श्रृङ्गारिकता ४७
४.९.५ पौराणिक विषयवस्तु ४८
४.९.५ वैचारिक दृष्टिकोण : ४८
४.९.७ भक्ति र श्रृङ्गारिकताको समायोजन ५०
४.९.८ शैलीशिल्पगत विविधता : ५१
४.९.९ योगदान ५१
४.१०. विभिन्न युगीन सन्दर्भमा नेपाली महाकाव्य ५२
४.११. राजीवलोचन जोशी र “केदारकल्प”को विवेचना ५४
४.११.१. परिचय ५४
४.११.२. लय, संरचना र आयाम ५५
४.११.३. कथावस्तु ५६

४.११.४. **चरित्रचित्रण** ६१
४.११.५. **रस** ६५
४.११.६. **भाषाशैली** ६६
४.११.७. **उद्देश्य** ६७
४.१२. **निष्कर्ष** ६७
४.१३. **राजीवलोचनका अन्य कृतिहरू** ६८
४.१३.१. **विदुरनीति** ६९
४.१३.२. **पतिव्रताधर्म** ६९
४.१३.३. **चानकभाषा** ६९
४.१३.४. **विस्मातहर्ष तरिङ्गिणी** ७०
४.१३.५. **करुण रसको परिचय** ७१
४.१३.६. **करुण रसको आस्वाद** ७१
४.१३.७. **विस्मातहर्षतरङ्गिणी शोक काव्यको अध्ययन** ७२
४.१३.८. **निष्कर्ष** ७४

पाँचौं परिच्छेद ७६-८०
**५. माध्यमिककालीन नेपाली साहित्यमा राजीवलोचन जोशीको योगदान** ७६

छठौं परिच्छेद उपसंहार ८१-८७
**६. उपसंहार** ८१

पहिलो परिच्छेद

# शोधको परिचय

## १.१. शोध–शीर्षक

प्रस्तुत शोध कार्यको शीर्षक **राजीवलोचन जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२. शोध–प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत नेपाली केन्द्रीय शिक्षण विभागको दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३. समस्याकथन

माध्यमिक कालीन कवि राजीवलोचन जोशीको बारेमा शोध, खोज र अनुसन्धान अहिलेसम्म त्यति नभएको परिप्रेक्ष्यमा कवि जोशीको व्यक्तित्व र कृतिको अध्ययन नै प्रस्तुत शोधको समस्याकथनको रूपमा उठाइएको छ । अतः प्रस्तुत शोध समस्याका बुँदाहरू निम्न अनुसार रहेको छन् ।

क) राजीवलोचन जोशीको जीवनी के कस्तो छ ?

ख) राजीवलोचन जोशीको व्यक्तित्व के कस्तो रहेको छ ?

ग) राजीवलोचन जोशीका कृतिहरू के कस्ता रहेका छन् ?

घ) माध्यमिककालमा राजीवलोचन जोशीको योगदान के कस्तो रहेको छ ?

## १.४. उद्देश्य–कथन

माथि समस्याकथनमा उठेका शोधसमस्यासँग सम्बन्धित प्रश्नहरूको समाधान नै शोधको उद्देश्यका रूपमा रहेका छन् । जसलाई बुँदागत रूपमा यसरी समायोजन गरिएको छ -

क)	राजीवलोचन जोशीको जीवनीको विवेचना गर्नु ।

ख)	राजीवलोचन जोशीको व्यक्तित्वलाई निरूपण गर्नु ।

ग)	राजीवलोचन जोशीको कृतिहरूको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्ष दिनु ।

घ)	राजीवलोचन जोशीले नेपाली साहित्यमा दिएको योगदानको निरूपण गर्नु ।

## १.५. पूर्व-कार्यको समीक्षा

माध्यमिक कालीन नेपाली कविताको विकासयात्रामा देखापरेका राजीवलोचन जोशी, मोतीराम भट्टले प्रारम्भ गरेको श्रृङ्गारिक धारामा देखापरेका एक चर्चित कवि हुन् । भक्ति र श्रृङ्गार दुवै धारालाई आत्मसात् गरी साहित्य सिर्जना गरेका जोशी माध्यमिक कालका कविता विधामा देखापरेका एक प्रतिष्ठित व्यक्तिका रूपमा स्थापित भएका छन् । जोशीका बारेमा विभिन्न समालोचक तथा साहित्यकारहरूले विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा संक्षिप्त टिप्पणी, चर्चा र परिचर्चा गरेको पाइन्छ ।

"राजीवलोचन जोशी भानुभक्तपछि कलम चलाउने अनेक लेखकहरूमध्ये भाषा विकासको दृष्टिबाट उल्लेखनीय व्यक्ति देखिन्छन्"[१]

डिल्लीराम तिमसिना र माधव भण्डारीले उनको कवित्वका बारेमा यस्तो टिप्पणी गरेका छन् - "राजीवलोचनले आफ्ना नाउँका बारेमा बनाएका कूट कविता जो नेपालका कुना-कुनामा अझै मानिसहरूले विहे वा अरू समयमा अर्कालाई अड्को लगाउने रूपमा प्रयोग गरेको देखिन्छ"[२]

कमल दीक्षितले 'बुइँगलमा' "राजीवलोचनको सबभन्दा पहिलो कृति पतिव्रता धर्मको पद्यानुवाद (१९५२)मा मोतीकृष्ण, धीरेन्द्र कम्पनीले छपाएको फेला पारेको र केदारकल्प १९६१मा भएको उल्लेख गरेको देखिन्छ" भनी टिप्पणी गरेका छन् ।[३]

यज्ञराज सत्यालले "राजीवलोचन जोशीका कविताहरूमा कूटौक्ति भरिएको र शैली सरल र आर्कषणीय छ" भनी टिप्पणी गरेको पाइन्छ ।[४]

---

[१] रत्नध्वज जोशी, **आधुनिक नेपाली साहित्यको झलक**, (२०२१), पृष्ठ ४ ।

[२] डिल्लीराम तिमसिना र माधव भण्डारी, **हाम्रो साहित्य र साहित्यकार**, (२०३२) ।

[३] कमल दीक्षित, **बुइँगल**, (२०२८), पृष्ठ ३४३ ।

[४] यज्ञराज सत्याल, **नेपाली साहित्यको भूमिका**, (२०२९), पृ. १० ।

शरदचन्द्र शार्मले राजीवलोचन जोशीको कवि व्यक्तित्वको चर्चा गर्ने क्रममा भनेका छन्- "राजीवलोचन जोशी मोतीरामभन्दा जेठा भएपनि उनको नेतृत्वलाई अवलम्बन गर्दै समस्यापूर्ति गर्नमा र कूट कविता रच्नमा खप्पिस भएको उल्लेख गर्नुका साथै भानुभक्तीय शैलीमा कविता रच्ने राजीवलोचन जोशी प्राथमिक काल र माध्यमिक कालको दोसांधमा देखापरेका एक सहृदयी एवं ठट्यौला कवि थिए"[५] भन्ने प्रसङ्ग उठाएको पाइन्छ ।

'प्रतिभै प्रतिभा र नेपाली साहित्य' मा आदिकवि भानुभक्त पछि मोतीरामको साहित्यसेवी व्यक्तित्वको अभ्युदयका वीचमा कवि राजीवलोचन जोशी कवि व्यक्तित्व अनूदित रचना, पौराणिक प्रसङ्ग एवम् श्रृङ्गारिक अभिव्यक्तिमा पनि नेपाली हृदयस्पर्शी पद्यको माध्यमबाट भास्वर रूपमा चम्केको देखिन्छ र भविष्यमा पनि चम्किरहने छ भन्ने कुरामा शङ्का छैन"[६]

"कवि राजीवलोचन जोशी श्रृङ्गाररसप्रवाहक प्रेरक कवि मात्र नभएर लामो अवधिसम्म बाँची त्यो प्रवाहको अन्त्यसम्म आँखा लगाउने र स्वयम् त्यो प्रवाहमा मिस्सिएर कविता लेख्ने सौभाग्यशाली भएको पाइन्छ । उनको थप त्यो योगदान समेतले गर्दा उनी झन ठूला कवि प्रमाणित हुन पुग्दछन् । केदारकल्पले नेपाली साहित्यमा नयाँ मोड ल्याइदिने काम गरेको छ । यो काव्यका स्रष्टा कवि राजीवलोचन जोशी एउटा ऐतिहासिक पुरुष हुन्"[७] भन्ने कुरामा सन्देह रहन्न भन्ने अभिव्यक्ति गरेको पाइन्छ ।

ईश्वर बरालले राजीवलोचन जोशीका काव्यकृतिको बारेमा संक्षिप्त चर्चा गरेको पाइन्छ ।[८]

नेपाली कविता भाग ४मा "राजीवलोचन जोशी माध्यमिक कालीन श्रृङ्गारिक धाराका एक चर्चित कविका रूपमा उल्लेख गरेको पाइन्छ" ।[९]

भरतराज पन्तले राजीवलोचनको योगदानलाई उल्लेख गर्ने सन्दर्भमा भनेका छन् - "नेपाली काव्य साहित्यको माध्यमबाट भाषालाई उन्नत रूप दिने सन्दर्भमा त्यतिखेरका कविहरू मध्ये राजीवलोचन जोशी पनि एक महत्वपूर्ण व्यक्ति स्तम्भका रूपमा रहेका

---

[५] शरद्चन्द्र शर्मा, **नेपाली साहित्यको इतिहास**, (२०३७) ।

[६] घटराज भट्टराई, **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, (काठमाडौं : २०४०), पृष्ठ १० ।

[७] गणेशबहादुर प्रसाई, **सुवानन्ददेखि राजीवलोचनसम्म**, (काठमाडौं : साझा प्रकाशन, २०४४), ।

[८] ईश्वर बराल, **राजीवलोचन जोशी**, (काठमाडौं : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान २०५३), ।

[९] वासुदेव त्रिपाठी (सम्पा) **नेपाली कविता** भाग - ४, (काठमाडौं : ते.सं. २०५४), ।

छन्"[१०] भनी प्रसङ्ग उठाएको पाइन्छ । चहकदार मइन्टोल र पिलपिले लालटिनमा पुष्कर लोहनीले कवि राजीवलोचन जोशीले **केदारकल्प काव्य**को विवेचना गर्ने सन्दर्भमा भनेका छन् - "यौन आवेग र आध्यात्मिक विश्वास दुवैलाई बुझेर समान रूपमा अघि बढाउने काम कविशिरोमणिबाट भएपछि मोतीराम भट्टले चलाएको अभियानलाई समेत राजीवलोचन जोशीको काव्यले टेवा दिन पुगेको छ" ।[११] तारानाथ शर्माले 'नेपाली साहित्यको इतिहास'मा प्रष्ट पार्दै भनेका छन् -"रसिला र व्यङ्ग्योक्तिले भरिएका कविता लेख्नुका साथै घुमाउरो किसिमले अर्थ लुकाएर मनोरञ्जन दिने खालका पद्य लेख्न सिपालु थिए" ।[१२] दिनेशराज पन्तले राजीवलोचन जोशीका पूर्खादेखिको इतिहास तथा वंशावलीको रूपरेखा कोरेको पाइन्छ ।[१३] नित्यराज पाण्डेले 'केदारकल्प' काव्यको विवेचना गर्ने सन्दर्भमा शान्त, श्रृङ्गार, हास्य व्यङ्ग्य, करुण आदि भावलाई आलङ्कारिकताका साथ सामाजिक विषयवस्तुमा घोल्दै समसामायिक जागरण ल्याउने राजीवलोचन जोशी नेपाली साहित्यको माध्यमिक कालका विशेष चर्चित व्यक्ति हुन भनी उल्लेख गरेको पाइन्छ ।[१४]

यसरी हेर्दा कवि राजीवलोचन जोशीका सम्वन्धमा संक्षिप्त टिप्पणी चर्चा परिचर्चाहरू प्रशस्त्रै गरिएका छन् तापनि यी चर्चा परिचर्चा कविताको विकासक्रम, कविहरूका प्रवृति केलाउने क्रममा भएका पाइएका छन् । समष्टिमा राजीवलोचन जोशीको जीवनी र उनका कृतिहरूको विश्लेषण गरिएको पाइएको छैन । त्यसकारण प्रस्तुत शोधमा कवि राजीलोचन जोशीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा संक्षिप्त रूपमा विश्लेषण गरी माध्यमिक कालीन नेपाली साहित्यमा उनको योगदानलाई मूल्याङ्कन गरिएको छ ।

---

[१०] भरतराज पन्त, **राजीवलोचन जोशी र कूट काव्य**, (काठमाडौँ : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान २०५४), ।

[११] पुष्कर लोहनी, **चहकादर मइनटोल र पिलपिले लालटिन**, (प्रथम सं.), काठमाडौँ : २०३७), पृष्ठ २० ।

[१२] तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, (काठमाडौँ : २०५६) ।

[१३] दिनेशराज पन्त, **राजीवलोचन जोशीका बराज्यू, दामोदर जोशी**, (काठमाडौँ : राजीवलोन जोशी स्मारक-प्रतिष्ठान २०५७), ।

[१४] नित्यराज पाण्डे, **राजीवलोचन जोशी र केदारकल्प**, (काठमाडौँ : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान २०५५) ।

## १.६. शोध–कार्यको औचित्य

राजीवलोचनका काव्य कृतिहरूलाई लिएर गहन अध्ययन अनुसन्धान नभएको परिप्रेक्ष्यमा यस शोधकार्यमा उनको व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण गरिएको हुनाले त्यसबाट प्राप्त निष्कर्षको मूल्याङ्कन गरिएको छ । पूर्ववर्ती विद्वानहरूले राजीवलोचन र उनका काव्य कृतिको सन्दर्भलाई उठाए पनि त्यो अधुरो अपूरो भएकाले प्रस्तुत शोधकार्यमा जोशीको जीवनी, व्यक्तित्व र कृतित्वमा मात्र केन्द्रित भएर गरिएको प्रस्तुत शोधकार्यको औचित्य स्वतः स्थापित भएको छ ।

## १.७. शोधको सीमाङ्कन

यस शोधकार्यमा राजीवलोचन जोशीको जीवनी व्यक्तित्व, कृतित्व र योगदानलाई समेत अध्ययन क्षेत्र भित्र समेटिएको छ ।

## १.८. सामग्री सङ्कलन विधि

शोधकार्यलाई तार्किक एंव प्रमाणिक बनाउन विविध सामग्रीहरूको सङ्कलन अध्ययन र सम्पादन गरिएको छ । सामग्रीको सङ्कलन गर्ने क्रममा आवश्यकताअनुसार राजीवलोचन जोशीका कृतिहरू, उनका बारेमा लेखिएका समालोचनाहरू, पूर्ववर्ती शोधपत्रहरूका साथै पुस्तकालयीय अध्ययनलाई नै सामग्री सङ्कलनको मुख्य आधार बनाइएको छ ।

## १.९. शोध विधि :

सङ्कलित सामग्रीहरूलाई अध्ययन विश्लेषण तथा सम्पादन गर्ने क्रममा यस शोधपत्रमा मूलतः विश्लेषणात्मक शोध-विधिको अवलम्बन गरिएको छ ।

## १.१०. शोधकार्यको रूपरेखा

यस शोध कार्यलाई क्रमबद्ध ढङ्गले सम्पादन गरी शोधको रूपरेखा यस प्रकार तय गरिएको छः

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : राजीवलोचन जोशीको जीवनीको विवेचना

परिच्छेद तीन :राजीवलोचन जोशीको व्यक्तित्वको विवेचना

परिच्छेद चारः राजीवलोचन जोशीको कृतित्वको अध्ययन

परिच्छेद पाँचः नेपाली साहित्यमा जोशीको योगदान

परिच्छेद छ : उपसंहार

दोस्रो परिच्छेद

# राजीवलोचन जोशीको जीवनी

## २.१. जन्म र पुख्र्यौली

मोतीमण्डलीका जेठा सदस्य एवम् युवक-कवि मोतीराम भट्टद्वारा कविशिरोमणि रूपमा सम्मानित राजीवलोचन जोशीको जन्म वि.सं. १९०५ मा आषाढ शुक्ल पञ्चमीका दिन काठमाडौँ मरुटोलमा भएको हो ।[१५] यिनका पिताको नाम खिलशर्मा जोशी र माताको नाम कुशलादेवी जोशी हो ।[१६] राजीवलोचन जोशीले स्वयम् वि.सं. १९५२ मा प्रकाशित प्रतिव्रता धर्मको पृ. ५७ मा आफ्नो नाम, स्थान र थर यसरी उल्लेख गरेका छन् ।

**वासस्थान हो कान्तिपुरको मरुटोल**
**जोशी थर हो नाम राजीवलोचन**

खिलशर्माले ४ विवाह गरेका थिए । पहिली पत्नी अगम कुमारीको सन्तान भएनन् । उनी माइतमा नै बसिन् । दोस्रो रत्न कुमारीबाट काशीराज तेस्री कुशलादेवीबाट राजीवलोचन जोशी र सुकृतिदत्त भए भने कान्छी तारादेवीबाट दण्डपाणि र विश्वनाथ भए । यो परिवार ज्योतिषी हुँदै जाँदा जोशी भए । यस्तै गरेर केही घिमिरे, रेग्मी, लटौला आदि ब्राह्मण जोशी 'थर' लेख्छन् र काम गुण अनुसार यो थर रहन गएको हो । यिनका वंशमा जाँदा शुकृतिदत्तबाट मुक्तिनाथ, दण्डपाणिबाट खम्बराज विश्वनाथको पहिलो गुँडबाट ढुण्डीराज, बलराम र अनन्तराज भए भने दोस्रो गुँडबाट ईश्वरीनाथ र राजाराम भए । अरू परिवारको घरको भाग बिक्री भएपछि काठमाडौँ मरुटोलको भागमा खम्बराजको छोरा ठुण्डीराजको परिवार र मुक्तिनाथका बहिनीका परिवार बस्छन् ।[१७]

---

[१५] नित्यराज पाण्डे, **राजीवलोचन जोशी र केदारकल्प**, (काठमाडौँ : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान २०५५), पृष्ठ ५ ।

[१६] ऐजन् ।


[१७] ऐजन् ।

## २.२. वंशपरम्परा र पैतृक व्यवसाय

नेपाली भाषा र साहित्यमा आफ्नो विद्वत्तापूर्ण साधनाको परिचय दिने राजीवलोचन जोशीको पुर्ख्यौली थलो र यिनको वंशवृक्ष तथा पिता-पुर्खाको व्यवसायको खोजी गर्दा लमजुङको रागिनासमा रहेको थियो ।[१८] शतानन्द जोशीका चौथा पुस्ताका छोरा राजीवलोचन जोशी हुन् । शतानन्द अङ्गिरसगोत्रका हुन् । ज्योतिषको काम गरेकाले यी जोशी कहलाएका हुन् । कुमाउँको झिजौडगाउँबाट शतानन्द लमजुङको रागिनासमा आएका हुन् । शतानन्दका कृष्णदेव नामक छोरा भए । कृष्णदेवका दुई पत्नीमध्ये जेठी पत्नीबाट दामोदर जोशी जन्मेका हुन् । दामोदर जोशी भागेर गोरखामा आएका थिए । गोरखामा दामोदर जोशीले आफ्नो कामबाट प्रभाव फैलाए । दामोदरको विवाह रागिनासको वेणीराम कडरियाको छोरीसँग भयो । दामोदरका जेठा छोरा हरिशर्माको जन्म शाके १७१५ वि.सं. १८५० मा र कान्छा छोरा हरिशर्माको जन्म १७१७ वि.सं. १८५२ मा भयो ।[१९] राजीवलोचन जोशीको वंश वृक्षको सम्बन्धमा **राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी** नामक ग्रन्थमा दिनेशराज पन्तले वंशवृक्ष उतारेका छन् :

[१८] दिनेशराज पन्त, **राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी**, (काठमाडौँ : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान २०५७), पृष्ठ ३ ।

[१९] ऐजन्, पृष्ठ ४ ।




यसरी खिलशर्माको तेस्री पत्नी कुशलादेवीबाट दुई छोरी र एकमात्र राजीवलोचन जोशी देखिन्छन् ।[२०] राजीवलोचनका बराज्यू शतानन्द ज्योतिषको काम गर्दथे । उनका छोरा कृष्णदेवले श्री ५ पृथ्वीनारायण शाहको समयमा विर्ता पाएको कुरा स्पष्ट रहेको छ ।[२१] कृष्णदेवका छोरा दामोदर जोशी १८५१ मा थुनिएको र उनको अंश सर्वस्व हुने भएकाले उनले आफ्नो रागिनास आदि ठाउँको जग्गाको सुरक्षाको लागि व्यवस्था गरेको देखिन्छ । मूलतः त्यतिखेर

[२०] ऐजन, पृष्ठ २ ।

[२१] ऐजन्, पृष्ठ ३ ।

राजनैतिक खिचातानी र दामोदर जोशीले बहादुर शाहको अपमान गर्नका लागि तथा उनको पक्ष कमजोर पार्नका लागि दामोदर जोशी थुनिएका हुन सक्छन् । काशीमा रणबहादुर शाह ४ वर्ष बस्दा दामोदर जोशीले चिठी पत्र गरेकाले विरोधीहरूले उनको घर जग्गा कमारा-कमारीसहित सर्वस्व गरेकोमा ती सबै फिर्ता गरिदिएको कुरा वि.सं. १८६२ श्रावणमा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले दामोदर जोशीलाई लेखिदिएको पत्रमा उल्लेख छ ।[२२] त्यो समयमा दामोदर जोशीको प्रभाव बढेको हुनाले आफ्ना कान्छा छोरा शिवशर्मालाई वि.सं. १८६१ माघमा स्वामी महाराज रणबहादुर शाहबाट कन्यादान गराउन उनी समर्थ भए । यस कन्यादान पछि हनुमानढोका दरबार नजिकैको कुमारी घरसँगको चोक सहितको घर र विभिन्न ठाउँको जग्गा जमिन शिवशर्माले पाए ।[२३] दामोदर जोशीको त्यस बेलाका शक्तिशाली भारदारहरूसँग विशेष सम्बन्ध थियो । विशेषतः दामोदर जोशी राजकीय सम्बन्धका साथै घरेलु सम्बन्ध पनि बढाइ शासनमा प्रभाव राख्न दामोदर जोशी लागेका थिए भन्ने देखिन्छ । वि.सं. १८५२ भाद्रमा दामोदर जोशीले सयमुरी खेत ५०१ रूपैयाँमा गौरीपति पन्तलाई बन्धक दिएको कुरा स्पष्ट हुन आउँछ ।[२४] वि.सं. १८६२ माघमा दामोदर जोशीले चमाराम दानीलाई १२२३ रूपैयाँ १४ आना ऋण दिएकोमा केही व्याज मिनाहा गरिदिएको उल्लेख छ । दामोदर जोशीले दरबारमा सुमधुर सम्बन्ध कायम गरेको हुनाले धन सम्पत्ति केही कमाए भन्ने अनुमान गर्न सकिन्छ ।

राजीवलोचनका पुर्खाहरूको राजदरबारसँग बढी सम्बन्ध स्थापित भएकोले गर्दा सम्पत्ति के, कति छ यसलाई किटेर भन्न सकिएको छैन । बिर्ता दिने तथा दान वकस पनि प्राप्त गर्न हुनाले राजदरबार यिनीहरूको सम्पत्ति आर्जनको स्रोत नै बनेको देखिन्छ । उदाहरणको लागि शिवशर्मा जोशी वर्ष ९ का उमेरमा जग्यबल्लभ वैद्यकी छोरी लीलावतीलाई स्वामी महाराजबाट कन्यादान गरिदिँदा दाइजो घर खेत, हात्ती, घोडा, सुन, चाँदी बहुतै दिएका थिए भन्ने स्पष्ट छ ।[२५] जे होस्, यसतर्फको पूर्ण निगरानी नहुनाले यिनीहरूको आर्थिकस्तर सर्वसाधारण मध्यमवर्गभन्दा माथि उठेको देखिन्न ।

[२२] ऐजन्, पृष्ठ ४ ।

[२३] ऐजन्, पृष्ठ पूर्ववत् ।

[२४] दिनेशराज पन्त, पूर्ववत् ।

[२५] दिनेशराज पन्त, पूर्ववत् ।

## २.३. शिक्षादीक्षाः

राजीवलोचन जोशीका पुर्खाहरू ज्योतिषको काम गर्ने भएकोले उनी पनि ज्योतिषबाट निकै परिचित भएका थिए । राजीवलोचन जोशी वीस वर्षको उमेरमा संस्कृत पढ्न काठमाडौँ स्थित नयाँ पाठशालामा १९२५ मा छोडखाली ठाउँमा भर्ना भएका थिए ।[२६] तिनका गुरु स्वनामधन्य पण्डित वाचस्पति पन्त थिए । संस्कृत पढ्नेहरू तिनताकका राणा सरकारबाट मासिक चार रुपियाँका दरले वृत्तिस्वरूप पाउँथे । राजीवलोचनले पनि सो वृत्ति पाएका थिए ।[२७] संस्कृत पढ्ने छात्र सम्पन्न अथवा विपन्न परिवारका जो भए पनि सबै समानतः मासिक चार रूपैयाँका दरले वृत्ति पाउने हुनाले सम्पन्न परिवारका राजीवलोचनले पनि सो वृत्ति पाएका थिए । सो पाठशालामा संस्कृत पढ्ने छात्र केवल ब्राह्मण हुन्थे जुन परम्परा अझै संस्कृत पाठशालाहरूमा रहेकै छ ।

नयाँ पाठशालामा राजीवलोचनले संस्कृतको शिक्षा कुन स्तरसम्म पाए सो थाहा पाइएको छैन । केदारकल्पमा तिनेले ग्रहहरूका अवस्थितिअनुसार फलाफलको उल्लेख गरेर ज्योतिषका विषयमा आफ्नो ज्ञानको थोरथार परिचय दिएका छन् । कर्मकाण्डको व्यावहारिक ज्ञान भने तिनले पाएका थिए । बाबु खिलशर्मा तथा बाजे शिवशर्मा दुबै नाउँ चलेका कर्मकाण्डी हुनाले राजीवलोचनले कुल परम्पराको राम्रो ज्ञान प्राप्त गरेका थिए । राजीवलोचन जोशीले नयाँ पाठशालामा पाँच वर्ष जति संस्कृत पढेको देखिन्छ । उनका रचनामा संस्कृतका अशुद्ध शब्द तथा वर्णविन्यास प्रशस्त पाइएका छन् । त्यसकारण राजीवलोचन जोशी संस्कृतमा निकै कमजोर भएको स्पष्ट हुन्छ ।[२८] माध्यमिक कालमा नेपाली पद्य साहित्यलाई उच्च रूप दिन सन्दर्भमा कविहरूले सामान्य संस्कृत पढेको भरमा छन्दोबद्धता मात्र अँगालेर भए पनि भक्ति र स्तुतिको श्रृङ्खलामा उनिएर भए पनि केही **सुभाषित-रत्न-भाण्डागारम्** भन्ने संस्कृत ग्रन्थको प्रभाव धेरै कविले अँगालेर कविता लेखेका थिए । राजीवलोचन जोशीले त्यो समयमा सामान्य संस्कृत शिक्षा हासिल गरेर पनि उच्च कोटीका काव्य कृतिहरू नेपाली साहित्यको भण्डारमा महत्त्वपूर्ण योगदान दिएका छन् । तत्कालीन परिस्थितिको विषयवस्तुलाई टिपेर काव्यात्मक रूप दिई उज्ज्वल साहित्यिक कृतिहरू उत्पादन गरेका छन् । मोतीरामकै

---

[२६] ईश्वर बराल, **राजीवलोचन जोशी**, (काठमाडौँ : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान २०५३), पृष्ठ २ ।

[२७] ऐजन् ।

[२८] ऐजन्, पृष्ठ ३ ।

सहकार्यमा रही अथवा मोतीमण्डलीको सदस्यमा सम्बद्ध भई विभिन्न कूट कविताहरू लेख्नु तथा श्रृङ्गारी भावलाई विषयवस्तु बनाई नायक-नायिका हाव, भाव, कटाक्ष आदिको कलात्मक तरिकाले वर्णन गरेको पाइन्छ । राजीवलोचन जोशी विशेष गरी दरबारमा सम्पर्क भइरहकै कारणले गर्दा पनि शासकहरूले कविता सुनाउन लगाउँदा जोशी कविता सुनाउँथे । यसरी जोशीले अनुवाद गर्न तथा साहित्य सिर्जना गर्नतर्फ त्यतिखेर निकै नै महत्वपूर्ण योगदान दिएका छन् । कर्मकाण्ड, हिन्दूधर्म र पौराणिक विषयमा कविता लेख्न सक्ने राजीवलोचन जोशीले संस्कृतको राम्रो अध्ययन गरेका थिए भन्ने कुराको अनुमान गर्न सकिन्छ । तापनि उनको शैक्षिक योग्यता कति थियो भन्ने कुरामा चाहिँ यसै भन्न सकिदैन र पनि उनका गहकिला कृतिहरू चाहिँ रहेकै छन् ।[२९]

## २.४. विवाह, सन्तान र दाम्पत्य जीवन

राजीवलोचन जोशीले तीन पत्नी विवाह गरेका थिए । जेठी गोर्खा गाइखुरका नन्दधर पन्तकी छोरी रत्न कुमारी, माहिली, धादिङ जीवनपुरका शत्रुमर्दन पाँडेको छोरी ललितादेवी समेतको सन्तान नहुँदै देहान्त भयो । आफ्नै इच्छाअनुसार कर्लुङ (तनहुँ) गएर त्यहाँको लक्ष्मीनाथ लोहनीको छोरी क्षमा कुमारीसँग तेस्रो विवाह गरे । यी तेस्रीबाट तेज लोचन, रविलोचन र चेतनलोचन तीन छोरा भए भने छोरी एक उमा कुमारी भइन् । तेजलोचन र चेतलोचनको सन्तान नहुँदै देहान्त भयो । छोरी पूर्णनाथ पन्तलाई दिए । छोरी पट्टिका सुधानाथ र पीढीनाथ नातिहरू छन् ।[३०] छोरा राजीवलोचनका पाँच छोरी विष्णु गोपाल (डेडम्भराज) वासुदेव, ठाकुर, केशव र केदार रहेका छन् । यसरी राजीवलोचन जोशीले ३ वटी विवाह गरेको देखिन्छ । पहिला २ वटीबाट सन्तान नहुने र अल्पायुमा नै मृत्यु भएकाले गर्दा तेस्री विवाह गर्न जोशीलाई बाध्यता थियो । तर जोशीले उक्त ३ वटी सँग कहिले विवाह गरे र उनीहरूको कति वर्षको उमेरमा विवाह भयो भन्ने मिति अहिलेसम्म नै अज्ञात रहेको देखिन्छ । राजीवलोचन जोशीका भतिजा राजाराम जोशीलाई पनि सोध्दा थाहा नभएको जानकारी आउँछ ।

[२९] पूर्ववत्, पृष्ठ ४ ।

[३०] नित्यराज पाण्डे, **राजीवलोचन जोशी र केदारकल्प**, (काठमाडौं : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान २०५५), पृष्ठ ६ ।

## २.५. पारिवारिक वियोग

मान्छेका जीवनमा विवाहपछिको पूर्णताका लागि सन्तति सुखलाई पनि सुखकै अपरिहार्य तत्त्वमध्ये एक मानिन्छ । जसरी कुनै वृक्षमा फल लागेन भने त्यसको अपूर्णता ठहर्छ त्यसरी नै विवाहपछि पनि सन्तान नभएमा परिवारमा सुखशान्ति अपूर्ण नै रहन्छ । तसर्थ राजीवलोचन जोशीको २ वटी पत्नीबाट कुनै पनि सन्तान नभएकाले गर्दा अर्का तेस्री श्रीमतीबाट मात्रै सन्तान भएको थियो । यस अर्थमा राजीवलोचन जोशीलाई पारिवारिक वियोग भएको नै देखिन्छ । उनको प्रथम पत्नी रत्नकुमारी सानैमा मरेको र सन्तान पनि नभएको, दोस्रो ललितादेवी पनि चाँडै मरिन् । तेस्रीबाट मात्र (कुशलादेवी) सन्तान भएको पाइन्छ । उता छोरातर्फबाट खासै सन्तोष नपाएको उल्लेख गरिएको छ । राजीवलोचन जोशीका ३ छोरामध्ये तेजलोचन निःसन्तान रहेको र चेतलोचन पनि निःसन्तान रहेको उल्लेख गरिएको छ । एकमात्र राजीवलोचनका ५ भाइ छोरा भएको देखिन्छ । ती मध्ये एकभाइ निःसन्तान रहेका छन् ।[३१] राजीवलोचन जोशीको वंशपरम्परालाई नियाल्दा कोही निःसन्तान रहने, एकभन्दा बढी विवाह गर्न र चाँडै मर्ने जस्ता प्रवृत्ति बोकेको देखिन्छ । जस्तै दामोदर जोशीका दुई छोरामध्ये हरिशर्मा निःसन्तान रहेका थिए । राजीवलोचनको आफ्नो जीवनकालमा पत्नीको मात्र शोक होइन, छोरातर्फबाट पनि शोकाकुल हुनु परेको थियो । उनका जेठा छोरा चेतलोचन विवाह गरेर बिरामी भई २३ वर्षको उमेरमा अन्त्य हुने लक्षण देखेपछि शोक मग्न भएका थिए ।[३२] आफैले छोरालाई पशुपति आर्यघाटमा जलाएका थिए । १९७१ साल भाद्र २७ का दिन छोराको निधन हुनु अघि मुक्तिका लागि छोरी उमा कुमारीलाई चैमासु डोलको (हाल महारागन्ज) जग्गा १०।१८।३।२ दशदान गरी दिएका थिए ।[३३] सो जग्गा १९७१ पौष ५ गते रोज ७ मा दानपत्र आफ्नै स्वहस्त अक्षरले लेखी छोरीलाई दिएको उल्लेख छ । यसरी राजीवलोचन जोशीको जीवनकालमा पारिवारिक वियोगले निकै खिन्नताको आवास पाएका थिए । यसरी परिवारबाट राम्रो सन्तुष्टि प्राप्त नभए तापनि साहित्य सिर्जन गर्नतर्फ अग्रसर चाहिँ रहेकै थिए भन्न सकिन्छ ।

[३१] दिनेशराज पन्त, **राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी**, पूर्ववत् पृष्ठ १६ ।

[३२] पूर्ववत्, पृष्ठ १० ।

[३३] ऐजन् ।

## २.६. वासेवास

राजीवलोचन जोशीले **पतिव्रता धर्म**को (१९५२) पृष्ठ ५७ मा आफ्नो नाम, बसोबास यसरी उल्लेख गरेका छन् :

वासस्थान् हो कान्तिपुर्को मरूटोलमा

जोशी थर् हो नाम राजीवलोचन

त्यसो हुनाले तिनताकसम्म ती सोही टोलका निवासी थिए । केही समयपछि ती रक्तकालीमा सरेको स्पष्ट हुन्छ ।[३४] त्यही ठाउँमा राजीवलोचन जोशीका भतिजा राजाराम पनि त्यही ठाउँमा बसोबास गर्दै आएका छन् ।

## २.७. साहित्यिक सेवा

नेपाली साहित्यको माध्यमिक कालमा देखापरेका राजीवलोचन जोशीले उज्ज्वल तथा उपदेशमूलक कृतिहरू दिएर साहित्यको सेवा गरेका छन् । साँच्चै भन्नुपर्दा राजीवलोचन जोशी नेपाली काव्य साहित्यको प्रारम्भिक र मध्यकालको सन्धि गराउने महत्त्वपूर्ण ठहरिनुका साथै भक्ति, नैतिक एवम् आध्यात्ममूलक, सामाजिक एवम् परम्परागत व्यङ्ग्य, श्रृङ्गारिक भावप्रधान रचना लिएर देखा परेका हुन् । उनका कृतिहरूमा 'केदारकल्प', 'चानक भाषा श्लोक', 'पतिव्रता धर्म' र **'विस्मतहर्ष तरंगिनी'** आदि कृतिहरू नेपाली साहित्यलाई दिएर साहित्यको उल्लेखनीय सेवा गरेका छन् । आफ्नो जीवनमा जतिसुकै पीडा, व्यथा भए तापनि उनी निरन्तर रूपमा साहित्यको सेवा गरिरहेका थिए । काठमाडौँ मोतीमण्डलीका जेठा सदस्यका रूपमा रहेर विभिन्न समस्यापूर्ति कविता रच्नु तथा अरू लेखक कविहरूलाई कविता लेख्न प्रोत्साहित गर्ने कवि राजीवलोचन जोशीको निकै साहित्यिक योगदान रहेको पाइन्छ ।

माध्यमिक नेपाली साहित्यका थालनीका मोतीराम भट्ट तथा पुछारतिरका शम्भुप्रसाद ढुङ्गेल दुवै आफ्ना-आफ्ना कालका गौरवमय शिखरपुरुष हुन् । गौरीशङ्कररूपी काव्यका शिखरयुग्मका एकमा मोतीराम र अर्कामा शम्भुप्रसाद चिरस्मरणीय अघीश्वर भए । सो शिखर युग्मका अघोभागमा अघिवासी हुने कविहरूमा राजीवलोचन पनि पर्छन् ।[३५] काठमाडौँमा स्थापित मनोरञ्जन प्रेसको अवस्थिति १९१९ तिरै देखिए तापनि त्यसको प्रकाशित साहित्येतर थिए ।

[३४] घटराज भट्टराई, **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, (काठमाडौँ : २०४०), पृष्ठ १० ।

[३५] ईश्वर बराल, पूर्ववत्, पृष्ठ १३ ।

मुद्रणका अभावले गर्दा काठमाडौँ तथा देशका अन्य भागका अनेक लेखक प्रसिद्ध हुन सकेनन् । १९४० तिर काशीमा डमरुवल्लभ पोखरयाल, हरिहरशर्मा आदि नेपाली प्रकाशनका रूपमा अगुवा भएका थिए । तिनका प्रकाशनले नेपाली साहित्यको अवरुद्ध कपाट उद्घाटित हुने सौभाग्य जुऱ्यो । त्यो समयमा काशीमा १९४० मा स्थापित भारतजीवन छापाखानाले केही कालसम्म नेपाली भाषाका पुस्तकको प्रकाशन गर्न थालेको थियो । ती प्रकाशनले नेपाली साहित्यका प्राङ्गणमा सिंहभाग ओगटे । भारतजीवन छापाखानाका हाराहारी विश्वराज हरिहर शर्माका स्वामित्वको गोर्खा पुस्तकालय पनि देखा पऱ्यो । त्यसका केही कालपछि मोतीकृष्ण धीरेन्द्र, पं नरदेव मोतीकृष्ण शर्मा आदि थरिका नाउँमा सञ्चालित पाशुपत छापाखानाले काठमाडौँस्थित ठहिटी आठतबाट पुस्तक प्रकाशित गर्न थाल्यो । पं. तारानिधिद्वारा संस्कृतमा प्रणीत एवम् राजीवलोचनद्वारा नेपालीमा अनूदित **पतिव्रताधर्म**, राजीवलोचनका **विदुरनीति** एवम् **केदारकल्प** यी कृति सोही पाशुपत छापाखानाका प्राथमिक प्रकाशन हुन् ।[३६] यही छापाखानाबाट राजीवलोचन अनुवाद तथा मौलिक साहित्य सिर्जना गरे । साहित्यको माध्यमिक काल अन्धकार युग रहेता पनि कवि राजीवलोचन जोशीले समसामयिक परिवेशमा अनमोल कृति लेखेर अनुकरणीय योगदान दिएको स्पष्ट हुन्छ ।

## २.८. वंशानुगत पृष्ठभूमि र राजीवलोचन जोशीको कविव्यक्तित्वसँग त्यसको सम्बन्ध

राजीवलोचन जोशीका कविव्यक्तित्व र उनका वंशानुगत पृष्ठभूमिकाबीच पनि गहिरो सम्बन्ध रहेको देखिन्छ । उनका पुर्ख्यौलीतर्फ विचार गर्दा खिलशर्मा जोशी पण्डित भएकाले उनमा रहेका पाण्डित्य प्रभाव जोशीमा परेको अनुमान गर्न सकिन्छ । यिनका पूर्वज राजकीय परिवारसँग पनि सम्बन्धित थिए । राजदरबारका नजिक भएकै कारणले राणाहरूलाई रिझाउनका लागि भए पनि श्रृङ्गारिक भाव भएका श्लोकहरू राजीवलोचनका पुर्खाहरू सुनाउँथे । यसकै प्रभावस्वरूप कवि राजीवलोचन जोशीका पनि दरबारमा जाने र राणाहरूलाई मनोरञ्जन प्रदान गर्नका लागि भए पनि २-४ श्लोक सुनाउने गरेको पाइन्छ । पुर्खाको कवित्व शक्ति हु-बहु रूपमा नभई केवल आंशिक कवित्व प्रभाव राजीवलोचनमा परेको थियो भन्न सकिन्छ ।

---

[३६] ऐजन् ।

## २.९. साहित्यिक प्रेरणा र प्रभाव

राजीवलोचन जोशीका पूर्वजरूलाई अध्ययन गर्दा उनीहरूले साहित्य सिर्जना गर्नतर्फ चासो देखाएको थिएनन् । अथवा अध्ययन अनुसन्धान गर्दा पत्ता लगाउन सकिएको छैन । केवल सेढाइ थर भए पनि राजदरबारमा ज्योतिषको काम गरेको हुनाले प्रसिद्धि पाएर जोशी थर भएको माथिबाटै प्रस्ट भइसकेको छ । तसर्थ एकैचोटि राजीवलोचन कसरी साहित्य सिर्जना गर्नेतर्फ अग्रसर भए ? यो प्रश्नको उत्तर पाउन अझ अनुसन्धानको खाँचो नै देखिन्छ । यो प्रश्नको उत्तर पाउनका लागि राजीवलोचन जोशीलाई नजिकैबाट नियाल्ने श्री राजाराम जोशीलाई पनि थाहा नभएको जनाइएको छ । फेरि साहित्यतर्फ राजीवलोचनका छोरा नातिमा पनि सरेको पाइदैन । जे होस् राजीवलोचन जोशीले प्रख्यात विद्वान् वाचस्पति पन्तसँग पढेका थिए । वाचस्पति पन्तका मातहतका दशजना शिष्यमध्ये यिनी एक थिए भन्ने कुरा दर्शाउँछ ।[३७] यिनै प्रख्यात विद्वान् वाचस्पतिबाट पनि राजीवलोचन जोशीले प्रेरणा पाएको अनुभव गर्न सकिन्छ । यिनी मोतीराम भन्दा जेठा सदस्य भएता पनि मोतीराम भट्टको अनुसरण अथवा अवलम्बन गरेको पाइन्छ । मोतीमण्डलीका सदस्य भएर विभिन्न कवि तथा लेखकहरूसँग सहकार्य गरेर पनि राजीवलोचने जोशीले प्रेरणाको स्रोत पाएका थिए । राजीवलोचन जोशीलाई भानुभक्तीय भाषा शैलीको पनि निकै प्रभाव परेको थियो । यसको उदाहरणका रूपमा भानुभक्तीय भाषा तन्त्रको छहारीमा बसेर 'केदारकल्प' जस्तो काव्य सिर्जना गरेको देखिन्छ । जोशीको बढी सम्पर्क राजदरबारमा राणाहरूसँग भएकोले श्लोकहरू भन्न लगाउने र भन्ने बानीले गर्दा जोशीलाई साहित्य सिर्जना गर्नमा प्रेरणा मिलेको थियो । तत्कालीन समयमा रहेर पनि विभिन्न सामाजिक यथार्थ विषयवस्तु टिपेर सरल, सरस शब्दशैलमि काव्यात्मक रूप दिई मानवलाई नैतिक ज्ञान चखाउने जोशीको निकै शिल्पकारिता रहेको पाइन्छ । माध्यमिक कालको मुख्य प्रवृत्ति श्रृङ्गारिक भावधारालाई आत्मसात् गर्दै धार्मिक तथा आध्यात्ममूलक नीतिउपदेश सामग्री दिनु नै नेपाली साहित्यको लागि गौरवपूर्ण महत्व ठहरिन्छ ।

[३७] शरद्चन्द्र शर्मा भट्टराई, **खोजी अनि व्याख्या**, (काठमाडौँ : ने.रा.प्र.प्र. २०५६), पृष्ठ १३० ।

### २.१०. रुचि, स्वभाव र सत्सङ्ग

संसारमा प्रत्येक व्यक्तिका आकार, रुचि र स्वभाव एकअर्कासँग मिल्दैन । किनभने प्रत्येक व्यक्तिमा आफ्नै खालको रुचि र स्वभाव हुन्छ । विशेषतः यही रुचि र स्वभावका कारण कुनै पनि व्यक्तिको पहिचान गर्न सकिन्छ । व्यक्तिको रुचि र स्वभाव उसको बाल्यवस्थादेखिको पारिवारिक र सामाजिक वातावरण, घरपरिवार, अभिभावक र साथी-संगतिको सहचार्य एवम् अनुकरणअनुसारको मर्यादासम्मत स्थिति, शिक्षा दीक्षा आदि विविध परिवेशबाट विकसित हुन्छ ।

समाजमा भरसक आफू प्रतिष्ठित हुने र शान्तिपूर्ण तवरले परिवारको लालनपालन गर्नलाई आफू योग्य हुने जस्ता ध्येय सबैमा हुन्छन् । तर विशिष्ट व्यक्तिहरू त्यस्ता ध्येयभन्दा माथि उठेर आफ्नो छुट्टै गोरेटो निर्माण गर्न ध्येय राख्छन् । त्यस्ता व्यक्तिहरू त्यति व्यावहारिक नभई आफ्नै अडानमा रहने स्वभावलाई हुर्काएका अलग्गै स्वभावका हुन्छन् । कवि राजीवलोचन जोशी पनि यस्तै प्रवृत्तिका देखिन्छन् । उनी दरबारमा बढी सम्पर्क गर्न र चाकरी गर्ने प्रवृत्ति वा स्वभावका थिए । राजीवलोचन जोशी जङ्गबहादुरका छोराको चाकडीमा जान्थे । त्यो समयमा हुक्का तान्ने चलन हुँदा विभिन्न व्यक्तिका हुक्का लाम लगाइ राखेको हुन्थ्यो । राजीवलोचनले आफ्नो हुक्का मुन्तिर "राजीवलोचन् कविको त हुक्का जस्ले त खाला उसलाइ मुक्का" लेखेर राखेका थिए । यसबाट उनी विनोदी र खरो स्वभावका पनि देखिन्छन् ।[३८] यिनी केदारकल्पमा केदारको मन्दिर र कुण्डेको बयान गरेको पढ्दा यिनी जवान अवस्थामा नै केदार तीर्थ गएको र वद्रीनाथको दर्शन गरेको हुन सक्दछ । उत्तराञ्चलका विकट तीर्थहरूमा त्यो समयमा जाँदा तीन महिनासम्म पहाडका सबै भाग पैदल हिड्नु पर्ने भएकाले साथीहरू मिली अनुकूल समयमा जाने गर्दथे । यिनी गान्जिफा खेल निकै रुचिका साथ खेल्दथे ।[३९] राजीवलोचन जोशी लप्टन हुँदा लाम्चो खालको र चुच्चो परेको टोप लगाउनमा निकै रुचि थियो भनिन्छ ।[४०] मोतीमण्डलीका सदस्यहरूका अगुवा नभए पनि शीर्षस्थानीय व्यक्ति चाहिँ थिए । मोतीरामले राजीवलोचन जोशीलाई कविशिरोमणि पदले विभूषित गराउनु युक्तिसंगत नै थियो । नेपाली साहित्यका विकासका निम्ति सर्वतोभावेन समर्पित प्राण, लेखकहरूलाई

---

[३८] निन्यराज पाण्डे, पूर्ववत्, पृष्ठ ८ ।

[३९] ऐजन् ।

[४०] ऐजन्, पृष्ठ ९ ।

उत्साहित गर्न अविचल स्वभावका हुनाले मोतीरामले राजीवलोचनलाई उक्त अभिधाले सप्रशंसा अभिनन्दन गर्नु सोही स्वभावको साक्षात् प्रतिविम्बन हो ।[४१] प्रायः गरी मोतीमण्डलीका सदस्यहरूसँग सत्सङ्ग गरेर साहित्य सिर्जनातर्फ अग्रसर रहने राजीवलोचन जोशीको लक्ष्मीदत्त पन्तसित पनि उत्तिकै सम्बन्ध रहेको थियो । राजीवलोचन जोशीको नेपाली साहित्यको माध्यमिक कालका वीरबहादुर मल्ल (१९०४-६०), छविलाल नेपाल (१९०५-७९) होमनाथ खतिवडा (१९११-१९८४), पद्मविलास पन्त (१९१९-८८), शिखरनाथ सुबेदी (१९२१-२००५), रमाकान्त बराल (१९२१-८९), लक्ष्मीदत्त पन्त (१९२२-६२), भुवनप्रसाद ढुंग्याल (१९२२-३३), चिरञ्जीवी पौड्याल (१९२४-१९९७), गोपीनाथ लोहनी (१९३०-७४), पहलमानसिंह स्वाँर (१९३५-९१) आदि कविसमूहका व्यक्तिहरूसँग सत्सङ्ग थियो नै भन्न सकिन्छ ।

## २.११. जागीरे जीवन

१९४२ सालमा शक्तिशाली भएका राणा परिवारलाई पनि जागिरे जोशी हुँदा मान्न पर्ने हुन आयो र उनीहरूको प्रशंसा पनि यिनले गरे । ब्राह्मणहरू पनि आफ्नो योग्यता अनुसार लडाइँमा जान्थे । वीरभद्र पाठक, लडाइँमा रहेको श्री ५ पृथ्वीनारायण शाहको दिव्य उपदेशमा उल्लेख भएको छ । यसमाथि केही ब्राह्मण साइत हेर्न र पत्रहरू लेख्न समेत भर्ना हुन्थे । १९३० मा लप्टनी दर्जाको विषयमा विवाद रहेको थियो । कवि राजीवलोचन जोशी १९२० मा पाल्पा स्थित भवानी दलमा लप्टन भएको कुरा स्पष्ट हुन सकेको छैन । १९३३ साल वदी १ रोज देखि ०३४ साल मार्ग सुदी १५ को अभिलेख किताबमा जिल्ला बुटवल तर्फ घाण गङ्गा काठ महालको लप्टन खड्गबहादुर खत्री क्षेत्रीको महलमा १९३३ साल माघ सुदी रोज १० कँरु ६०० मा राजीव जोशी (लोचन किताब सिउँदा भित्र परेकाले पढ्न नसकिएको) नेपाल सरहद भनी लेखेको देखिन्छ । फेरि १९३५ सालको खड्गबहादुर खत्री क्षेत्री खान्गी थप भई लप्टन रहिरहेको देखिन्छ ।[४२] भवानी दल पाल्पा गौडामा बस्ने जर्नेलको तैनाथमा पाल्पाको ठाडामा (हाल अर्घाखाची कपिलबस्तु तराइबाट पत्थरकोट भएर पस्ने पहाडको नाका भएको हुँदा सुरक्षाको लागि भवानीदल पल्टन लप्टनको अधीनमा रहेको देखिन्छ ।[४३] पुरानो पद्य सङ्ग्रहको कवि परिचयमा लप्टन भएको उल्लेख छ भने बावुराम आचार्य र ईश्वर वरालले भवानी

[४१] ईश्वर बराल, पूर्ववत्, पृष्ठ १३ ।

[४२] नित्यराज पाण्डे, पूर्ववत्, पृष्ठ ८ ।

[४३] ऐजन्, पृष्ठ ९ ।

दलको लप्टन मानेका देख्दा लप्टन भएको मानिन्छ । वि.सं. १९४९ मा प्रकाश भएको गफाष्टक भित्रको कालिकाष्ठकको एक ठाउँमा लप्टन भएको उल्लेख भएकोले त्यस ताका लप्टन भइसकेका देखिन्छ । “भीम शमशेर मलहा नियाँ नदी सहज तार्न्य उनै एक आज”[४४] भीम शमशेर न्याय दिन र उनको अरू गुण समेत देखाई प्रशंसा स्वरूप नदी तार्न मलाहा ( माझी) भनी कविले सोझैपनाले बयान गर्दा उल्टो अर्थ लगाइ भीमलाई छोटो जाति भनेको दोष लगाइयो ।[४५] त्यो समयमा आफूले गरेको केही काम कुराका विरुद्ध उजुर परेकाले र लप्टनी जागीर जोगाउन आफ्ना पक्षमा इन्साफ पाउनका निम्ति तिनले न्यायफाँटका ताल्लुकवाला भीमशमशेरलाई गुहारेर आकुलित “नियानदी” तार्न सक्षम “मलहा” अर्थात कर्णधार (नाविक) ठहऱ्याएर तद्विध उत्प्रेक्षाको प्रयोग अमल अभिप्रायले हनन् गरे तापनि रकमी छक्कापन्जाकाहरूले त्यसको अनिष्टकारी अर्थ लगाए । कविले भीमशमशेरलाई “मलाह” अर्थात् छोटा जातमा दरिने माझी भनेर राणा भई उच्च जातका भइसकेकालाई सरासरी होच्याई हियाएका नै हुन् भन्ने द्विअर्थ लगाइयो ।[४६] फलस्वरूप मानहानि गरेको आरोप लगाई लप्टनी जागिर देखि उनी खोसुवा भए । राज पृथ्वीवीर विक्रमलाई कविता गर्न सिकाउने राजकाज गरेवापत जागिर खोसिएको वालकृष्ण समको मोतीराम नाटक (पहिलो संस्करण) पृष्ठ २०० मा समेत उल्लेख गरिएको छ । यसरी राजीवलोचन जोशीको जागीरे जीवन समाप्त भयो ।

## २.१२. **सम्मान तथा पुरस्कार**

लगनशील, सत्यनिष्ठ, परिश्रमी भएर निःस्वार्थ भावले देश र समाजको भलाइमा लाग्ने व्यक्तिहरूले ढिलो चाँडो जहिले पनि सम्मानित हुने मौका अवश्य पनि पाएका हुन्छन् । उनीहरूको परिश्रम र इमान्दारी धेरै समयसम्म ओझेलमा पर्न पाउँदैन । जसरी कस्तूरीको सुगन्ध लुक्न सक्दैन । त्यसै सत्य र यथार्थलाई आगोको ज्वालालाई झैँ कसैले लुकाउन सक्दैन । त्यो आफ्नै प्रकाश र गुणका कारण जनसमक्ष उज्यालो भएर आफ्नो पहिचान सुबुद्ध वुद्धिजीवी समाजमा स्थापित गराएरै छोड्छ । कवि राजीवलोचन जोशी माध्यमिक कालको नेपाली भाषा र साहित्यलाई अनवरत रूपमा संघर्ष गरी विशिष्ट व्यक्तित्वका रूपमा स्थापित भएका छन् ।

---

[४४] ऐजन्, पृष्ठ ९ ।

[४५] ऐजन्, पृष्ठ १० ।

[४६] ईश्वर बराल, पूर्ववत्, पृष्ठ ५ ।

अनुसन्धानको अभावले उनले उचित मान सम्मान तथा पुरस्कार नपाए तापनि उनको साहित्यिक रचनाको मूल मर्म बुझ्नेहरूले खुबै प्रशंसा गरेको पाइन्छ । अतीतका गर्भमा लुकेका महान् प्रतिभालाई खोजी गरी उनीहरूको उचित मूल्याङ्कन गर्नुपर्ने हुन्छ । तर राजीवलोचन जोशीको व्यक्तित्वलाई नजिकैबाट नियाल्ने २-४ जना विद्वान्‌हरू देखिन्छ । राजीवलोचन जोशीलाई 'कविशिरोमणि'को उपाधि पहिलो पल्ट मै मोतीराम भट्टले दिए ।[४७] राजीवलोचनका रचनाहरूले त्यसताक निकै नै प्रभाव जमाएकोले उनलाई 'कविशिरोमणि'को उपाधि वा सम्मान प्राप्त भएको देखिन्छ । राजीवलोचन जोशीले गरेका परिश्रम र मेहनत तथा उनको लगनशीलताले हाम्रो विद्वत्‌समाजमा अग्रगण्य स्थान ओगटिसकेको छ र उनले समयसमयमा जनस्तरका अतिरिक्त जागिरका क्रममा उनका श्लोकहरू सुन्दा प्रशंसा गरेको देखिन्छ । तत्कालीन युगमा कवि साहित्यकारको उचित मूल्याङ्कन सायदै कम भएको कवि राजीवलोचन जोशीको उचित सम्मान वा पुरस्कार प्राप्त नभएको स्थिति देखिन्छ ।

## २.१३. **संस्कार कर्महरू**

नेपाल हिन्दू राष्ट्र हो तापनि यहाँ विभिन्न धर्मावलम्वीहरूको समेत संयुक्त बसोबास छ र सबै धर्म-सम्प्रदायलाई हिन्दू धर्मको धार्मिक सहिष्णुताले समेटेर सबैमा सामञ्जस्य राखेको छ । हिन्दू धर्मको मान्यता अनुसार- "एक सद् बहुद्या वदन्ति"[४८] अर्थात् एउटै ईश्वर छ तर मेधावीहरूले अनेक रूप र नामका रूपमा लिन्छन् भन्ने धारणा दृढ रहेको छ । यसलाई "सर्वदेव नमस्कार भगवान केशवलाई नै हो ।" जसरी आकाशका अनेकौं बर्षाधाराबाट अनेक रूपमा अनेक मार्गबाट बगेका नदीहरू समुद्र मै मिल्दछन्" भन्ने धारणा शिवमहिम्न स्तोत्रको -" "नृगार्णमेको गम्यस्त्वमसि पयसामर्गव इव" पद्यले स्पष्ट गरेको छ । त्यही मान्यता र धारणाले नेपाल अनेकौ धर्म र संस्कृति र जातजातिलाई समेत एउटै राष्ट्रिय एकताको सूत्रमा उनेको छ । यहाँ सवै धर्मावलम्वीहरूका आ-आफ्नो खालका विभिन्न मान्यता र संस्कारहरू छन् । सनातन देखि हिन्दू धर्मावलम्वीहरू जन्मदेखि मृत्युपर्यन्त विभिन्न संस्कार कर्महरू गर्न प्रचलन रहेको पाइन्छ । त्यसमा पनि ब्राह्मण वर्गमा यो अन्य वर्गका तुलनामा बढी कठोरताका साथ लागू हुन्छ । त्यस मध्ये चूडाकर्म, व्रतबन्ध, विवाह, मृत्यु संस्कार र अन्त्येष्टिलाई मुख्य

[४७] ऋृगवेद ।

[४८] देवशास्त्री (सम्पा) **बृहतस्तोत्र रत्नकार**, ई.सं. १९६८, पृष्ठ १४६, श्लोक ७ ।

मानिन्छ । राजीवलोचन जोशी सेडाइ थरका भए तापनि ज्योतिषको काम पुर्खाहरूले गर्दै आएको हुनाले त्यही वातावणमा हुर्केका हुँदा उनका यी सबै संस्कार कर्महरू यथासमय हुँदै आएको पाइन्छ ।

## तेस्रो परिच्छेद

# राजीवलोचन जोशीको व्यक्तित्व

कुनै पनि व्यक्तिको समग्र जीवन केलाउँदा उसको जीवनमा अनेकौं मोड र आयामहरूको अवलोकन गर्नुपर्ने हुन्छ । यसमा उसले आर्जन गरेको योग्यता, कुशलता, शीप र साधना अनि उसका पारिवारिक र सामाजिक सम्बन्धको पनि उत्तिकै भूमिका हुन्छ । यस दृष्टिले राजीवलोचन जोशीको व्यक्तित्व पक्ष कतै जागिरदारका रूपमा, कतै लेखक कविका रूपमा, कतै ज्योतिष सम्बन्धी ज्ञान बारेमा भने कतै अनुवाद व्यक्तित्वका रूपमा बहुआयामिक हाँगा फिजाउँदै छहारी दिने एउटा वृक्षका रूपमा प्रतिष्ठित रूपमा रहेर मोतीराम भट्टले अवलम्बन गरेको श्रृङ्गारिक धारामा रहेर साहित्य सिर्जना गरेको देखिन्छ । माध्यमिक कालको मूल प्रवृत्ति भनेको नै श्रृङ्गारिकता हो । यस अवधिमा शिष्ट अशिष्ट एवम् सम्भोग र विप्रलम्भ श्रृङ्गारका साथै मौसम परिवर्तनसँगै हुने श्रृङ्गारिक परिवर्तनको चित्रण पाइन्छ । नेपाली कविताको माध्यमिक काल मुद्रण र प्रकाशनको युग हो । प्राथमिककालीन मूल प्रवृत्तिलाई निरन्तरता प्रदान गर्दै संस्कृतबाट अनुवाद रूपान्तरण गर्ने कार्य पनि निरन्तर भएको पाइन्छ । यस समयमा कविताका लघुतम, लघु, फुटकर र खण्डकाव्यजस्ता रचनाहरू भएका छन् । श्रृङ्गारिकताका साथै नीति शिक्षा र औपदेशिक प्रवृत्तिका कविता पनि रचिएका छन् । यस अवधिका कविहरूले सोद्देश्यमूलक ढङ्गले नभई आंशिक रूपमा प्रकृतिको चित्रण ज्यादै सटीक ढङ्गले गरेका छन् । जातिगत आलोचना प्रशंसा, प्राकृतिक र श्रृङ्गारिक विम्ब र प्रतीकको प्रयोग गरी वर्ण र शब्दको पुनरावृत्ति गरी तुकबन्दीयुक्त लयात्मक र अनुप्रासीय कविताको सिर्जना गरेका छन् । मूलतः राजीवलोचन जोशीले पनि यस्तै परिवेशमा रहेर सिर्जना गरेको देखिन्छ । त्यो समयमा राणाहरूको गुणगान गाउनु र सुरा-सुन्दरीको यौवनको वर्णन गर्नु सिवाय अरू केही हुँदैन थियो । जोशीले पनि राणाहरूको प्रशंसा गर्नु उनीहरूलाई खुशी पार्नु र रिझाएर जागीर खानु नै जोशीको मुख्य कार्य हुन्थ्यो । माध्यमिक कालको त्यस्तो अन्धकारमय युगमा कविता रच्नु राणाहरूलाई खुशी पार्नु, संस्कृतबाट नेपाली अनुवाद गर्नु तथा ज्योतिषमा पनि उत्तिकै हुनाले उनलाई वहु आयामिक व्यक्तित्वका रूपमा लिन सकिन्छ । गहुँगोरो वर्णका ठिक्क खालका देखिने राजीवलोचन जोशी निकै जाँगरिला र उत्साही देखिन्थे । हुनत जोशीलाई पारिवारिक वियोग भए तापनि साहित्य लेखनमा उत्तिकै कलम चलाएका पाइन्छ । जे होस्

राजीवलोचन समग्र जीवनलाई केलाउँदै जाँदा उनलाई संक्षेपमा निम्न प्रकारका व्यक्तित्वमा समेट्न सकिन्छ । (क) लेखक साहित्यकारका रूपमा, (ख) कवि व्यक्तित्वका रूपमा, (ग) अनुवाद व्यक्तित्वका रूपमा, (घ) जागीरदार व्यक्तित्वका रूपमा यी माथिका सबै व्यक्तित्व राजीवलोचन जोशीमा प्रस्टसँग देख्न सकिन्छ ।

### ३.१. **लेखक साहित्यकार**

माध्यमिक कालीन त्यति बेलाको पढाइ कुनै शिक्षण संस्थाको प्रमाण-पत्र सहित सम्बद्ध नभए पनि राजीवलोचन जोशी प्रकाण्ड विद्वान्का रूपमा स्थापित भएका छन् । त्यो जमानामा जुन विषय लेख्ता पनि कारिन्दे तरिका अपनाइन्थ्यो । नेपाली कागत वाग्लुंगे प्रसिद्ध थियो । खप्तड भन्ने ठाउँमा पाइने निगाला बाँसको कलमलाई सरि भनिन्थ्यो । आफ्नै घरको ध्वाँसो मोसो अमिलो आदिबाट कालो मसी बनाइन्थ्यो । पद्य पनि गद्य जस्तै पारेर लेखिन्थ्यो । छाप्ने चलन भर्खर आएको बेला त्यस्तै छापिन्थ्यो पनि । ज्ञ ख जस्ता अक्षरलाई पनि ग्य, ष प्रयोग गर्न अझै पनि अड्डा खानमा चलन रहिरहेको छ । चरणबद्ध रूपमा लेखिएका र नछापिएका श्लोकहरूलाई संख्या बुझाउन दिइने अंकको आधारमा चिन्नुपर्थ्यो । त्यस्तो समयको परिवेशमा पनि कवि जोशीले कच्ची नेपाली भाषामा सिलोक लेख्नुका साथै जोस जाँगर चलाएर आफ्नो लेखकीय व्यक्तित्वलाई उज्ज्वल रूप दिएर साहित्य सिर्जन गरेको देखिन्छ ।

राजीवलोचन जोशीका रचनाहरू कहिले प्रकाशन कुन सालमा र कसले गऱ्यो किटेर भन्न धेरै सजिलो छैन । केही रचना अर्काका नाउँमा १९४७-४९ मा प्रकाशित भएको भने पाइएको छ ।[४९] राजीवलोचन जोशीका रचनाहरूमध्ये '**केदारकल्प**', '**रुरुक्षेत्र कथा**' तथा '**गञ्जिफाष्टका**'को सर्वप्रथम उल्लेख मोतीराम भट्टले १९४३ पौष शुक्ल ६ मा स्वरचित ( श्रीकवित राजीवलोचन वर्णनम) मा गरे ।[५०] यसबाट सो साल अथवा अघि ती प्रकाशित भए तापनि त्यो सालका प्रकाशित प्रति पाइएका छैनन् । जोशीको **रुरुक्षेत्र**का अझैसम्म पत्ता लागेको छैन । राजीवलोचनकृत '**गञ्जिफाष्टक**' र **कालिकाष्टक**' को उल्लेख उक्त स्वरचित कवितामा गरेनन् । यसको रहस्यभेद गर्न सकिन्न पनि ।[५१] भारतजीवन छापाखानाबाटै १९४८ मा दीर्घमानकृत सत्यनारायण भाषा (रचनाकाल १९३७) प्रकाशित भएको थियो । राजीवलोचन

---

[४९] ईश्वर बराल, पूर्ववत्, पृष्ठ ७ ।

[५०] ऐजन् ।

[५१] पूर्ववत् ।

जोशीको अर्को महत्वपूर्ण कृति 'केदारकल्प' यथार्थतः कुन सालमा कुन संस्करण कुन प्रकाशनबाट छापियो भन्ने प्रश्नको उत्तर बाभ्फो रहित छैन । काठमाडौं वटुटोलनिवासी जनैक पं. अमृतार्क पन्तद्वारा यो १९४१ माघ शुक्ल ५ मा छापिएको थियो । पुनः यो १९६१ मा पं. नरदेव मोतीकृष्ण शर्माद्वारा पुशपत छापाखानाबाट नीज कविका आज्ञानुसार प्रकाशित भएको थियो । यसको मुखावरणमा द्वितीय वार भनी जनाइएकाले सो दोस्रो संस्करण हो भन्ने देखिन्छ । १९७० मा फेरि "नीज कविका आज्ञानुसार" सोही पशुपत छापाखानाबाट तृतीय पटक छापिएकोले सो तेस्रो संस्करण हो भन्ने प्रष्टिन्छ[५२] राजीवलोचन तथाकथित सत्य दुर्गाभाषा, सत्यहरिश्चन्द्र कथा एवम् गणेशस्तोत्रभाषा पाइएको देखिदैन । **रुरुक्षेत्रकथा** जस्तै गणेश स्तोत्रभाषा पनि मासिएको अनुमान गर्न सकिन्छ । संस्कृतबाट नेपालीमा अनुवाद गरिएको ( १९५०) पाण्डुलिपि पनि फेला परेको दैखिदैन । राजीवलोचन जोशीका भतिजा राजाराम जोशीले पनि पत्ता लगाउन सकेका छैनन् । नेपाली समाजमा **चाणक्यनीति** व्यापक पठनपाठन एवम् व्यवहार भएको थाहा पाएर इलामबासी जनैक जगन्नाथ पौडेलले राजीवलोचनप्रणीत चानक भाषा श्लोकको नाउँ फेरि बुद्धिचानक भाषाश्लोक नाउँ १९२४ (वि.सं. १९८० अथवा ८१ मा सर्वहितैषी कम्पनी, काशीबाट छपाए । तद्विध चौरकार्यका पुष्पिकामा जगन्नाथ पौडेलका गलढ्याग्रा शैलीका स्वरचित तीन श्लोक बाहेक शेष श्लोक राजीवलोचनका उक्त कृतिका हुन् ।[५३] उनको अर्को महत्वपूर्ण पुस्तक "**पतिव्रताधर्म**" १९५२ मा प्रकाशित भएको देखिन्छ । राजीवलोचन जोशीका अन्य कृतिको प्रकाशनकाल निम्नांकित रहेका छन् :

१. श्लोकसङ्ग्रह (काठमाडौं, सङ्कलित पद्यावली)
२. विदुरनीति, पं. नरदेव शर्मा विरचित '**शङ्खमूलयात्रा**'बाट आरम्ब, काठमाडौं, (१९६५), पद्याख्यायिका ।
३. **विस्मातहर्षतरङगिणी** (१९६८) पृथ्वी वीर विक्रमका देहावसानमा शोकेद्गार एवम् त्रिभुवन वीर विक्रमका राज्यारोहणमा हर्षोद्गार (नयराज पन्त, राजीवलोचनको **विस्मातहर्षतरङगिणी**, नेपाली, ५८ २०३० माघ, फागुन चैन ललितपुर, पृ. ३९-४५)
४. श्यामजीप्रसाद शर्मा अर्ज्याल सम्पादित सूक्तिसिन्धु (हाँडीगाउँ, काठमाडौं, १९४७) मा श्रृङ्गार रसका ३ श्लोक ।

---

[५२] पूर्ववत् ।

[५३] शरदचन्द्र शर्मा भट्टराई, 'चानक् भाषा श्लोकको अपहरण' कान्तिपुर, २०५१ साउन १, कोसेली ख) ।

राजीवलोचनकृत अज्ञातकालको कूटकविता श्यामजीप्रसाद शर्मा अर्ज्यालका निजी सङ्ग्रहमा रहेको पाइन्छ । यो सङ्ग्रह शरदचन्द्र शर्मा भट्टराईसित छ । त्यो कूटकविता अद्यावधि अप्रकाशित छ ।[५४]

राजीवलोचन जोशीले माध्यमिककालीन राणाहरूको निरंकुश शासनमा रही विभिन्न साहित्यिक कृति दिएर नेपाली साहित्यको भण्डारमा ठूलो योगदान गरेको नै देखिन्छ । उनले लेखेका साहित्यिक कृतिहरू कतिपय चोरी भएको अवस्थमा पनि छन् र ती अनुपलब्ध कृतिहरू हालसम्म फेला पार्न सकिएको छैन । जे जति फेला परेका छन्, तिनीहरूको विश्लेषण अर्का अध्यायमा गरिने छ । माध्यमिककालीन परिवेशमा राजीवलोचन जोशीले मोतीराम भट्टले नेतृत्व गरेको श्रृङ्गारिक भावधारालाई साहित्य सिर्जनाको केन्द्रविन्दु बनाएका छन् । भक्ति, नैतिक एवम् अध्यात्मिक विषयवस्तु जोशीको लेखकीय माध्यम बनेको छ । नायक नायिकाको हाव, भाव कटाक्ष तथा सुरा-सुन्दरीको खुब बयान गर्न माध्यमिक कालका लेखक साहित्यकार त्यसैमा लीन भएका छन् । त्यो किसिमको सिर्जना गर्नु पनि त्यतिखेरका लेखक साहित्यकारलाई बाध्यता पनि थियो । राणाकालीन समयमा स्वयम राणाहरू पनि सुन्दरीहरूमा चाख दिने हुनाले त्यस किसिमको साहित्यमा रुचि राख्दथे । लेखक साहित्यकारहरू पनि शासकहरूलाई स्तुति गर्न गुणगान गर्ने भएकाले त्यतिखेरको मूल प्रवृत्ति भनेको नै श्रृङ्गारिकता थियो । अन्य नीति उपदेशमूलक भावधारमा वहेर लेखनलाई अगाडि बढाएको देखिन्छ । यस्तै परिवेशमा राजीवलोचन जोशीले पनि राणाहरूको गुणगान, प्रशंसा आदि गर्न र यौवनले उन्मत्त भएका युवा युवतीको यौवनलाई खुलेआम चरित्र चित्रण गर्ने जस्ता प्रवृत्ति नै देखिन्छ । भक्ति एवम् नैतिक अध्यात्ममूलक विषयवस्तु पनि माध्यमिक कालमा देखिन्छ । मोतीराम भट्टले नेतृत्व गरेको माध्यमिक कालको श्रृङ्गारिक भावधारालाई अगाडि बढाउने कविहरूमा राजीवलोचन जोशी पनि उल्लेखनीय लेखक साहित्यकारका रूपमा स्थापित भएका छन् ।

---

[५४] ईश्वर वराल, पूर्ववत्, पृष्ठ ५ ।

## ३.२. कवि व्यक्तित्व

कवि व्यक्तित्वका रूपमा राजीवलोचनले १९४३ मा आफ्नो विलक्षण प्रतिभा देखाइसकेका थिए । मोतीराम भट्टले राजीवलोचन जोशीलाई कविशिरोमणि उपाधि दिनुबाट नै जोशीको कवि व्यक्तित्व स्पष्ट देखिन्छ । एकपल्ट लप्टन भइसकेका राजीवलोचन आफू "कविमा शिरोमणि अथवा 'कविवरा' कहिन रुचाउँथे ।[५५] जस्तै कान्तिपुर मरुटोलमा महल हो थर जोसि (जोशी) नाउँ बनी प्रख्यात छन् कविमा शिरोमणि ती हुन् राजीवलोचन भनी" मूलतः राजीवलोचनका जोशीका रचनागत विषयवस्तु, भाषा एवम् भावनाको परिपाटी माध्यमिक नेपाली साहित्यिक धारासित प्रवाहित भएका देखिन्छन् । मोतीमण्डलीका सदस्यहरूका अगुवा नभएता पनि वयोज्येष्ठ हुनाले ती परम श्रद्धेय शीर्षस्थानीय व्यक्ति थिए । मोतीरामले तिनलाई कविशिरोमणि उपाधिले चिन्हारी गराउनु र नेपाली साहित्यका विकासका निम्ति सर्वतो भावेन समर्पित प्राण, लेखकहरूलाई उत्साहित गर्न अविचल स्वभावका हुनालेतिनले राजीवलोचनलाई उक्त अभिद्याले सप्रंशस अभिनन्दन गर्नु सोही स्वभावको साक्षात् प्रतिविम्बन हो ।[५६] राजीवलोचनका पद्यावलीमा शृङ्गारेत्तर विषयवस्तु जस्तै भक्तिरस राजन्यवर्गका व्यक्तिविशेषका प्रति प्रंशसावचन, नीतिवचन, वेदान्त तथा वैराग्यका भाव आदि जुनसुकै विषयवस्तु होस् यसको चित्रण गर्दा तिनले नानाविध नौला-नौला कवित्व दीप्तिमय मौलिक उपमा, उपमान, उत्प्रेक्षा आदिको प्रयोग गर्न क्षमताको प्रदर्शन गरेका छन् । जोशीले हाँसख्याल, छेडछाड, घोचपेच आदिले विनोदशीलता हास्यव्यङ्ग्यमा निपुणता परिहास प्रवणता, कौतुकमनस्कता, रसज्ञता, उपलभ्य, वोध आदि तत्त्वका समाहारले आफ्ना लहडी चित्रवृतिको मनग्गे परिचय दिएका छन् । राजीवलोचन जोशी तमाखुका शौकिन भएकाले तमाखुसम्बन्धी थुप्रै कविता लेखेका छन् । जङ्गबहादुरका छोराको ढोकामा चाकडीमा गएको बेला ढोकामा झुन्ड्याएको हुक्कामा पनि हुलिया दिएर श्लोक बनाइ टाँसेका थिए ।[५७]

राजीवलोचन् कवितको त हुक्का
जस्ले त खाला उसलाई मुक्का

राजीवलोचन उमेरले मोतीराम भन्दा १८ वर्ष जेठा भएपनि यिनले मोतीराम भट्टको नेतृत्वलाई अवलम्बन गरेको पाइन्छ । कविहरूका गोष्ठीमा यी कवि उत्साह साथ भाग लिन्थे र

---

[५५] पूर्ववत् ।

[५६] पूर्ववत् ।

[५७] पूर्ववत्, पृष्ठ २० ।

समस्यापूर्ति गर्नमा र कूट कविता रच्नुमा यिनी विशेष खप्पिस थिए । यिनका श्रृङ्गारी फुटकर रचनाहरू 'गफाष्टक', श्लोकसङ्ग्रह', 'संगीत चन्द्रोदय', 'सुन्दरी' तथा सुक्तिसिन्धुमा भेटिन्छ ।[५८] भानुभक्तीय शैलीमा कविता रच्ने राजीवलोचन कविका रचनमा ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्व गर्नु त मामूली कुरो नै देखिन्छ । अक्षरलाई खोरान्डा पार्न, बुइ चढाउने आदि कुरा पनि सामान्य प्रक्रिया नै बनेका छन् ।[५९] जे होस् प्राथमिक काल र माध्यमिककालको दोसाँधमा देखा परेका राजीवलोचन एक सहृदयी एवम् ठटचौला कवि थिए । माध्यमिककालको एउटा जन्जीर अवस्थामा जोशीले साहित्य सिर्जना गरे तापनि कतिपय पुस्तकहरू अझै पनि फेला पार्न सकिएको छैन । उनले छोटा-छोटा पद्यहरू पनि प्रशस्त लेखेको देखिन्छ । राजीवलोचन जोशी प्रायः गरी रसिला र व्यङ्ग्योक्तिले भरिएका कविता लेखेको पाइन्छ । घुमाउरो किसिमको अर्थ लुकाएर मनोरञ्जन दिने खालका पद्य लेख्न उनी रिपु थिए । आफ्नो नाउँलाई घुमाउरो पाराले बनाउने उनले तल लेखिएको सिलोक पहाडका गाउँगाउँमा प्रख्यात छ ।[६०]

'गा' को दक्षिण पाउँ भाँचि झिकी कान चुल्ठो लगाऊ ज मा
चुच्चो भाँचि च को निमोठि लखकान् थुपुक्क लाऊ ल मा
चोर नाङ्गो गर सव न राख विचमा ब मा पुच्छर लाइद्यौ
'वा' मा टोपी लगाइ अक्षर झिकी कुन नाम हो जानिल्यौ

यसरी जोशी आफ्नो नाम पनि कविताबाट भन्न सक्दथे भन्ने खुवी उनमा रहेछ भन्ने प्रमाणित गर्न सकिएको छ । मोतीराम भट्टले राजीवलोचन जोशीलाई त्यसै कवि शिरोमणि उपाधि दिएका छैनन् । उनको कवि व्यक्तित्वलाई नै यो उपाधि भट्टले प्रदान गरेको स्पष्ट हुन आउँछ । यी माथिका जस्ता घुमाउरो र योग्यता जाँच्न प्रश्न गरिएझैं लेखिने पद्यलाई संस्कृतमा 'कुटपद्य' भन्छन् र कूटपद्यको त्यो समयमा निकै व्यापक प्रचलन रहेको देखिन्छ । सायद यसै प्रचलनको साथी होः समस्यापूर्ति पनि । सिलोकको अन्तिम पङक्ति वा पुछारको आधा पङ्क्ति दिएर अरू अगाडिका तीन पङक्तिहरू विषय र प्रसङ्ग मिल्ने गरी रच्न लागउने नै समस्यापूर्ति भनिन्थ्यो ।[६१] मोतीराम भट्टले यस प्रकारको पद्य रच्ने अभ्यास आफ्ना साथीहरूमा

---

[५८] शरदचन्द्र शर्मा भट्टराई, **नेपाली साहित्यको इतिहास**, (काठमाडौँ : २०३०), ।

[५९] पूर्ववत् ।

[६०] यज्ञराज सत्याल, **नेपाली साहित्यको भूमिका**, (काठमाडौँ : रत्न पुस्तक भण्डार २०१७), ।

[६१] डा. तारानाथ शर्मा, '**नेपाली साहित्यको इतिहास**', पूर्ववत् ।

जनप्रिय पारेका थिए । पद्यमा केही कुरो लुकाएर सोधेका प्रश्नको जवाफ पद्यमै दिने पारा पनि यसै समस्यापूर्तिभित्र पर्थ्यो ।[६२] जोशी यस्ता समस्यापूर्तिहरूमा सहर्ष भाग लिन्थे । राजीवलोचन जोशी राजभक्त पनि थिए । श्री ५ को पृथ्वी वीर विक्रम शाहकहाँ जान्थे । श्री ५ पृथ्वी वीर विक्रम त्यस वखतका मुख्य राणाहरू र धर्माधिकार कुवलयराजको समेत बयान गरेको श्लोक सङ्ग्रहमा २३ श्लोकको कविता छ भने फेरि अर्का वहिलेपिकाबाट श्री ५ को मात्र मङ्गल कामनामा जीव स्वरूप श्री ५ लाई मानिएको छ । मोतीराम झैं श्री ५ सरकारको यिनले पनि बयान गरेका छन् । राजीवलोचन जोशीको सम्पर्क बढी गरेर राजदरबारमा भएकाले उनीहरूलाई प्रशंसा गर्ने कतै कवितैबाट भनेर मनोरञ्जन दिने गर्दथे । ज्योतिष काम जान्ने भएकाले राजीवलोचन जोशीलाई राजदरबारमा प्रवेश गर्न कुनै समस्या थिएन । जागीर खाँदै विभिन्न कूट पद्यहरू तथा श्रृङ्गारिक भाव धारमा रहेर नायक-नायिकाको वर्णन गर्नमा पनि जोशी खुप सिपालु थिए भन्न सकिन्छ । यसर्थ मोतीराम भट्टले भन्न पनि बढ्ता काव्यात्मक तथा गहिरो अभिव्यक्ति प्रदान गरी विचारलाई मजवूत पार्ने काम जोशीको कवित्व शक्तिबाट स्पष्ट हुन सकिन्छ । श्रृङ्गाररसको साथसाथै धार्मिक आस्थामा समेत राजीवलोचन जोशीले कलम चलाएका छन् । धार्मिक गाथाको आधारमा सिर्जना गरिएको कविताले पनि त्यतिकै मात्रामा वास्तविकताको परिचय दिने काम गरेको छ । त्यसैले कवि भन्दछन् :

"हेमात वृद्ध अवतालिई पुष्ट जाती नास्छु कुमार्गिहरू क्रोध गरी समाती"

संक्षेपमा भन्नुपर्दा राजीवलोचन जोशीको कवित्व शक्ति निकै प्रखर देखिन्छ । धार्मिक, आध्यात्मिक, श्रृङ्गारी, नैतिक तथा विविध विषयवस्तुलाई काव्यात्मक रूप दिने कवि राजीवलोचन जोशीको कवि व्यक्तित्व निकै वेजोड थियो भन्न सकिन्छ । राणाहरूलाई कवितात्मक पाराबाट रिझाएर सबै विधामा कवित्व गर्ने शक्ति र सामार्थ्य भएकाले मोतीराम भट्टले उनलाई प्रशंसा गरेको देखिन्छ । युग, परिवेश अनुसारको विषयवस्तु समेटेर त्यसमा काव्यात्मक शिल्पकारिता दिने नै उनको अद्भूद कवित्व शक्ति हो भन्न सकिन्छ ।

### ३.३. **अनुवादक व्यक्तित्व**

माध्यमिककालीन युगमा अनुवादको प्रचलन निकै नै थियो । मूलतः प्राथमिक कालमा लेखन युगको विकास थियो भने माध्यमिक कालमा प्रकाशनको काल थियो । अनुवाद पनि त्यतिखेर उत्तिकै प्रचलनमा आएको थियो । माध्यमिक कालका लेखक साहित्यकारहरू उर्दू,

---

[६२] नियत्राज पाण्डे, पूर्ववत्, पृष्ठ ८ ।

फारसी र संस्कृतबाट पनि रूपान्तरण गरेको देखिन्छ । यस्तै परिवेशमा राजीवलोचन जोशीले मूलतः संस्कृतबाट नेपालीमा अनुवाद गरेको देखिन्छ । त्यति बेलाको कच्ची भाषामा **च्युताक्षरा च्युतदाताक्षरा**, **अन्तर्लाप**, **प्रहेलिका** र **अन्योक्तिहरू** पनि लेख्ने राजीवलोचनले संस्कृतको उल्था पनि गरेका छन् ।[६३] त्यस्तो खालको साहित्यिक विधालाई केही नगण्य सम्झन्छन् भने केही अलंकार सम्बद्ध सम्झन्छन् । राजीवलोचन जोशीले कूट पद्य संस्कृतबाट उल्था गरेर पनि लेखिएको पाइन्छ । जस्तै :

मूल :

अकुवेरपुरीविलोकन न धरासूनुकरं कदाचन ॥
अथ तत्प्रतिकारहेतवेऽ दमयन्तीपतिलोचन भज ॥
सुभाषित रत्न भण्डागारम्  १९७ पृष्ठ

अनुवाद :

देखिन्छ सामु अकुवेर शहर
जसै ता तेस्लाई पिर्छ अधरासुनले तसै ता ॥
शान्ति र स्वस्ति गर जल्दि नमानी झर्की
खुप जप्नु नाम् अनमयन्तिपति नजर्की ॥८०॥

अर्थ कुवेरको शहरको नाम अलका त्यसलाई नञ् समास गर्दा अनलका विधवा स्त्री देखिएपछि धरासुत-पृथ्वीको छोरो मङ्गल 'न' प्रयोग गर्दा अमङ्गल हुन गयो भने सो हटाउन दमयंतिपति - नल नञ् समासले अनल आगो नै आँखा भएका शिवको भजन गरेमा अमङ्गल नाश हुन्छ भन्ने अर्थ घुमाएर पत्ता लगाउनु पर्ने हुन्छ । यस प्रवृत्तिबाट मानिसको दिमाग परिचलनमा केही सघाउ पनि पुऱ्याउँछ । जस्तै

अधुना मधुरकरपतिता गिलितेऽ त्यपकारदम्पती येन
त्रातः स पालयोत्वा-विगतविफारो विनायको लदम्या ॥४६॥
सुभाषित रत्न भान्डागरम् १९८ पृष्ठ

---

[६३] भरतराज पन्त, राजीवलोचन जोशी र कूट काव्य, (काठमाडौं : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान २०५४), पृष्ठ १६ ।

अनुवाद :

धुनिलो मधुरकरपतिले निलिदियो पसारि दम्पतीलाई ॥

त्राता हित गरुन् सबको विछोड विनायक लक्ष्मीका ॥२९६॥

अर्थ :

'द्यु' नभएको मधुरकरपति भनेको कमरपति ठूलो ग्राहले, प नभएको दम्पती भन्नाले दन्ती

हात्तीलाई निल्न खोज्दा जसले वचाए ती 'वि' नभएका विनायकभन्दा नायक लक्ष्मीका पतिले रक्षा गरुन् भन्दा च्युताक्षार कुट भएको छ ।

समाजनीति तथा धर्मनीतिका प्रति आफ्नो आस्था प्रकट गर्ने हेतुले राजीवलोचनले तारानिधि पाँडे पतिव्रताधर्म तथा चानक भाषाश्लोक नाउँले चाणग्य नीतिको अनुवाद नेपालीमा गर्नु पनि जोशीको अनुवाद व्यक्तित्व स्पष्ट हुन आउँछ ।

राजीवालोचनले ३७ श्लोकमा रचना गरेको विस्माद्हर्षतरंगिणी अंशतः शोककाव्य हो भने अंशले : दतीनीन्तन सिंहासनस्य राजाको माहात्म्य वर्णन । यसमा वेदान्तविषयक केही श्लोकहरू पनि हेका छन् । वर्णनाधिक्यले गर्दा यो कवित्व गुणसर्वस्व हुन सकेको छैन । जोशीको केदारकल्पका दोस्रो संस्करण (१९६१) का अन्त्यमा समाविष्ट 'अंगस्फुरणविचार' एवम् वैराग्यमूलक अष्टक सामान्य कोटिमा दरिने खालका रचना हुन् । ती नेवारी भाषामा संस्कृति छन्दमा पनि कविता लेख्न सक्दा रहेछन् भन्ने कुरा उक्त वैराग्यमूलक पद्यावलीका अन्तका निम्नोद्धृत श्लोकबाट स्पष्ट हुन्छ ।[६४] सूँ सूँ सूँ जसुकाल वयातनुतसे लोलोमना झास्सक डी डी डी अटहानतँ च्यनुचोसे छूँ छूँ थिये ज्यामक

साहूनँ क्यनका उखेर युत्ये जुयू जूँ जूँ जूँ जुलोल वापुका हा हा दैव थथेंगु दुःख विमते दुःखैतना दुःखतू ॥

नेपाली अनुवाद : सूँ सूँ सूँ गरी घरी घरी सुस्केरा हाल्दै बारम्बार विर्सन्छ । दिनहुँ तयसै बसी केही काम पनि छुन मन गर्दैन । ऋण बोकेर एताउता हिँड्छ । निरन्तर झगडा गरिरहन्छ । हा हा दैव दुःखमाथि दुःख थपेर यस्तो दुःख नदेऊ ।

---

[६४] ईश्वर वराल, पूर्ववत्, पृष्ठ १६ ।

राजीवलोचन जोशीले पुराण वा संस्कृतबाट नेपालीमा अनुवाद गर्दा त्यसको मूल भाव कतै खजमजिएको देखिदैन । केदारकल्प पुराणको आधारमा लेखिए पनि नेपालीमा ढाल्दा कतै पनि बुझ्न गाह्रो भएको देखिदैन । सरल तथा सरस तरिकाले अनुवाद गरिएका काव्यमा एकपछि अर्काको राम्रो सम्बन्ध मिलाएकोले पूर्वापर मिलेको छ । अन्त्यसम्म पढ्दा एक पछि अर्का पढूँ-पढूँ भन्ने उत्सुकता लाग्छ । एकपछि अर्काको राम्रो सम्बन्ध मिलेको छ । धार्मिक र सांस्कृतिक गहन विषय भएको ग्रन्थलाई नेपाली ढाँचामा उतारी कविले काव्यमा आफ्नो मौलिक रूप प्रशस्त राखेका छन् । पढ्दा नदी बगेको जसरी सरर बगेको देखिन्छ । अन्त्यसम्म पढ्दा एक पछि पढ्ने कौतूहल जाग्छ । विभिन्न अलङ्कारको साथ उखान टुक्का जनजीवनमा भिजेको शब्द राखी लेखन शैलीमा विविधता ल्याई विभिन्न छन्दको माध्यमबाट प्रकृति, प्राणीहरू र विभिन्न काम कुराको वर्णन गर्दै काव्य रसिलो र मलिालो बनाउने सिद्धाहस्त कवि हुन राजीवलोचन जोशी ।

राजीवलोचन जोशीका लेखाइमा संस्कृत शब्दको अशुद्ध प्रयोग प्रशस्त गरे पनि संस्कृतबाट नेपालीमा अनुवाद गर्न राम्रो प्रयास गरे भन्न सकिन्छ । जस्तै चाणक्यनीतिदर्पण-को अनुवाद १९५० मा ("चानक ऋषि राजनीति कहन्छन्" भनेर) सो अनुवाद पाण्डुलिपिका अवस्थामा नुवाकोट वट्टारका जनैक मंगललाल प्रधानका हस्तलिखित ग्रन्थका धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठले पाएका थिए (नुवाकोट ऐतिहासिक रूपरेखा, काठमाडौं, २०३२, पृष्ठ ११६)

माध्यमिक कालको साहित्यिक मूलधारा भन्नु श्रृङ्गारिक भावधारा नै हो भन्ने कुरामा शङ्का छैन । तर सो कालमा पनि सनातन, समानान्तर धाराका रूपका भक्ति, स्तुति नीति, उपदेश सुधारजस्ता अनेक भावधारा प्रवाहमान थिए नै चाहि तिनका स्वर एवम् वेग केही मध्यम रूपमा किन नहुन । यस्ता मध्यम वा क्षीण रूपमका किन नहुन् । यस्ता मध्यम वा क्षीण रूपमका धारामध्ये एउटा धारा थियो नीति उपदेशको सुधारपरक धारा । यसलाई अँगालेर साहित्य सिर्जना गर्नमा माध्यमिक कालका प्रर्वतक एवम् श्रृङ्गारिक धाराको प्रवल स्तम्भ मानिएका मोतीराम भट्ट मात्रै थिएनन् । उनका अग्रज दौतर राजीवलोचन जोशी पनि थिए । वास्तवमा माध्यमिक कालमा देखिएका नीति-उपदेश सुधार धारालाई पूर्वकालमा फले फुलेको सो धाराको समुन्नत स्थितिकै आनुवंशिकाताको रूपमा हेर्नुपर्छ । विस्तार भयबाट बच्न

अरू कुरा नगरेर नीति उपदेश र सुधारपरक रचनाको रूपमा प्रख्यात रहेको चाणक्य नीतिदर्पणको अनुवाद पनि महत्वपूर्ण ठहरिएको छ ।[६५]

संस्कृतमा नीति-उपदेशपरक साहित्यको ठूलो भण्डार छ । सो भण्डारभित्रका रचनामध्ये **चाणक्य**, **विष्णुगुप्त** वा **कौटिल्य**का रचना मानिएका राजनीति समुच्चय **वृद्धचाणक्य**, **चाणक्यनीतिदर्पण** निकै प्रसिद्ध ग्रन्थ हुन् । पछिल्ला दुई ग्रन्थको अनुवाद नेपाली भाषामा निकै अघिदेखि हुँदै आएको देखिन्छ । मोतीराम भट्टले नै सर्वप्रथम नेपालीमा **चाणक्यनीतिदर्पण** प्रस्तुत गरे भन्न मिल्दैन । यस्तै छपाइका दृष्टिले पनि उनका **चाणक्यनीतिदर्पण** पहिलो होइन । चाणक्यनीतिदर्पणको अनुवादको परम्परा निकै लामो रहेको छ भन्ने कुरालाई राष्ट्रिय अभिलेखालयमा रहेका १९८३ साल देखिका '**बुद्धिचानक**' '**नीतिसार सङ्ग्रह**' अथाव '**चाणक्यनीतिसार सङ्ग्रह**' का दर्जनौ प्रतिलिपिले मात्र होइन योगी अम्वरगिरीको ( **चारणक्यनीति सारसङ्ग्रह**ले पनि पुष्टि गर्दछ) छपाइको परम्पराको कुरा गर्ने हो भने मोतीराम भट्टले १९४५ सालतिर छपाएको भन्ने विश्वास गरिएको **वृद्धिचानक** वा '**चानक नीतिदर्पण**' भन्दा कमसेकम १३।१४ वर्ष अघि नै अर्थात् १९३२ सालमा **वृद्धिचानक** नेपाली भाषा टीका ( समेत) वनारसको आनन्दवन छापाखानाबाट प्रकाशित भइसकेको देखिन्छ । हुनसक्छ मोतीराम भट्टको स्वप्नाध्याया (१९४६) को आखिरी पृष्ठमा देखिने विज्ञापन त्यही '**वृद्धिचानक**'को नयाँ संस्करणको होस् ।[६६]

माध्यमिक कालका राजीवलोचन जोशीको अनुवादकारिता खुवै रसिक थियो । अनुवादको साथ साथै शैलीमा पनि नेपालीपन रहेको पाइन्छ । उनले गरेका केदारकल्प (१९४७) वुद्धिचानक (१९५०) पतिव्रताधर्म (१९५२) विदुरनीति तथा **रुरुक्षेत्रकथा**को अनुवादले पनि उनी संस्कृतज्ञ रहेछन् भन्ने कुराको प्रमाण मिलेको छ ।

## ३.४. जागिरदार व्यक्तित्व

राजीवलोचन जोशीको जागीरदार व्यक्तित्व सफल रहेको थियो । राणाहरूको चाकडी गरेर जागीर खानुपर्ने बाध्यात्मक स्थिति थियो । यस्तो अवस्थामा राजीवलोचन जोशीले राणाहरूलाई श्लोक सुनाइ मख्ख बनाउँथे । राजीवलोचन जोशीका पुर्खाहरू पनि ज्योतिषकै

---

[६५] शरदचन्द्र शर्मा भट्टराई, खोज अनि व्याख्या, (काठमाडौं : ने.रा.प्र.प्र. २०५६), ।

[६६] ऐजन् ।

काम गरेर भएपनि सेढाइ थरका जोशी भए र राजदरबारसँग बढी सम्पर्क पनि भएको थियो । राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी त्यस बेलाका शक्तिशाली भारदारहरूसँग सम्बन्ध बढाइ शासनमा प्रभाव राख्न सिपालु थिए भन्ने अवगत हुन्छ । जोशीका पुर्खाहरू राजदरबारसँग बढी सम्बन्ध गाँसेर वा शासनमा सहभागी भई सम्पत्ति आर्जन गर्न र आफ्नो प्रभाव जमाउने व्यक्तित्व भएका ठहरिन्छन् । राजीवलोचन जोशीले राणाहरूको प्रशंसा नै उनको जागीरदार व्यक्तित्व स्थापित भएको बुझिन्छ । तिनले आफ्नो एउटा ३३ श्लोक पद्यावलीमा त्यो समयका प्रधानमन्त्री वीरशमशेर, कामाण्डचीफ देवशमशेर, जंगीलाठ चन्द्रशमशेर, न्यायफाँटका ताल्लुकवाला जर्नेल, भीमशमशेर, प्रधानमन्त्रीका हुजुरिया जर्नेल फत्यशमशेर एवम् ब्रह्मवादी जर्नेल जीतशमशेरको खुवै प्रशंसा गरेको देखिन्छ । आफ्नो सीप, कला र चार्तुयका साथ यिनी दरबारभित्र छिरी सबैलाई मनमुटुमा स्नेहजडित गरेको उल्लेख छ । एक समयमा जंगबहादुरका छोरा पद्मजंगका चाकडीदार भई तिनका थापाथलीस्थित दरबारका भित्री वैठकमा विना रोकटोक प्रवेश पाई ती सित राजीवलोचन प्रशस्त भ्याम्मिएको पाइन्छ ।[६७]

राजीवलोचन जोशी तत्कालीन दरबारका प्रिय पात्र भएका र त्यसैबाट आर्थिक लाभ गरी जीवन निर्वाहमा उनी सफल भएको कुरा अनुमान गर्न सकिन्छ । यसरी जोशीले अफूले भ्याएसम्म राणाहरुलाई प्रशंसा गर्नु र चाकडी गरेर भएपनि दरबारमा आफ्नो अस्तित्व स्थापित गरेको देखिन्छ ।

राजीवलोचन जोशीको खोज अध्ययन अनुसन्धान गर्दा यहाँभन्दा बढी जानकारी प्राप्त हुन सकेको देखिदैन । केही विद्वान्हरूले छोटो चर्चा गरेको हुनाले त्यति व्यापकतामा नपुगको प्रष्टिन्छ । जागीरदार व्यक्तितवका रूपमा राणाहरूको प्रशंसा गर्न, कविता सुनाउने, शासकलाई हँसाउने, मनोरञ्जन दिने आदि वहुविद्य व्यक्ति प्रतिभाले गर्दा आफ्नो जागीरको अस्तित्व रहेको चाहिँ दावी गर्न सकिएको छ ।

[६७] ईश्वर वराल, पूर्ववत्, २०५३ ।

चौथो परिच्छेद

# राजीवलोचन जोशीको कृतित्वको विवेचना

## ४. काव्य तथा महाकाव्यको सैद्धान्तिक स्वरूप

### ४.१. परिचय

संस्कृत साहित्यमा काव्यको व्यापक चर्चा पाइन्छ । सम्पूर्ण साहित्यको पर्यायको रूपमा काव्य शब्दको प्रयोग गरेको समेत पाइन्छ । तर आधुनिक जमानामा कथात्मक कवितालाई काव्य भनेको पाइन्छ । साधारण बोलचालमा खण्डकाव्य तथा महाकाव्यलाई संक्षेपमा काव्य भनिएको पाइन्छ । साथै कुनै पनि कवि विशेषका सम्पूर्ण रचनालाई एकमुष्ट काव्यको रूपमा विवेचना गर्ने चलन पनि छ ।

काव्यलाई पूर्वीय तथा पाश्चात्य जगतमा आ-आफ्नै तरिकाले चिनाउने काम भएको छ । काव्य सर्वप्राचीन विधा भएको हुँदा यससम्बन्धी चिन्तन पनि पहिले देखिनै भएको भेटिन्छ । यहाँ काव्यको व्युत्पत्तिमूलक अर्थ र अभिप्रायको चर्चा सङ्क्षिप्त रूपमा प्रस्तुत गरिन्छ :

### ४.२. पूर्वीय परम्परामा काव्यको व्युत्पत्तिमूलक अर्थ र परम्परा

प्राचीन समयमा पूर्वीय जगतमा काव्यलाई साहित्यकै पर्यायका रूपमा लिइन्थ्यो । पूर्वीय साहित्य परम्परामा 'कविद्वारा सम्पनकार्य'लाई काव्य भनेको पाइन्छ ।[६८] काव्य शब्दको सर्वप्राचीन प्रयोग ऋग्वेद संहितादेखिनै फेला पर्दछ । त्यहाँ नामवाची 'कवि' शब्दको प्रयोगको साथै सिर्जनात्मक कव धातुको पूर्वक्रियात्मक प्रयोग 'कवित्वा' (कव्+इ+त्वा) र नामवाची 'काव्य' शब्द समेत प्रयोगमा आएका छन् ।[६९] सिर्जनात्मक 'कव' धातुमा वा 'कु' धातुमा कर्तृवोधक इ आगम सहित त्वा कृत् प्रत्यय 'कवित्वा' शब्द बनेको हुनुपर्ने ठहर वासुदेव त्रिपाठीको रहेको पाइन्छ ।[७०] संस्कृतमा 'कव' धातुले वर्णन निपुण अर्थात् सर्वज्ञाता भन्ने जनाउँने हुँदा 'कवि' भन्नाले वर्णनकौशलमा निपुण सर्वज्ञाता स्रष्टा व्यक्तित्व भन्ने बुझिन्छ । यसरी बौदिक साहित्यमा कविलाई सर्वज्ञाताको अर्थमा लिइएको छ । त्यसैले

---

[६८] धिरेन्द्र वर्मा र अन्य, 'नेपाली कवितामा शास्त्रीय छन्दप्रयोग सर्वेक्षण', प्रज्ञा, (पूर्णाङ्क ३०, वर्ष २९, असार -असोज, २०५६), पृष्ठ ५४ ।

[६९] ऐजन् ।

[७०] कविमनीषी परिभू: स्वयम्भू, शुक्लयर्जुवेद: ४०८ ।

कविलाई मनीषी परिभू (स्वयम्भूको रूपमा वर्णन गरिएको छ । बैदिक साहित्यको सन्दर्भमा मनीषीलाई विद्वान् परिभूलाई चारैतिरबाट घेर्ने र स्वयंभूलाई आफै उत्पन्न भएको प्रयोग गरेको देखिन्छ । कविलाई वैदिक साहित्यमा सर्वज्ञ वा सर्वद्रष्टाको रूपमा उच्च मूल्याङ्कन गरिएको पाइन्छ । कविको रचनालाई काव्य वा कविताको संज्ञा पूर्वीय आदि आचार्यहरूले गरेबाट कविताको निश्चित अर्थको खोजीको प्रयास भएको देखिन्छ । वेदमा ब्राह्मणलाई प्रथम कवि र देववाणीलाई काव्य मानिएको छ भने आधुनिक कालको काव्यलाई सिर्जनात्मक लेखनको आदर्श रूप ठानिन्छ ।[७१]

नेपाली साहित्यमा काव्यको अर्थ परम्परागत सन्दर्भभन्दा भिन्न रहेको पाइन्छ । नेपाली बृहत शब्दकोषमा काव्यको अर्थ व्यापक सन्दर्भमा साहित्यकै पयार्य मानेको छ भने सूक्ष्म अर्थमा कविता अन्तर्गत मुक्तक, स्फुटकाव्य, गीतिकाव्य, खण्डकाव्य र महाकाव्यजस्ता भेदहरू बताएको छ ।[७२] वास्तवमा आधुनिक सन्दर्भमा काव्यको अर्थसङ्कोच भएको छ । ऋग्वेदमा काव्यको अर्थ सृष्टि र कविको अर्थ विश्व स्रष्टा भएजस्तो आज काव्यको अर्थ व्यापक छैन । यो साहित्यको पर्यायको अर्थमा समेत आज रहेको छैन । काव्य र साहित्यको लाक्षणिक अर्थ एउटै भएपनि वर्तमान सन्दर्भमा साहित्यको सर्वप्राचीन एवम् लोकप्रिय विधाको रूपमा काव्य रहेको छ ।

[७१] बमबहादुर जिताली, 'नेपाली कवितामा शास्त्रीय छन्द प्रयोगको सर्वेक्षण', **प्रज्ञा**, (पूर्णाङ्क ३०, वर्ष २९, असार - असोज २०५६), पृष्ठ ५४ .

[७२] बालकृष्ण पोखरेल र अन्य (सम्पा) **नेपाली बृहतशब्दकोष**, (काठमाडौं, ने.रा.प्र.प्र. २०४०) पृष्ठ २३५ ।

## ४.३. पाश्चात्य परम्परामा काव्यको व्युत्पत्तिमूलक अर्थ

पाश्चात्य साहित्यमा काव्यलाई Poetry भनिएको पाइन्छ । Poetry (काव्य) शब्दको अर्थ Poet (कवि) शब्दसँग जोडिएको पाइन्छ ।[७३] ल्याटिन भाषामा Poeta र ग्रीकमा Poetes भनिने Poet शब्दको अर्थ कविता रचना गर्ने स्रष्टा भन्ने रहेको पाइन्छ । पाश्चात्य साहित्यमा कविद्वार सिर्जना गरिएको रचनालाई Poetry (काव्य) भनिएको पाइन्छ । यसरी प्राचीन पूर्वीय तथा पाश्चात्य दुवैतिर Poetry (काव्य)को समान अर्थ रहेको पाइन्छ । Poet शब्द Poie मा tes प्रत्यय लागेर तथा Poetry शब्द Poet शब्दबाट व्युत्पन्न भएको पाइन्छ । पाश्चात्य जगतमा Poetry शब्दलाई Poem शब्दले समेत जनाइन्छ । Poem शब्द Pio शब्दमा eme प्रत्यय लागेर बनेको हो । यसरी पाश्चात्य साहित्यमा आधुनिक साहित्यको सन्दर्भमा समेत प्रयोग हुने शब्दहरू Poet Poetry र Poem शब्दका बीच पूर्वीय जगतमा प्रयुक्त कवि-काव्य र कविता शब्दको भैँ सम्बन्ध पाइन्छ । पूर्वमा कवि र पश्चिममा Poet को अर्थ र प्रयोग एउटै देखिन्छ । त्यस्तै गरी पूर्वमा कविको साहित्यिक रचनालाई काव्य भनेजस्तै पश्चिमी साहित्यमा पनि Poetry र Poem ले Poet को रचनालाई नै जनाउँदछ । तर पाश्चात्य साहित्यमा पूर्वीय साहित्यमा जस्तो साहित्यिक पर्यायका रूपमा Poetry शब्दलाई प्रयोग गरेको पाइदैन ।[७४]

## ४.४. काव्यको परिभाषा

काव्य शब्दको प्रयोग प्राचीनकालदेखि नै हुँदै आएको पाइन्छ । पूर्वीय जगतमा प्राचीनकालमा वाङ्मयले शास्त्र तथा साहित्य दुवैलाई बुझाए पनि कालान्तरमा साहित्यलाई भिन्न ढङ्गले परिभाषित गर्ने काम भयो । वर्तमान सन्दर्भमाभन्दा साहित्य अन्तर्गत कविता, नाटक, आख्यान र निबन्ध विधा मुख्य रूपमा परे पनि प्राचीन समयमा अन्य विधाको सापेक्षतामा कविता विधाको विकास उत्सर्ग अवस्थामा भएको हुँदा त्यसबेला काव्यको समुच्या साहित्यलाई नै बुझाएको पाइन्छ तर आधुनिक सन्दर्भमा अन्य विधाको पनि तुलनात्मक एवम् गुणात्मक विकास र विस्तार भएको हुँदा काव्यको अर्थ सङ्कोच हुन गई काव्यले गद्यात्मक वा

[७३] Virginia Thatcher, The New Webster Encyclopedic Dictionary at the English Language (Chicago, 1970) P. 640

[७४] टीकाप्रसाद भट्टराई, 'भरतराज पन्तका शोककाव्यको अध्ययन', (अप्रकाशित शोध नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर), पृष्ठ ७ ।

पद्यात्मक कविताकृतिलाई मात्र बुझाउँछ ।[७५] पूर्वीय तथा पाश्चात्य विद्वान् आचार्यहरूका काव्यसम्बन्धी मत मतान्तरलाई सङ्क्षिप्त चर्चा परिचर्चा गरिन्छ :

पूर्वमा काव्यसम्बन्धी विविध चर्चा र परिचर्चा भएको पाइन्छ । यसक्रममा अग्नीपुराणकारले भावलाई व्यक्त गर्न मितव्ययी पदावलीलाई काव्य मानेका छन् : भने पूर्वीय आदि नाट्यचार्य भरतमुनिले रसविना कुनै अर्थ उत्पन्न नहुने बताउँदै काव्यमा रस हुनुपर्ने कुरातर्फ जोड दिँदै रस चिन्तनको वीजारोपण गरेको पाइन्छ ।[७६] भरतमुनि रस-सिद्धान्तका आदि प्रर्बतक हुनाले उनको चिन्तनको सार भनेको काव्यको आत्माका रूपमा रसलाई स्थापित गर्नु रहेको देखिन्छ । अलङ्कारवादी आचार्य भामहले शब्दमा नै अर्थ निहित हुन्छ भन्दै शब्दार्थलाई समेटेर काव्यको सन्तुलित परिभाषा दिने प्रयत्न गर्दै भनेका छन्- 'शब्द र अर्थको सहभाव नै काव्य हो ।'[७७] भामहले शब्द र अर्थको सहभावबाट मात्र काव्य बन्ने कुरा बताएका छन् भने आचार्य दण्डीले अभीष्ट अर्थले युक्त पदावली काव्यको शरीर बताएका छन् ।[७८] यसरी दण्डीले अभीष्ट अर्थात् कल्याण वा शिवपक्षलाई जोड दिंदै काव्यको प्रयोजन कल्याण भाव हुने बताएका छन् । रीतिवादी आचार्य वामन भने काव्यको आत्मा रीति बताउँछन् ।[७९] यस परिभाषाले काव्य सिर्जनाको कला वा कवि कौशललाई बढी जो दिने प्रयत्न गरेको छ । यसैगरी वक्रोक्ति सम्प्रदायका आचार्य कुन्तकले काव्यलाई त्यस्तो सहभावयुक्त रहेको शब्द र अर्थको वक्ततापूर्ण रचना भनेका छन् ।[८०] पूर्वीय आचार्यहरूमा क्षेमेन्द्रले औचित्यको अन्तिम उद्देश्य रससिद्धि हुने बताएका छन् । उनले रस सिद्धिलाई नै काव्यको जीवन वा प्राण हुने निष्कर्ष दिएका छन्[८१] भने आचार्य मम्मटले दोषरहित गुणयुक्त शब्द र अर्थको समष्टि रूप अलङ्कार रहित भए पनि काव्य हो भनेर काव्यको परिभाषालाई विस्तृत पार्ने प्रयत्न गरेका छन् ।

काव्य परिभाषाका क्रममा आचार्य विश्वनाथले रसले युक्त वाक्य काव्य बताएका छन् । उनले अलङ्कारलाई काव्यको उत्कर्षको कारण र दोषलाई अपकर्षको कारण मानेको पाइन्छ

---

[७५] बमबहादुर जिताली, पूर्ववत् ।

[७६] भरतमुनि **नाट्यशास्त्र**, पृष्ठ २२७ ।

[७७] शब्दार्थ सहितै काव्यम् भामह, काव्यलङ्कार १।१६ ।

[७८] शरीर तावदिष्टार्य व्यवच्छिन्ना पदावली, दण्डीः काव्यदर्श १।१० ।

[७९] रीतिरात्मा काव्यस्य । वामन, काव्यालङ्कार सूत्रवृत्ति १, २, ३ ।

[८०] कुन्तक, वक्रोक्ति जीवितम् १। ७ ।

[८१] क्षेमेद्र औचित्य विचार चर्चा, १।४ ।

।[८२] वास्तवमा काव्यानन्द रस भएको विश्वनाथको परिभाषा काव्यको भाव सौन्दर्य पक्षलाई समेटेको पाइन्छ । पूर्वीय संस्कृत साहित्यका चिन्तक जगन्नाथले रमणीय अर्थ प्रतिपादन गर्ने शब्दलाई काव्य मानेका छन् ।[८३] उनले रमणीयको अर्थ आनन्द लगाएका छन् । काव्यले आनन्द दिने कुरालाई उनको परिभाषाले आत्मसात गरेको छ ।

नेपाली साहित्यमा पनि काव्य (कविता) को सर्वमान्य परिभाषा पाइदैन । माधवप्रसाद घिमिरेले शब्द र संगीत, अर्थ र अभिप्रायमा तादाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो भनेका छन् ।[८४] भने नाटककार बालकृष्ण समले भावनाको बौद्धिक कोमलतालाई काव्य भनेका छन्[८५] भने तीव्रगामी कल्पनाको घोडा माथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता भनाइमा कल्पना, अनुभूति विचार र भावलाई कविताको मूल तत्वको रूपमा लिइएको पाइन्छ । अन्त्यमा काव्यको पूर्वीय परम्परामा नेपाली विद्वान्को विचार समेतलाई संश्लेषण गरेर भन्न सकिन्छ - जीवन र जगतको भोग तथा बोधको क्रममा प्राप्त गरिएको भाव विचार अनुभूति, जीवनदर्शन आदिको योग रहेको मिठास अभिव्यक्ति नै काव्य ( कविता) हो । पाश्चात्य विद्वान्हरूले काव्य वा कविताको परिभाषा गर्ने क्रममा पूर्वीय आचार्यहरूले जस्तो समग्र साहित्यकै सन्दर्भम गरेको पाइदैन । उनीहरूको परिभाषा खास समस्या वा विषयमा केन्द्रित भएको हुँदा बढी बस्तुपरक तथा तथ्यपरक मात्र छैन कि कला र भाव पक्षको समन्वय तथा परिष्कारले गर्दा आधुनिक युग सन्दर्भमा समेत बढी सापेक्ष एवम् सान्दर्भिक देखिन आएको पाइन्छ । यस सन्दर्भमा अरिस्टोटलले कलाले प्रकृतिको अनुकरण गर्छ भनेका छन् । उनले हाम्रो मानवीय साहित्य यथार्थ नभएर प्रकृतिको मानवीकृत अनुकरण मात्र हो भनेका छन् भने सर फिलिप सिड्नीले अनुकरणको कला काव्य बताएका छन् ।[८६] अङ्ग्रेजी साहित्यका विद्वान् मे..यु आर्नल्डले साहित्यलाई जीवनको समालोचनाका रूपमा लिएको पाइन्छ । उनले साहित्यमा उत्कृष्ट तथा निकृष्ट दुवै पक्षको चित्रण र विश्लेषण हुने फराकिलो दृष्टिले हेरेका छन् भने सेमुअल जोव्सनले कल्पनाको माध्यमबाट आनन्दलाई सत्यसित जोड्ने कलाका रूपमा काव्यलाई परिभाषित गरेका छन् । वर्डसवर्थका विचारमा कविताले सशक्त

---

[८२] विश्वनाथ, साहित्य दर्पण १।६ ।

[८३] जगन्नाथ - रसगङ्गाधर १।१ ।

[८४] माधवप्रसाद घिमिरे, सम्पादकीय, कवितातत्व (कविता) ३।३ (२०३३ वर्ष), पृ. ३३९ ।

[८५] बालकृष्ण सम, मेरो भन्नु '**आगो र पानी**' संस्करण (काठमाडौं, प्र. श्रीनयपाल, २०१२) ।

[८६] Poetry is an art of Imitation A pocogie for poetric. 1907, 10

अनुभूतिको निरन्तर उच्छलन गर्छ । त्यसैले कविता शान्त क्षणमा स्मृत संयोगबाट सृजना हुने गर्दछ । त्यसै गरी विलियम हेनरी हड्सनले कल्पना र मनोवेगद्वारा गरिने जीवनको व्याख्याका रूपमा कवितालाई परिभाषित गरेका छन् ।

काव्य एक किसिमको मनवीय सृजनात्मक कला भएकोले यो भाषाका माध्यमबाट प्रकट हुने मानवीय राग-अनुरागको उच्चतम अभिव्यक्ति पनि हो । पाश्चात्य विद्वान्का परिभाषामा साहित्यका विभिन्न वाद सिद्धान्त र सम्प्रदायको प्रवर्तन भएको पाइन्छ । पूर्वीय जगतको सहित्य बढी आस्तिक तथा आदर्शवादी भावनाको छ भने पाश्चात्य साहित्यको सिद्धान्तमा बढी वस्तुवादी तथा यथार्थपरक भावनाको अभिव्यक्ति भेटिन्छ ।

पाश्चात्य विद्वान्हरूले काव्यको परिभाषा गर्ने क्रममा पूर्वीय विद्वान्को जस्तो समग्र साहित्यकै सन्दर्भमा नगरी खास विशेष पक्षसँग केन्द्रित भएको हुँदा बढी वस्तुपरक स्थीर कला पक्षको परिष्कार यथार्थ र कल्पनाको समन्वय जस्ता विशेषताले गर्दा आजको सन्दर्भमा समेत बढी उपयुक्त देखिएको छ ।[८७] काव्यको परिभाषा तथा पूर्व तथा पश्चिमा जे जसरी भए पनि कुनै पनि परिभाषा सर्वकालिक स्थिर सत्यको रूपमा स्थापित हुन सक्दैन र ती विवादका घेरामा रहिरहन्छन् । तर पूर्वीय तथा पाश्चात्य आचार्यहरूका काव्यचिन्तनको काव्यको प्राचीन परिवेश तथा वर्तमान युगीन सन्दर्भलाई चिनाउने महत्वपूर्ण काम गरेका छन् । खास व्यक्ति विशेषको परिभाषालाई पूर्णता मान्न नसकिने अवस्था छ तर समग्र परिभाषाको निचोडबाट काव्यको पहिचान स्पष्ट हुन आउँदछ ।

---

[८७] टीकाप्रसाद भट्टराई, ऐजन् ।

## ४.५. महाकाव्यको सैद्धान्तिक स्वरूप

### ४.५.१. पूर्वीय परम्परामा महाकाव्य

महाकाव्यको सन्दर्भमा प्राचीन कालदेखि नै चर्चा परिचर्चा भएको पाइन्छ । संस्कृत महाकाव्यको स्वरूपको सन्दर्भमा चिन्तन गर्ने आचार्य भामह प्रथम मानिन्छन् । उनले वस्तु, गठन, सर्गवद्धता र पञ्चसन्धिको निर्वाह हुनुपर्छ भनेका छन् । महान्कार्यको प्रस्तुती गर्न महान चरित्र भएको नायकको अभ्युदय र विजयवर्णन महाकाव्यमा गर्नुपर्छ भनेर भनेका छन् । उनले महाकाव्यको कलापक्षमा शिष्ट पदविन्यास र अलङ्कारयोजना हुनुपर्ने बताएका छन् ।[८८] आचार्य दण्डीले महाकाव्यमा कथावस्तु, नायक, रस, चतुवर्गमा एकको प्राप्ति, प्रकृतिको वर्णन, अलङ्कारको प्रयोग, छन्दयोजना र सर्गबद्धता हुनु पर्ने कुरामा जोड दिएका छन् । उनले महाकाव्यमा युक्त कथात्मक गठन र गुम्पन हुने हुँदा कथावस्तुको आधार ऐतिहासिक र सदाश्रित हुनुपर्छ भनेका छन् । भने कथानक गठन नाटकीय सन्धिले युक्त भएर श्रृङ्खलाबद्ध कथावस्तुको पक्षमा आफ्नो चिन्तन व्यक्त गरेका छन् । उनले महाकाव्यको प्रारम्भ मङ्गला चरण अन्तर्गत आशीर्वादात्मक, नमस्कारात्मक र वस्तु निर्देशात्मक हुनुपर्छ भन्दै सर्गवद्धता गर्दा ज्यादै ठूलो र सानो गरेर असन्तुलित गर्न नहुने विचार राखेका छन् । विप्रलम्भ श्रृङ्गार रसलाई बढी महत्त्व दिए पनि महाकाव्यको उद्देश्यमा धर्म, अर्थ, काम, मोक्षमध्ये एकको प्राप्ति हुनुपर्छ भन्ने उनको मत छ ।[८९] महाकाव्यमा छन्दको प्रयोग गर्नुपर्ने र सर्गान्तमा छन्द परिवर्तन आवश्यक रहेको कुरा दण्डीले गरेका छन् । उनले मकाकाव्यमा विशद प्रकृति वर्णन अन्तर्गत विभिन्न ऋतु, पर्वत, नगर,समुद्र, बगैंचा, जलविहार, उत्संव, सुर्योदय आदिको वर्णन हुनुपर्ने बताएका छन् । आफू पूर्वका विद्वान् भामह, दण्डी आदिको महाकाव्य चिन्तनलाई परिषकार र परिमार्जन गर्दै महाकाव्यको विशेष चर्चा विश्वनाथले साहित्यदर्पणमा गरेका छन् । विश्वनाथको साहित्यदर्पण ग्रन्थको सैद्धान्तिक मान्यताको आधारमा महाकाव्यको तत्वहरूको सैद्धान्तिक विवेचना गर्नु उपयुक्त हुन्छ ।[९०]

---

[८८] भामह - **काव्यलङ्कार** १ : १९-२१ ।

[८९] दण्डी '**काव्यदर्श**', १ : पृ. १६ - २१ ।

[९०] विश्वनाथ - '**साहित्यदर्पण**' पृष्ठ ५४९-५५१ ।

### ४.५.२. **कथावस्तु**

विश्वनाथले महाकाव्यको कथाको स्रोत ऐतिहासिक हुनुपर्ने बताएका छन् । विभिन्न देवदेवीको स्तुति र आशीषयुक्त मङ्गलाचरण महाकाव्यको सुरुमा हुनुपर्छ भनेका छन् । उनले नाटकीय सन्धिको निर्वाह कथानकको गठनमा हुनुपर्छ भनेका छन् । सज्जनको प्रशंसा र दुर्जनको निन्दा हुनुपर्छ भनेका छन् ।

### ४.५.३. **शिल्प**

महाकाव्य सर्गबन्ध हुन्छ । महाकाव्यमा आठ सर्गभन्दा कम हुन नहुने सर्ग ज्यादै ठूलो र ज्यादै सानो पनि हुन नहुने, सर्गान्तमा पछिल्लो सर्गमा कथाको सूचना हुनुपर्ने र हरेक सर्गको अलग-अलग शीर्षक हुनुपर्ने, सर्गमा एउटै वा विभिन्न छन्द प्रयोग गर्न सकिने भए पनि सर्गान्तमा अनिवार्य रूपले छन्दको परिवर्तन हुनुपर्छ भनेका छन् ।

### ४.५.४. **नायक**

नायकको रूपमा देवता वा धीरोदात्त गुण भएका कुनै क्षेत्री राजा महाकाव्यको नायक हुनुपर्छ । महाकाव्यका नायक शूर, वीर र धीर हुन आवश्यक छ ।

कालिदासको 'कुमार संभवम्' जस्तै एउटा मात्र नायक वा कालिदासको रघुवंश जस्तो एउटै वंशका क्रमिक रूपमा धेरै राजा पनि नायकको रूपमा वर्णित हुनसक्छन् ।

### ४.५.६. **रस**

महाकाव्यमा श्रृङ्गार, वीर र शान्त रसमध्ये एउटा प्रमुख रूपमा प्रयोग हुनुपर्छ । त्यसमध्ये अरू रसहरू पनि गौण रूपमा यथास्थान प्रयुक्त हुन आवश्यक रहेको कुरा विश्वनाथले साहित्यदर्पणमा उल्लेख गरेका छन् ।

### ४.५.७. **उद्देश्य**

धर्म, अर्थ, काम र मोक्षमध्ये एकको प्राप्ति महाकाव्यको उद्देश्य हुनु आवश्यक छ ।

### ४.५.८. भाषा

महाकाव्यको भाषा शिष्ट र नगरवासीमा प्रयुक्त हुनुपर्छ भन्ने कथन भामहको पाइन्छ । हेमचन्द्रले महाकाव्यको भाषामा सहजता र सरलता हुनुपर्छ भन्ने भाव व्यक्त गरेका छन् तर महाकाव्य सम्बन्धी विशद चर्चा गर्न विद्वान् विश्वनाथ महाकाव्यको भाषामा मौन छन् ।

## ४.६. पाश्चात्य परम्परामा महाकाव्य

आधुनिक महाकाव्यको चर्चा पाश्चात्य चिन्तनबाट प्रारम्भ भएको हो । पाश्चात्य जगतमा महाकाव्यको चर्चा गर्ने आदि आचार्य एरिस्टोटल हुन् । उनले दुःखान्त (ट्रेजेडी) को विस्तृत चर्चा गर्ने क्रममा तुलनात्मक रूपमा महाकाव्यहरूको स्वरूप तथा तत्त्वको बारेमा विश्लेषण गरेका छन् । उनको Poetics (काव्यशास्त्र) ग्रन्थमा महाकाव्यको तत्त्व अन्तर्गत कथावस्तु, चरित्र, विचार र पदावली पर्दछन् ।

### ४.६.१. कथावस्तु

एरिस्टोटलले महाकाव्यको कथावस्तु स्रोतका रूपमा दन्त्य कथालाई सर्वोपरि दिँदै जनतासँग लोकप्रिय रहेको कथाका तत्त्वसँग प्रेक्षकहरूले साक्षातकार गर्न र पात्र र प्रेक्षकहरूबीच तादाम्य भावको स्थापना भई विरेचनका लागि उपयुक्त अवस्था सिर्जना हुने हुनाले एरिस्टोटलले दन्त्यकथालाई मूल स्रोतका रूपमा महत्त्व दिएको बुझिन्छ ।

महाकाव्यले जीवन र जगतको विस्तृत अध्ययन, विश्लेषण र पर्यवेक्षण गर्दछ । महाकाव्य घटनाको बहुलता, विविधतायुक्त चरित्र र विस्तृत कथा रहेको हुन्छ । सुसम्वद्धता, सम्भाव्यता र कौतूहल भएको कथानक महाकाव्यमा उपयुक्त हुने कुरा उनले बताएका छन् । एरिस्टोटलले वस्तुविन्यासमा कौतुहलपूर्ण स्थितिका लागि प्रतिकूल परिस्थिति र अभिज्ञान आदिले मुख्य भूमिका खेल्ने कुरा बताएको पाइन्छ । कथावस्तु कार्यन्वितिमा आधारित आदि, मध्य र अन्त्य तीन अवस्थाको हुने गर्दछ ।

### ४.६.२. चरित्र

महाकाव्यको कथावस्तु प्रसिद्ध दन्त्यकथा भए झैं यसका नामक उच्च्तर चरित्रको हुनुपर्छ भन्ने विचार एरिस्टोटलको पाइन्छ । उच्चतर चरित्रको आशय कुलीन, सम्पन्न र

यशस्वी हुनुपर्छ भन्ने बुझिन्छ । मानवीय चरित्र भएको पात्र नै दर्शनका लागि संवेद्य हुन्छ ।

### ४.६.३. विचार

एरिस्टोटलले दुःखान्त नाटकले जस्तै महाकाव्यबाट पनि मनोवेगको विरेचन भई मानसिक शक्ति प्राप्त हुन्छ भन्ने विचार राखेका छन् । तर पनि महाकाव्यको तुलनामा दुःखान्तमा बढी तीव्रता र प्रभावकारिता पाइन्छ । महाकाव्यको विस्तृत आयामले गर्दा प्राकृत-अप्राकृत तत्वको महाकाव्यमा कौतुहल र विष्मयको समावेश हुन्छ । उनले विरेचनद्वारा मानसिक शान्ति प्राप्त गर्नु महाकाव्यको उद्देश्य बताएका छन् ।

### ४.६.४. पदावली

एरिस्टोटलले कलापूर्ण प्रभावपूर्ण र गरिमापूर्ण भाषाशैली महाकाव्यमा हुनुपर्ने विचार राखेका छन् । उनी महाकाव्यभर एउटै छन्दको प्रयोगका पक्षपाती देखिन्छन् । उनले षट्पदी जस्तो वीरोचित छन्दको प्रयोग हुनुपर्छ भन्ने विचार राखेका छन् ।

## ४.८. राजीवलोचन जोशीका कृतित्वको सङ्क्षिप्त परिचय

राजीवलोचन जोशीको पुस्तक र प्रकाशित पहिलो कृति '**केदारकल्प**' १९४३ हो । यस कृतिमा श्रृङ्गारिक तथा भक्ति दुवै विषयहरूको मूल प्रवृत्ति भन्नु श्रृङ्गारिकता थियो । श्रृङ्गारिक भावमा डुबी माध्यमिककालीन कविहरू राणाहरूकै विलास प्रियतालाई पोषण गर्न श्रृङ्गारिक कविता लेखेको पाइन्छ । राजीलोचनको '**केदारकल्प**'मा श्रृङ्गारिक भाव मात्र नभई भक्तिधाराको मीठो गन्ध पनि पाउन सकिन्छ । माध्यमिककालमा खण्डकाव्य समकक्षी काव्य लेखेर भानुभक्त पछि दोस्रा महाकाव्यकारका रूपमा परिचित रहेको देखिन्छन् । तत्कालीन राणाशासकीय परिवेशमा रहेर पनि पाठकवर्गलाई भक्तिमा लीन गराई जीवन मार्गको लक्ष्य खोज्न सफल बाटो देखाएको पाइन्छ । पौराणिक तथा सांस्कृतिक विम्ब प्रतीकको सफल आयोजना गरी लेखिएको यो केदारकल्प माध्यमिक कालको उच्चतम काव्य हो । राजीवलोचन जोशीको '**चानक भाषा श्लोक**' १९५० मा देखापर्दछ । ३०३ श्लोकमा अनुवाद गरिएको यो **चानक भाषा श्लोक** युग स्थितिको उपज नै रहेको पाइन्छ । माध्यमिककालमा भक्ति तथा श्रृङ्गारिक मात्र नभई क्षीण रूपमा नीति उपदेशको सुधारपरक धारा पनि थियो । संस्कृतमा नीति - उपदेशपरक विचारको ठूलो भण्डार रहेको पाइन्छ । यो

भण्डार भित्रका चाणक्य, विष्णुगुप्त वा कौटिल्यका रचना मानिएका छन् । संस्कृतमा रहेका यी नीतिहरूलाई अनुवाद गरी कवि जोशीले आफ्नो विद्वत्ता देखाउन सफल भएका छन् । यस्ता रचनाहरूमा विधि निषेधको व्यवस्थाका प्रसङ्गहरू देखाइएको छ ।

राजीवलोचनको **रुरुक्षेत्रकथा** अनुपलब्ध रहेको पाइन्छ । उनको अर्को कृतिका रूपमा 'प्रतिव्रता धर्म' १९५२ मा देखापर्छ । पौराणिक एवम् परम्परागत विषयवस्तु अंगालेर नारीधर्मको विस्तुत विवेचना प्रतिव्रता धर्ममा गरेको पाइन्छ । पतिव्रता धर्ममा नारीले बिहान उठेदेखि बेलुकीसम्म गर्नुपर्ने कार्यको अत्यन्तै कारुणिक तथा मार्मिक ढङ्गले उतारेको पाइन्छ ।

जोशीको अर्का महत्वपूर्ण कृतिको रूपमा '**विस्मातहर्ष तरङ्गिणी**' १९६८मा देखापर्दछ । वि.सं. १९६८ मा भएको श्री ५ महाराजधिराज पृथ्वीवीर वित्रम शाहदेवको स्वर्गवास र श्री ५ महाराजधिराज त्रिभुवन वीर विक्रम शाहदेवको राज्यारोहणको वर्णन गरेको पाइन्छ । राजीवलोचन जोशीको विदुरनीति २७ श्लोकको पद्याख्यायिका पनि देखा पर्दछ । यसमा जातले ठूलो र सानो हुने विवादमा सुनाइएका महत्वपूर्ण सूक्तिहरूले भरिएको यो विदुरनीति महत्त्वपूर्ण कृतिका रूपमा परिचित रहेको छ ।

जोशीका अन्य फुटकर तथा कूट कविताहरू पनि लेखेको पाइन्छ । सूक्तिसिन्धुमा रहेका उनका केही श्लोकहरू श्रृङ्गारिक भाव प्रस्तुत गर्नुका साथै राणहरूको घुमाउरो तरिकाले व्यङ्गया गरेको देखिन्छ । अर्को कवित्व शक्तिकै कारणले समस्यापूर्ति तथा कूट कविता लेख्नमा पनि खुवै सिपालु रहेको पाइन्छ । सामाजिक, धार्मिक, नीतिउपदेश परम्परागत मूल्य मान्यता तथा संस्कारगत परिपाटीलाई काव्यात्मक रूप दिई त्यसमा लेखनीकला देखाउने राजीवलोचनको नेपाली साहित्यमा उच्चतर योगदान रहेको प्रमाणित गर्न सकिन्छ ।

यसरी राजीवलोचन जोशीले विभिन्न विषयका काव्यकृतिहरू नेपाली साहित्य भण्डारलाई दिएका छन् । कविताको लघु रूप देखि वृहत्तमरूप महाकाव्य स्तरसम्मका उनका काव्यकृतिहरू रहेका छन् । उनी मूलतः भक्तिधार र अंशत श्रृङ्गारिक दुवै धारालाई समिश्रण गरी आफ्नो काव्ययात्रालाई दिशा प्रदान गरेका छन् ।

## ४.९. काव्यप्रवृत्तिगत विशेषता र योगदान

राजीवलोचन जोशीको काव्ययात्राले लगभग ३ दशकको छोटो समयमा नै उनका काव्य प्रवृत्तिको निश्चित विशेषताहरू निर्माण भइसकेको देखिन्छ । फुटकर लेख, रचनादेखि महाकाव्यको स्तरसम्म उनको कवित्वको विस्तार भएके पाइन्छ । यस क्रममा उनका विषयगत र शैलीगत वैशिष्ट्यलाई काव्यप्रवृतिका रूपमा चर्चा गर्नु सान्दर्भिक हुन आउँछ ।

### ४.९.१ भक्ति साधनाको वर्णन

राजीवनलोचन जोशीका कृतिमा भक्ति भावना व्यापक रूपमा प्राप्त गर्न सकिन्छ । धार्मिक, आध्यात्मिक तथा नैतिक विचारधाराले मानिसलाई सच्चा कर्तव्यनिष्ठ बनाउँछ भन्ने मान्यता बोकेका राजीवलोचन जोशीले **केदारकल्प** काव्यमा भक्ति साधनाको व्यापक चित्रण गरेका छन् । जीवन जगतलाई हेर्ने दृष्टिकोण वेदान्तदर्शनमा आधारित छ । जसअनुसार 'बह्म' मात्र एक सत्य हो । यो संसार त्यसको छाया अर्थात् उसै परम् सत्यद्वारा रचित माया मात्र हो । जीवन पनि सोहीअनुसार एकप्रकारको छाया मात्र हो र यसको लक्ष्य त्यस परम् सत्यमा गएर लीन हुन्छ अर्थात् विलीन हुनु हो भनिन्छ, तर यस मायारूपी संसार र जीवनको दुःखको मुहान उसका मनभित्रको इच्छा हो । काम, कोध, लोभ, मोह, मद सव खुःखका मुहान हुन् । यिनैले जीवनलाई उसको परम सत्यसम्म पुग्ने मार्गमा बाधा तुल्याउँछन् । यी तत्व नै मानवजीवनलाई भष्म पार्ने तत्व हुन र यी तत्वबाट मुक्ति पाउने मार्ग भगवानको स्तुति हो भन्दै सबैलाई यही बाटो रोज्न कवि आग्रह गर्दछन् । ज्ञान, साधना र भक्तिका माध्यमबाट आध्यात्मिक उन्नति गर्दै मोक्षमार्गसम्म पुगिने यर्थाथ सत्य राजीवलोचन जोशीले **केदारकल्प** काव्य मार्फत अभिव्यक्त गरेको पाइन्छ ।

जीवनको लक्ष्य वा सुख नै बह्ममा मिल्नु हो, ज्ञान साधना विना ब्रहम चिन्न र त्यसमा लीन हुन सकिदैन, ज्ञान नै बह्म प्राप्तिको सोपान हो भन्ने अभिव्यक्ति कवि जोशीको रहेको छ । सांसारिक माया, मोह ज्ञान प्राप्तिका तगारा हुन्, त्यसको प्राप्तिमा चित्तको एकाग्रता र साधना आवश्यक पर्छ भन्दै केदारकल्प काव्यको मुख्य नायक साधकी जीवन मार्गको बाटो खोज्दै ब्रह्म साक्षात्कार गर्न अगाडि बढ्छ एकचित्त हुन्छ । जसको फस्वरूप सुखको प्राप्तिका लागि ब्रह्ममा लीन हुन पुग्छ । राजीवलोचन जोशी मूलतः पूर्वीय आध्यात्मिक नीति र उपदेशहरूको मुक्तकष्ठले प्रशंसा र प्रचार गर्न कवि हुन । त्यतिखेरको

राजनैतिक, सामाजिक विषमपरिस्थितिबाट मुक्ति पाउने एउटै मात्र उपाय भक्तिसाधनमा लाग्नु थियो । यसैको फस्वरूप कवि जोशीले केदारकल्पको रचना गरेको बुझिन आउँछ ।

उनी ब्रह्म संस्कारमा हुर्किएका र धार्मिक, आध्यात्मिक प्रभाव परेकाले भक्ति साधना प्रति प्रेरित हुनु स्वाभाविकै देखिन्छ ।

भक्तिरस र सांसारिक विरक्तिलाई काव्य रूपमा व्यक्त गर्न राजीवलोचन जोशीले समाजमा भक्ति मार्गमा लागी अथावा भगवान्को निरन्तर साधनरत रहँदा पछिको निमित्त स्वर्गको सहजै बाटो खुल्ने भएकाले भक्ति साधनमा जुट्न आग्रह गर्दछन् । भक्ति मार्गमा लम्केको व्यक्ति जस्तोसुकै बाधा, अड्चन भएता पनि लक्ष्यमा पुग्न सक्छ भन्ने वास्तविक यर्थाथ केदारकल्प महाकाव्यमा प्रतिध्वनित भएको छ ।

### ४.९.२. **शोक वर्णन**

राजीवलोचन जोशी मूलतः करुण रसका कवि पनि हुन । श्री ५ पृथ्वीवीर विक्रमको निधनमा भावविह्वल भई **विष्मातहर्ष तरिङ्गिणी** भन्ने शोक पुस्तिका लेखेका छन् । यस काव्यमा श्री त्रिभुवनको राज्यरोहणप्रति हर्ष प्रकट पनि गरेको पाइन्छ । श्री ५ पृथ्वीवीर विक्रमको शोकमा पीडित भई कवि जोशीले अत्यन्तै त्रासदीय गम्भीर र कारुणिक प्रस्तुति यस काव्यमा अभिव्यक्त भएको पाइन्छ । पृथ्वीवीर विक्रमको निधनमा मुमा महारानीको आलाप-विलापलाई मार्मिक तथा कारुणिक ढङ्गले चित्रण गरेको पाइन्छ । कवि जोशी जुनसुकै विषयवस्तुलाई संयोजन गरी त्यसमा काव्यात्मक शिल्प भर्न खप्पिस रहेको पाइन्छ । राजाको मृत्युमा दुखित भएका जोशीले यमराज वा काललाई दृष्ट वा पापीको संज्ञा दिएका छन् । आफ्नै पारिवारिक वियोगबाट शोकमग्न भएका कवि जोशीले राजा पृथ्वीवीर विक्रमको निधनमा गहिरो शोकानुभूति प्रकट गर्दै रानीको दुःख, छटपट्टी, व्यथा तथा कारुणिक पक्षलाई काव्यात्मक रूप दिई आफ्नो साहित्यिक शोक काव्य देखाउन सफल भएको पाइन्छ ।

### ४.९.३ **प्रकृति वर्णन**

राजीवलोचन जोशी प्रकृति वर्णनमा रुचि राख्ने कवि हुन् । उनी प्रकृतिलाई वस्तुपरक ढङ्गले चित्रण गर्दै त्यसलाई मानव मनोदशासँग तादात्म्य रूपमा प्रस्तुत गर्न सिपालु देखिन्छन । यस क्रममा उनले प्रकृतिलाई काव्यको मुख्य विषयको रूपमा चुनेको समेत पाइन्छ । जोशीको केदारकल्प काव्यमा प्रकृतिको व्यापक चित्रण गरेको पाइन्छ । प्राकृतिक चित्रणका दृष्टिकोणले

कवि राजीवलोचन जोशी देवकोटा जस्तो स्वच्छन्दतावादी नभई अंशतः समकक्षी नै रहेको पाइन्छ । स्वच्छन्दतावादी देवकोटा पनि सम्पूर्ण अंग्रेजी रोमान्टिक काव्यधारातर्फ रुसोको प्रकृतितर्फ 'फर्क'बाट प्रभावित बन्दै बङ्गलाकवि रविन्द्रनाथले त्यसलाई तपोवनको संस्मरणतिर प्रवृत्त गरेझै 'शाकुन्तलामा' प्रकट हुन्छन् । रोमान्टिक कविहरूकै देवकोटा पनि नागर जीवनका र सामान्ती सभ्यताको कोलाहल अनि औद्योगिक युगका आतङ्कबाट उद्विग्न बन्दै प्रकृति, प्राकृतिक जीवन र प्राकृतिक आदर्शको महान गायक बन्न पुग्छन् । प्रकृति प्रति अगाध आस्था राख्ने देवकोटा सामाजिक -दार्शनिक सन्दर्भबाटै प्रकृतिप्रेरित हुन्छन् । त्यस्तै राजीवलोचन जोशीले पनि प्रकृति प्रति तादाम्यता राखेका छन् । प्रकृतिको विभिन्न ठाउँको मनोरम दृश्य केदारकल्पमा जोशीले उतारेका छन् । केदारकल्प काव्य भित्र तपोवनको र प्रकृतिको विस्तृत चित्रणका साथै प्रकृतिमूलक भाव सौन्दर्य र सामाजिक धार्मिक तथा वैचारिक झझल्काहरू पाइन्छन् ।

केदारकल्प काव्यमा प्रकृतिका कविशिरोमणिको उन्मुक्त विचरण प्रतीत हुन्छ । धर्ती र आकाशका विविधवस्तु विविध समयमा विविध छविमा यस काव्यमा देखा पर्दछ । यसरी प्रकृतिको अत्यन्त व्यापक प्रयोग भएको यो कृति माध्यमिक कालमा अरू कुनै छैन भने पनि हुन्छ । आफ्ना भावनासँग कवि प्रकृतिको बयान गरिरहन्छन् प्रकृतिलाई विवाह मण्डपरूपको रूपमा चित्रण गर्ने सन्दर्भमा कवि भन्छन्-

गम्भीर तलाउ कही छन गहिरा इनार छन् ।
कुवाकही वीच ह्वेली उचा बहुत छन् ।

श्रीखण्ड आँप कदलीहरू वृक्ष धेरै छन् ।
मङ्गल विवाह भूमि नित्य सदा रहन्छन् ।

प्रकृति चित्रणका दृष्टिकोणले कतै लेखनाथको वस्तुपरक (तन्मय)मा त कतै देवकोटाको जस्तो आत्मपरक (मन्मय)मा पुग्छन् । भक्तिमार्गमा लागेको साधकी बाटामा अनेक प्राकृतिक सौन्दर्यको आश्वादन गरी मख्ख परेको हुन्छ । प्रकृतिका त्यस्ता जादूमय ठाउँको स्नेहजडित गर्दै साधकी भगवान दर्शनमा दत्तचित्र भई लाग्छ । कवि जोशी प्रकृति चित्रणमा देखाएको कवित्व शक्तिले माध्यमिककालको नेपाली साहित्यमा अग्रणी व्यक्तित्वका रूपमा परिचित रहेका छन् । यस काव्यमा हिमाल, पहाड, नदीनाला, भीर, पाखा, पखेरा, पहारा, छहरा जस्ता

विविध पक्षको तन्मय तथा मन्मय वर्णन गरेका छन् । उनले काव्यमा नयाँ विम्ब र प्रतीक बनाएर काव्यलाई सफल र सजीवता प्रदान गरेका छन् । मानवीय मनोभावदशासँग प्राकृतिक छरा र परिवेशको साक्षात्कार देखाउनु उनको महत्पूर्ण काव्य प्रवृत्तिगत विशेषता रहेको पाइन्छ ।

### ४.९.४ श्रृङ्गारिकता

कवि राजीवलोचन जोशी श्रृङ्गारिक भावधारालाई काव्यमा सशक्त रूपमा प्रस्तुत गरेको पाइन्छ । दरबारीय राणाहरू भोगविलासमा रम्ने भएकाले उनीहरूलाई खुशी पार्नका लागि श्रृङ्गारिक भावचेतना भएका काव्यकृतिहरू लेख्नुपर्ने अवस्था थियो । यस्तो समयमा कवि राजीवलोचन जोशीले नायक-नायिकाको हावभाव, नग्नताको खबै बयान गरेको पाइन्छ । मोतीराम भट्टले थालेको श्रृङ्गार रसलाई व्यापक र विस्तृत रूप दिने काम कवि राजीवलोचन जोशीले गरेको पाइन्छ । प्रेम, विरह र स्मृतिको छट्पटी, मिलनको चाहाना, नारी चाहाना, पुरुष समर्पण, युवायुवतीको मनोदशा जस्तो श्रृङ्गारिक उनका काव्य कृतिमा पाइन्छ । **केदारकल्प** काव्य कवि जोशीले सुन्दरीहरूको कोमल अङ्गहरूको बयान यसरी गर्छन्

कोमल देह छ बेल समान कुच छन् टेढा गरी हेर्दछन्
हिड्दामा पनि बाहुले त फरिया गुत्थो उभो सार्दछन्

यस काव्यको नायक साधकी भक्तिमार्गमा अगाडि बढ्दै जाँदा सुन्दरी अप्सराहरूले कामवासनामा उत्प्रेरित गराउँदै भन्छन् :

पाञ्यू बल्ल त फेरि हामी जनमा छोडेर जानू कहाँ
हामीलाई नछोड आज तिमिले छोड्यौ भन्या पापले ॥

केदारकल्प काव्यमा कवि जोशीले श्रृङ्गारिक भावधारालाई मलजल गर्दै सम्भोग तथा विप्रलभ श्रृङ्गारको वर्णन गरेको पाइन्छ । शिष्ट र अशिष्ट जस्ता श्रृङ्गारिक विषयवस्तुलाई आत्मसात् गरी सुन्दरीहरूको विभिन्न कोमल अङ्गहरूको वर्णनमा कवि जोशी निकै अगाडि छन् ।

### ४.९.५ पौराणिक विषयवस्तु

राजीवलोचन जोशीले पौराणिक विषयवस्तुलाई महत्त्व दिएर काव्य रचना गरेका छन् । कर्मकाण्ड, हिन्दूधर्म र पौराणिक कविता लेख्न सक्ने जोशीले संस्कृतको राम्रो अध्ययन गरेको

पाइन्छ । केदारकल्प काव्य पौराणिक विषयवस्तुमा आधारित भई लेखिएको उत्कृष्ट महाकाव्य हो । उनले पौराणिक विषयवस्तुलाई उत्पाद्य रूप दिई यो काव्यको रचना गरेका छन् । यसका अतिरिक्त उनले पौराणिक विम्ब सन्दर्भहरूको प्रयोग पनि प्रशस्त प्रयोग गरेका छन् । यसकारण कवि जोशीको पुराण तथा पौराणिक विषय वस्तु बनाई युग तथा परिवेश अनुसार त्यसमा साहित्यिक शिल्पगत चमत्कार भर्न सक्ने उत्कृष्ट साहित्यकारका रूपमा परिचित छन् ।

### ४.९.५ **वैचारिक दृष्टिकोण :**

राजीवलोचन जोशीले हरेक कविताहरूमा वैचारिक सन्देश दिन खोजेका छन् । यस क्रममा उनले सशक्त वैचारिक काव्यको रूपमा भने 'केदारकल्प' महाकाव्य देखिन आउँछ । यो काव्यमा निजी विचार तथा व्यङ्ग्यत्मक धारणाहरू प्रकट भएका छन् । जस्तो :

छोरो खान्छ छ मुखले हजुरता खान्या मुखै पाँचले
आर्की पुत्र छ पेटहा गरुं कसो गाह्रो पऱ्यो खर्चले ॥
धर्काम सक्तिन गर्नुहोस् गडांडी भै उद्योग नगर्‍या कति ।
हाँसी शंकरलाई भन्दी सबको मङ्गल गरुन पार्वती ॥

अल्छि गजडी लोग्नेप्रति गृहिणीले व्यङ्ग्य गरेर घर व्यवहार चलाउन नारीलाई पुरुषले सहयोग गर्नुपर्ने जस्ता वैचारिक पक्ष यस काव्यमा जोशीले अभिव्यक्त गरेका छन् । सांसारिक भोक र तृष्णाका धेरामा 'केदारकल्प' नै सशक्त वैचारिक चिन्तनशीलताको रूपमा रहेको छ । वास्तवमा पूर्वीय दर्शनलाई कविताको रूप दिने कार्यमा आफ्ना मौलिक वैचारिक चिन्तनहरूको प्रस्तुति गर्न कवि सपल भएका छन् । कवि जोशी प्रथमतः पूर्वीय दर्शनको यथावत् प्रतिपादन गरे, अनि त्यसपछि समय र युगचेतनका सापेक्षतामा पूर्वीय दर्शनलाई प्रयोग गर्न प्रवृत्ति लिन थाले जसलाई केदारकल्पले स्पष्ट पारिदिएको छ । वास्तवमा उनको मूल वैचारिक चिन्तन नै आध्यात्मिक विवेकको जागरणबट मनुष्यका आशक्ति प्रवृतिलाई मुक्ति दिन चाहनु हो । सामाजिक र आध्यात्मिकताको समन्वयमा मात्रै समाज स्वस्थ रहन सक्दछ भन्ने उनको वैचारिक मान्यता अत्यन्त सशक्त रहेको छ । हरेक व्यक्तिमा आसुरी प्रवृत्तिको निर्मूल भई मुक्तको चाहना रहँदा मात्रै समाज स्वस्थ हुन सक्ने अभिव्यक्ति भित्र नै कवि जोशीको वैचारिकता टाँसिएको छ ।

आध्यात्मिकता र सांसारिकताको सन्तुलन गर्दा उनी नयाँ दर्शन प्रस्तुत गर्न पुग्छन् । संसार अध्यात्मबाट निर्देशित हुनुपर्दछ अन्यथा मान्छे बढी जडवादी बन्दै जान्छ र मानव चेतना नै हराउने संभावना उनी देख्छन् । ईश्वर, स्वर्ग, नर्क सबै मान्छेको मनभित्र छन्, अन्यत्र खोज्न जानु पर्दैन भन्ने धारणा राजीवलोचनको छ । त्याग र तपस्या गरी भक्ति साधनमा लागे मान्छेले उद्देश्य प्राप्ति सजिलो पाउने उनको जिकिर रहेको छ । जडवादको विकासले गर्दा मानव चैतन्यको ह्रास भएको छ । मान्छे भोगवासनामा लिप्त भई रोगी हुदैछन् भन्ने उनको दृढ्ता काव्यमा व्यक्त भएको छ । ती रोगीहरूलाई भौतिक मलमपट्टीले भन्दा आध्यात्मिकता भक्ति साधनाका गोलीले उपचार गर्न सकिन्छ भन्ने राजीवलोचनको वैचारिक धारणा यस काव्यमा व्यक्त भएको पाइन्छ । यसरी उनका काव्यप्रवृत्तिगत सन्दर्भलाई हेर्दा वैचारिक पक्ष पनि महत्त्वपूर्ण रहन गएको छ ।

उनी पुराणबाट पनि प्रभावित भएकोले त्यसको प्रभाव ग्रहण गरी आफ्ना विचारहरू केदारकल्पमा पोखेका छन् । कामवासनाको निन्दा गर्न जोशीले मान्छेका दैवी र आसुरी प्रवृत्तिलाई एक एक गरी केलाएका छन् । भक्तिको बाटो रोजी बह्मसाक्षात्कार गरेमा मोक्ष हुने वास्तविक यर्थाथ यहाँ प्रकट भएको छ । भोगविलास मानिसको घातक शत्रु हो, यसबाट बच्न आध्यात्मिक ज्ञानको आलोकमय ज्याति शिरोधार्य गर्नुपर्छ भन्ने मान्यता उनी राख्दछन् । जीवन अप्ठ्यारो छ, सांसारिक माया जालमा नफसी जीवन मार्गको लक्ष्य प्राप्त गर्न क्षणिक भोगविलासमा नडुवी संधर्षमय भक्ति साधनमा जानुपर्ने विचार कवि जोशीको रहेको छ ।

**केदारकल्प** काव्यको मुख्य नायक साधकी जस्तोसुकै बाधा, अड्चन तथा कामवासनामा लिप्त नभई अगाडि बढ्दै जाँदा लक्ष्यमा पुगेको दृष्टान्त यस काव्य मार्फत जोशीले अभिव्यक्त गरेका छन् । यसर्थ कवि राजीवलोचनको वैचारिक पक्ष निकै सशक्त रूपमा अगाडि बढेको पाइन्छ । उनको वैचारिक पक्ष लेखनाथीय विचारसँग समकक्षी रहेको भान प्रतीत हुन्छ ।

### ४.९.७ भक्ति र श्रृङ्गारिकताको समायोजन

कवि राजीवलोचन जोशीले आफ्ना काव्य कृतिहरूमा भक्ति र श्रृङ्गारिकताको समायोजन गरेका छन् । माध्यमिककालको मुख्य प्रवृत्ति श्रृङ्गारिक भावधार हो । माध्यामिककालका कतिपय श्रृङ्गारिक भावधारामा अडिग रही दरबारीय राणाहरूलाई मनोरञ्जन प्रदान गरेको देखिन्छ । तर कवि राजीवलोचन जोशीले एकातर्फ श्रृङ्गारिक भावका

श्लोक रचना गरी भोगविलासमा उन्मत्त भएका राणाहरूलाई मनोरञ्जन प्रदान गर्दथे भने अर्कातिर भक्ति साधनाको वर्णन गरी जीवनमा मोक्ष प्राप्त गर्न खालका चिन्तन पक्ष आएको देखिन्छ । उनका भक्ति र श्रृङ्गारिक दुबै विषयले आफ्ना काव्यमा ठाउँ दिएका छन् । जोशीले माध्यमिककालीन श्रृङ्गार धारालाई आत्मसात गरे भने अर्कातिर विलीन हुन गइरहेको प्राथमिक कालीन भक्तिधारालाई अवलम्बन गरी मानवलाई मीठो नैतिक तथा आध्यात्मिक ज्ञान चखाएका छन् । भक्तिधारा माध्यमिक कालमा आएर श्रृङ्गारिक धारासँग पौढेजोरी खेल्न नसकेको अवस्थामा कवि जोशीले भक्ति परम्परालाई पनि जीवित तुल्याइदिएका छन् । मूलतः मोतीराम भट्टले थालेको श्रृङ्गारिक धारालाई अवलम्बन गर्दै त्यसमा भक्तिको मीठो गान गर्नु कवि जोशीको निकै नै व्यक्ति प्रतिभा देखिन आउँछ । यसर्थ भक्ति र श्रृङ्गारिकताको समायोजन पनि उनको महत्वपूर्ण काव्यगत विशेषता रहेको पाइन्छ ।

### ४.९.८ **शैलीशिल्पगत विविधता** :

राजीवलोचन जोशीको शैली अंशतः श्रृङ्गारिकता मूलतः भक्ति हो । उनले पूर्वीय आध्यात्मिकता साथै प्रकृति चित्रणका दृष्टिकोणले अंशतः स्वच्छन्दवादी अभिव्यक्ति पद्धतिका माध्यमबाट प्रगतिवादी चिन्तनलाई प्रस्तुत गरेका छन् । शैलीशिल्पगत पद्धतिका दृष्टिले उनी लेखनाथ तथा भानुभक्तसँग बढी नजिक रहेको पाइन्छ । तर उनको स्वच्छन्दतावादी उनको अत्यन्तै गौण काव्यगत प्रवृति हो । पूर्वीय काव्यशास्त्रीय मान्यतामा अडिग रहन रुचाउने कवि जोशीले छन्द, लय, अलङ्कार, रस, रीति र गुण जस्ता शैली पक्षको प्राञ्जलपूर्ण आयोजना गरेका छन् । समय तथा युग परिवेश अनुसारको समसामायिक यथार्थ सत्यलाई उद्घाटन गर्नुका साथै रसिलो र घुमाउरो व्यङ्गयात्मक शव्द शैली शिल्पगत विविधता रहेको पाइन्छ ।

### ४.९.९ **योगदान**

राजीवलोचन जोशी नेपाली साहित्य जगतका अथक साधक हुन् । यस क्रममा उनले नेपाली साहित्य जगतलाई प्रशस्त फुटकर कविता देखि लिएर झन्डै एक दर्जन जति कृति प्रदान गरेका छन् । उनका केही कृतिहरू हराएको अनुमान गर्न सकिन्छ । हराएका कृति अझै पनि फेला पार्न सकिएको अवस्था छैन । उनको योगदानलाई अझ चरितार्थ गर्नका लागि अध्ययन अनुसन्धानको व्यापक आवश्यकता रहेको अनुभव हुन्छ । काव्यफाँटमा उनले मूलतः भक्ति श्रृङ्गार तथा शोक काव्यमा सफलता हासिल गरेका

छन् । माधव प्रसाद घिमिरेले निर्माण गरेको शोक काव्यको बाटोमा कवि जोशीका शोककाव्यले छुट्टै पहिचान राखेको छ । पुराणबाट प्रभावित भई कवि जोशीले केदारकल्प महाकाव्यमा जुन भक्तिगाथा र श्रृङ्गारिकता समायोजन गरेर महाकाव्यात्मक परिणति दिएका छन्, त्यो नेपाली महाकाव्य परम्पराका लागि शैली-शिल्प युगचेतता र उच्च कवित्व प्राप्तिका दृष्टिले महत्त्वपूर्ण रहेको छ । भानुभक्तको भाषातन्त्रको छहारीमा बसी सृजना गरेका उनका कृतिहरूले नवीन मान्यता तथा समसामायिक युगीन परिवेशको मीठो काव्यात्मक रूप दिई नेपाली साहित्यमा अपार योगदान दिएका छन् । पूर्वीय आध्यात्मवादलाई स्नेहजडित गर्दै मानवमनलाई कामवासनाको क्षणिक सुख सुविधाभन्दा पनि भक्तिको बाटो रोज्न प्रेरित गर्न उनको काव्यगत वैशिष्ट्य स्पष्ट रूपमा झल्कन्छ, जुन आजको आधुनिक युगमा आएर भौतिकताको आलोचना गरी भक्तिसाधनमा जुट्न उत्साहित गरेको प्रमाणित हुन्छ । फुटकर लेख रचना देखि लिएर '**केदारकल्प**', **पतिव्रताधर्म**, '**विस्मातहर्षतरङ्गिणी**' **चानकभाषा श्लोक** जस्ता विविध विषयवस्तुका काव्यहरूमा गरेको कवित्वको सहज प्रवाह, भक्तिगाथा र समसामायिक युगीन सन्दर्भ नेपाली साहित्यका लागि महत्वपूर्ण प्राप्ति हुन् ।

## ४.१०. विभिन्न युगीन सन्दर्भमा नेपाली महाकाव्य

साहित्य समाजको प्रतिबिम्ब भएझैं समसामयिक घटनाक्रमहरूले साहित्यमा प्रविष्टि पाएका हुन्छन् भने साहित्यको कला, चेतना र कल्पनाले समाजलाई समेत दिशा निर्देश गरेकै हुन्छ । पुरानो साहित्यमा इतिहास, लोकगाथा र पुराणमा आधारित कथा र विषय समेत साहित्यमा प्रयुक्त हुँदा तत्समयको समसामयिक चेतना र कला मिसिएर नवीनरूपमा अभिव्यक्ति भएको पाइन्छ । बदलिँदो समय, प्रविधि, चेतना आदिको विविध प्रभाव र प्रयोगले महाकाव्यमा इतिहास पुराणमा आधारित कथानक मात्र हुनुपर्छ भन्ने अकाटच नियम रहन अवश्य सक्ने थिएन । देवकोटाको '**शाकुन्तल**' महाकाव्यमा पौराणिक पात्र, परिवेश र कथ्य हुँदाहुँदै पनि आधुनिक चेतना र जीवनको रूप प्रतिबिम्बित भएको भेटिन्छ । बालकृष्ण समको '**चिसो चुल्हो**' महाकाव्य कथ्य र विषयवस्तुका दृष्टिले युगान्तकारी सिद्ध भएको छ । त्यति मात्र होइन हाम्रो प्राथमिक कालीन महाकाव्यकार भानुभक्त आचार्यको ...**रामायण**' महाकाव्यमा रामायणकालीन पात्र र परिवेशलाई नेपालीकरण गरिएको देखिन्छ । ती पात्रहरूको संस्कृति र

जीवन पद्धतिमा नेपालीत्व प्रतिबिम्बित भएको पाइन्छ । महाकाव्यका नायक देवता वा क्षेत्री मात्र हुनुपर्छ भन्ने पुरातन विचार आजको समाजको अपेक्षा हुन सक्दैन ।

साहित्य जीवन र जगतको आभिव्यक्ति वा आलोचना जे भने पनि साहित्यिक अभिव्यक्ति हुने विचार, दर्शन, समाज, संस्कृति आदि सबै लोक जीवनकै कलात्मक अभिव्यक्ति हुन् । जीवन र जगतको वारेमा स्रष्टाले गरेको बोध, अनुभवको कुनै पनि कथा महाकाव्यको विषय हुन सक्छ । साहित्यमा खास एक वर्गको पात्रको अपेक्षा आधुनिक समयमा गर्न सकिदैन । समको '**चिसो चुल्हो**' मा नै सन्ते दमाइ नायकको रूपमा प्रस्तुत गरिएको छ तर समले एक्कासी महाकाव्य परम्परालाई क्रमभङ्ग गरेको भन्नु उपयुक्त हुँदैन । यसो हुनमा प्राथमिक तथा माध्यमिक कालीन नेपाली काव्यकारहरूले महाकाव्यका नायक व्यक्तित्वमा गरेको क्रमिक परिवर्तनले चिसो चुल्होमा मूर्त प्रकटीकृत रूप लिएको मात्र हो ।

नेपाली साहित्यको प्राथमिक कालमा महाकाव्यले औसत रूपमा प्राचीन महाकाव्यका आधिकांश नियम मानेको देखिन्छ । त्यो क्रममा केही क्रमभङ्गता माध्यमिककालमा देखा पऱ्यो । माध्यमिक कालमा युगीन परिवेशको प्रभावबाट तत्कालीन नेपाली जनमानस, कवि, साहित्यकारहरू पनि अछुतो रहन सकेनन् । तसर्थ तिनीहरूले पनि युगीन सन्दर्भ अनुरूपका मनोरञ्जनमूलक श्रङ्गारिक कविता सिर्जनातर्फ उन्मुख भएको पाइन्छ । नेपालको दरबारीय संस्कृति भोगविलासी र सामन्ती मनोरञ्जनतर्फ अभिमुख भएको हुँदा प्राथमिक कालीन भक्ति काव्यमा क्रमभङ्ग भई श्रृङ्गारतर्फ प्रविष्ट भएको देखिन्छ । यसकालका कृतिहरूले पनि पौराणिक, धार्मिक, नैतिक, औपदेशिक, सामाजिक आदि विषयवस्तुलाई समसामयिक, युगीन सन्दर्भमा मौलिक रङ्ग दिएर काव्य कृतिको रचना गरेको पाइन्छ । माध्यमिक कालीन काव्यकारहरूमा मोतीराम भट्ट, पद्मविलास पन्त, तेजबहादुर राना, राजीवलोचन जोशी, नरदेव पाण्डे, डोलेश्वर पाण्डे, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, रामप्रसाद सत्याल, शिखरनाथ सुवेदी, पहलमानसिंह स्वार, कृष्णप्रसाद रेग्मी, शम्भुप्रसाद ढुङ्ग्याल आदि रहेका छन् ।

नेपाली काव्य साहित्यमा प्राथमिक कालमा भक्ति धाराको वर्चस्व रह्यो । दैवी शक्तिको अदृश्य रहस्य तथा शक्ति र भक्तिको स्तुति परम्परामा सम्पूर्ण साहित्य अभिमुख भयो । तर समसामयिक नेपाली जीवन र जगतले कथा र साहित्यमा यथार्थ मुखरित रूप भने माध्यमिक

कालमा नै प्राप्त गर्‍यो । वसन्त शर्मा र भानुभक्त जस्ता प्राथमिककालीन कविहरूले श्रीकृष्ण र राम जस्ता पुराणका वीर चरित्रलाई लिएर काव्य लेखेपनि त्यसले नेपाली जीवनको युगीन आवाजलाई पूर्णता दिन सकेन । यस्तै काव्यात्मक परम्परामा युगीन जीवनको दमित आकांक्षा लिएर राजीवलोचन जोशीले '**केदारकल्प**'को रचना गरेको देखिन्छ । जसले वीरकाव्य परम्पराको अन्त्य गर्न युगान्तकारी भूमिका खेल्यो । यस केदारकल्पको कथावस्तु स्कन्ध पुराणबाट लिइएको भए तापनि यो युगीन सन्दर्भको मूल्यबोध भएको जीवन्त महाकाव्य हो । पछि अन्य कविहरूले पनि युगीन आवाजलाई काव्यात्मक रूप दिने काम निरन्तर गर्दै जाँदा नेपाली साहित्यले लक्ष्मीप्रसाद र वालकृष्ण समजस्ता महाकाव्यकारहरूलाई प्राप्त गर्न सकेको हो । समसामयिक वर्तमान नेपाली साहित्यमा प्राचीन संस्कृत महाकाव्य परम्परामा वर्णित पात्र, कथावस्तु, वस्तुविन्यास आदि सबै पक्षमा क्रमभङ्ग भई युगीन सन्दर्भको मूर्तरूप वर्णित भएको पाइन्छ । प्राचीन कालमा साहित्यको केन्द्रमा रहेको काव्य आज गौण बनेको छ । स्रष्टाहरू काव्यभन्दा आख्यान, निबन्धजस्ता विधामा अगाडि बढेका छन् ।

## ४.११. राजीवलोचन जोशी र "केदारकल्प"को विवेचना

### ४.११.१. परिचय

काठमाडौँ मरुटोल निवासी खिल शर्मा सेढाईका छोरा राजीवलोचन जोशीले संस्कृत शिक्षा आर्जन गरी पुरत्याइँ र ज्योतिष पेशा मात्र अंगालेका थिएनन् । उनी लप्टन पनि भएका थिए । नेपाली साहित्यमा मोतीरामद्वारा कविशिरोमणिको उपाधि पाएका जोशीले **केदारकल्प** ( १९४३ पूर्व) **बुद्धिचानक भाषा** १९५०, **पतिव्रता धर्म भाषा** १९५० **विदुरनीति** १९५९, **विस्मात् हर्ष तरङ्गिणी** १९६८, **गञ्जि-फाष्टक**, **कालिकाष्टक** आदि कृतिहरू प्रकाशित गरेका छन् भने उनका श्रृङ्गारिक भावधाराका फुटकर रचनाहरू सङ्गित चन्द्रोदय, सुन्दरी, श्लोकसङ्ग्रह, सूक्तिसिन्धु आदि पत्रपत्रिकामा छापिएका छन् ।

राजीवलोचन जोशीको **केदारकल्प** नेपाली काव्यपरम्परामा प्रारम्भिक र मध्यकालको सन्धी भएको पाइन्छ । नेपाली साहित्यको माध्यमिककालका सर्वश्रेष्ठ कवि तथा समालोचक मोतीराम भट्टले **केदारकल्प** तथा राजीवलोचन जोशीको प्रशंसा गरेका छन् । उनले श्रृङ्गार रसले युक्त केदारकल्पमा भक्तिरस छर्किदिएकोले केदारकल्पलाई श्रेष्ठ कविता भनेर प्रशंसा गरेका छन् भट्टका अनुसार श्रृङ्गार रसले युक्त काव्य श्रेष्ठ काव्य हो र त्यसमा भक्ति र

श्रद्धाका पक्ष पनि भएकोले केदारकल्पलाई मोतीराम भट्टले प्रशंसा गरेको देखिन्छ ।[९१] मोतीराम भट्टले राजीवलोचन जोशीको वर्णन संवत १९४३ साल पौष शुक्ल ६ शुक्रबार गरेको स्पष्ट मिति छ । उक्त मितिमा उनले राजीवलोचनको 'केदारकल्प' प्रशंसा गरेको हुँदा यो कृतिको रचना र प्रकाशन काल १९४३ को पूर्वार्ध वा सो भन्दा अघि हुनुपर्ने देखिन्छ । किनकि, मोतीरमले यै ग्रन्थ जानी लिनु र यै ग्रन्थ रोजी लिनू भनेका छन् । यो पुस्तक १९४३ पूर्व नै रचना र प्रकाशन भएको प्रष्ट सङ्केत हुँदाहुँदै पनि यसको प्रथम संस्करण हुन सकेको छैन । श्रृङ्गार र भक्तिरसले भरिएको यस काव्यमा मानवीय मोह र वैराग्यको आकर्षण र कलालाई जीवन्त रूपमा प्रस्तुती गरिएको पाइन्छ ।

हिमालय कैलाशमा निकै मिहिनेतका साथ अथवा माया-मोहमा नअलमलिई निरन्तर यात्रा गर्दा भगवत् भक्तिमालागेर शिवदर्शन पाई लक्ष्य पूरा भएको राजीवलोचन जोशीको केदारकल्पको मुख्य विषय रहेको छ । यो काव्य मूलतः पुराणको प्रभाव र आधारमा लेखिएको छ । एकासी हज्जार एक सय श्लोक भएको स्कन्ध पुराणमा विभिन्न विषयहरू प्रशस्त छन् । त्यस भित्र भएको केदारकल्पको मात्रै आधार र प्रभाव परी यो काव्य लेखिएको हो । यो काव्यमा जुनसुकै बाधा अड्चन आएता पनि त्यस्ता अवरोधलाई हटाई एक चित्त भई साधना गर्दा संसारबाट पार पाई भगवत् धाम पुग्न सक्ने कारणले गर्दा यो ग्रन्थ लेख्न रोजेको देखिन्छ ।

### ४.११.२. **लय, संरचना र आयाम**

केदारकल्प महाकाव्यमा वसन्ततिलका, शार्दूलविक्रीडित, स्रग्धरा, मालिनी, भुजङ्गप्रयात, स्वागता, शिखरिणी आदि प्रचलित मीठा छन्दलयको प्रयोग गरिएको छ । कविले छन्दहरूलाई बीच-बीचमा मिसाएर समेत प्रयोग गरेका छन् । मंगलाचरणका रूपमा आएको दुई श्लोकमा बसन्ततिलका र शार्दूलविक्रीडत छन्दको प्रयोग गरी कविले काव्यात्मक लयलाई मीठो बनाएका छन् । चार पंक्तिका ४८९ श्लोक रहेको यस महाकाव्यमा भावोन्मुखता पाइन्छ । कविले एउटै पटलभित्र पनि विभिन्न छन्दका श्लोकहरू प्रयोग गरेर थरीथरीका विभिन्न छन्दलाई खेलाउनेप्रयास प्रस्तुत महाकाव्यमा पाइन्छ । कविले वर्णहरूलाई विगारेर भएपनि छन्दलाई मिलाउन खोजेका छन् । छन्दको बाह्य र अन्तसंयोजनमा आयोजना र कविको छन्दसिद्धि

[९१] 'राजीवलोचन जोशी र केदारकल्प', पृष्ठ १२५ ।

प्रशस्त भेटिन्छ । कविले नेपाली ग्राम्यलोक बोलीका सहज शब्दलाई लेख्दै जाँदा नै छन्दको सहज अभिव्यक्ति भएको देखिन्छ । कविको भावप्रवाहमा भन्दा पनि विषय वर्णनमा छन्द पर्याप्त नियन्त्रण रहेको छ । अन्त्यानुप्रास अधिकांश ठाउँमा स्वभाविक रूपमा मिल्न आएको देखिन्छ । जसले गर्दा काव्यको लय सहज र स्वभाविक बनेको छ र तर ठाउँ-ठाउँ कविको सायस आयोजना समेत देखिन्छ । प्रत्येक पटलको सुरुमा अथ र अन्त्य बुझाउने इति शब्द समेत प्रयोग गरिएको यस काव्यका पटलहरूलाई प्रथम द्वितीय ....... गरी राखिएको छ । प्रथम पटलमा २९ क्रमशः १३, ३६, २५, १३, ६९, २५, १२, १४, १३, ८, २०, १८, १६, २०, २५, १८, ४१, १७, २२, २२ र २५ गरी जम्मा ४८९ श्लोक रहेका छन् । तर यस महाकाव्यको अन्त्यमा ४९१ श्लोक राखिएको छ । जोशी स्वयम्ले प्रकाशन गरेको संस्करणको श्लोक थपी उल्लेख गर्दा ४९० हुन जान्छ । यसरी श्लोक संख्याको अनुपातमा हेर्दा यो महाकाव्य 'नातिस्वल्पा नातिदीर्घाः सर्गको नियममा रहेको देखिदैन । प्रायः धेरै पटल र वर्णनात्मक शैलीका रहेको छन् । प्रथम पटलमा मंगलाचरण र कथाको माहात्म्य वर्णन गरिएको यस काव्यमा भक्ति र श्रृङ्गारमा विविध पक्षको वर्णनमा कवित्व सफल रहेको देखिन्छ ।

### ४.११.३. **कथावस्तु**

**केदारकल्प**को कथावस्तु स्कन्द पुराणमा आधारित पौराणिक रहेको छ । उक्त पौराणिक आख्यानलाई महाकवि जोशीले भावानुवाद गरी मौलिकता समेत प्रशस्त थपेका छन् । पौराणिक समयको प्रख्यात स्कन्द पुराणबाट श्लोक संख्या मात्र कटौती गरिएको छैन कि मन्त्रका कुरा, उवाचका कुरा, विधि विधानका कुरालाई हटाएर नेपाली वातावरण तथा सांस्कृतिक परिवेश अनुकूल बनाएर प्रस्तुत गरेका छन् । स्कन्द पुराणमा साधकको कथा रहेकोमा जोशीले साधकी शब्दको प्रयोग गरेर स्त्री लिङ्गी शब्द पुरुषको लागि प्रयोग गरेका छन् भने उनले शम्भू शब्दलाई ईश्वर शब्दमा परिमार्जन गरी व्यापक बनाएका छन् । यी परिवर्तनहरूले केदारकल्पको कथावस्तुको स्वरूपलाई मौलिक बनाएको छ । यसरी हेर्दा उनको केदारकल्पको विषयमा प्रशिद्ध पौराणिक मात्र नभई मौलिकता पनि रहेको छ । उत्पाद्यता र प्रसिद्धताको सन्धिको रूपमा नै यस महाकाव्यको कथावस्तु बनेको छ ।

२१ पटलमा विभाजित तथा साधीको कठोर साधना र विभिन्न नारी तथा नगरको सौन्दर्यको कल्पनाप्रसूत वर्णत गरी मौलिकता र निजत्व दर्शाइएको यस महाकाव्यका हरेका पटलमा निम्नलिखित घटनाहरूद्वारा कथावस्तुको निर्माण भएको पाइन्छ ।

**पटल – १** : मंलगचारण, महापथ यात्रा, केदारेश्वरको दर्शन र रेतकुण्डको जलको महत्त्व वर्णन

**पटल – २** : यात्रा विधि तथा रेतकुण्ड जलको फल वर्णन

**पटल – ३** : मन्त्र जपेर जल खाने, केदारका दश तीर्थको फल, ॐ माहात्म्य महाप्रभा, हेम प्रभा शहर हुँदै शंकरपुर तर्फको यात्रा वर्णन, नदी भमरा, तीखण्डको वन, गान्धर्वकन्या आदिको चर्चा

**पटल – ४** : नागनागिनी, संगीत, नारी, सुगन्धित फलफूल आदिको बयान गर्दै नागराजपुरीमा साधकीलाई बस्न जोड गरिएको छ । पाँचसय नाग कन्याको भोग गर्न पाउने लोभ देखाइएको छ ।

**पटल – ५** : नागलोक छाडेर अगाडि बढ्दै जाँदा एक सुन्दर नगरी पुगिन्छ, जहाँ मगमग चन्दनको वास्ना आइरहेको हुन्छ । एकरात त्यहाँ बसेर स्नान दर्शन गरी फल खाएर महापथको निम्ति अथाडि बढ्ने सन्देश छ ।

**षष्ट पटल** : शंखपाल राजाको सुन्दर शहरको वर्णन छ । पाँचलाख रूपवती सुन्दरीहरूले साधकीलाई कामवासनामा मोड्न प्रयास गर्छन् । साथै राजाले पनि यस रमणीय स्थलमा बसी भोग गर्दा ग्रह दशा सुध्रने कुरा गर्दा भोगवासनालाई इन्द्रजाल सम्झेर साधकी अगाडि बढ्छन् ।

**सप्तम पटल** : साधकी निरन्तर महापथ यात्रामा बढ्दै जाँदा अर्को सुन्दर प्राकृतिक शहरमा पुग्छन् । जीवनको महापथ यात्रामा निस्केका हुनाले त्यस नगरीका श्रुतपाल राजाले गरेको भोगको निवेदनलाई उनले अस्वीकार गरेको पाइन्छ । उनको अथक साधना देखेर इन्द्रले विमानबाट स्वर्ग लैजाने कुरा गर्दा र सुन्दरी सुखमा आनन्दले बस भन्दा क्षणिक सुखमा नफस्ने बताएर अझ अगाडि महापथमा बढेको पाइन्छ ।

**अष्टम पटल** : उनको महापथ यात्रामा बीच-बीचमा तीर्थहरू भेटिरहन्छन् । फलफूल र कपूरको वास्ना आएको स्थलमा पुगेर श्राद्ध गर्दछन् र साधकीले त्यस ठाउँमा एक तपस्वी भेटी दर्शन गरेर उत्तर तर्फको यात्रामा अगाडि बढे ।

**नवम पटल** : काम मोहित तथा सुन्दर गरगहनाले सुशोभित सुन्दरीहरूको शहरमा साधकी पुग्दछन् । सुन्दरीहरूले भोगवासनामा बस्न आग्रह गरेपनि उनी शिवलोक जाने लक्ष्यले गर्दा मन नियन्त्रण गरी अगाडि बढेको पाइन्छ ।

**दशम पटल** : वृद्धको भेष धारण गरेका शिवले बाटामा साधकीको परीक्षा लिन्छन् । सुखमय जीवन छोडेर नीरस वैराग्य जीवनका पछि किन लागेको भन्ने वृद्धाको प्रश्नमा साधकीले शिवको महिमा बताएर अगाडि बढेको पाइन्छ ।

**एकादश पटल** : साधकीलाई बाधा पारेर असफल पार्न इन्द्र बाघ बनेर बाटामा देखापर्छन् । शिवभक्ति र आराधनामा डुबेको साधकी देखेर बाघ शान्त हुन्छ । साधकीले आफ्नो लक्ष्य बताएपछि इन्द्र प्रसन्न भएको र साधकीको मनोरथ पूरा हुने वचन इन्द्रले दिएको प्रसङ्ग छ ।

**द्वादश पटल** : साधकी अगाडि बढ्दै जाँदा सुन्दरीहरूले भरिभराउ कैलाश जस्तै सुन्दर शहरमा पुगेर पनि भोगविलासमा नलागी तथा ती सुन्दरीहरूले धर्म मात्र गरेर केही हुँदैन, शरीरको पनि याद गर्नुपर्छ भनेर फकाउँदा साधकी त्यसको वास्ता गर्दैनन् । साथै सुन्दरीहरूले यस्तो भोगविलासको शहर छोडेमा पछि जीवनभर पछुताउनु पर्ला भनेर घुर्की लगाउँदापनि साधकी अविचल महापथको यात्रामा उत्तराञ्चल तर्फको यात्रामा लाग्छन् ।

**त्रयोदश पटल** : कैलाश जाने बाटो घोर विकट भएको वर्णन छ । बाटामा तपस्वीहरू भेटिएका, साधकीले मन्त्र जपेर अघि बढेको, तपस्वीका सुन्दर छोरीहरूको विषयवासनामा आनन्दसँग बस भन्ने ऋषिहरूको आग्रहलाई भोग विष ठानी कैलाशपुरी तर्फको यात्रामा बढ्दै जाँदा ग्रहपुरी शहरमा पुगेको वर्णन छ ।

**चर्तुदश पटल** : प्राकृतिक सौन्दर्यले भरिएको ग्रहपुरी शहरमा मुनिहरूले भक्तिभावले शिवको आराधना गरेको र साधकीले पनि पूजा पाठ आराधना गरी बाटो लागेको प्रसङ्ग छ ।

**पञ्चदश पटल** : निरन्तर शिवधामतर्फ बढिरहेको साधकी मृत्यु नहुने सुन्दरी तरुनीहरू भएको शहरमा पुग्दछन् । शहरको ढोका बन्द भएको र घचघच्याएर खोल्दा डरलाग्दो ढोके

निक्लिएपछि मन्त्र जपेर त्यो हराउँछन् । कार्तिक औँसीका दिन देवताहरूसमेत आएर शिवलाई पूजा गर्न यस ठाउँमा सुन्दरी कुमारीहरूले पङ्खा हम्केर साधीकीको सत्कार गर्दै विमान चढेर कैलाश जान आग्रह गर्दा आफै पौरखले हिँडेर शिवधाम तर्फ लागेको वर्णन छ ।

**षोडश पटल** : अगाडि बढ्दै जाँदा मनोरम स्थलमा मेघ गर्जिरहेको हुन्छ । चालीस कोसको विशाल क्षेत्रमा बीस कोसको भव्य महल रहेको यस सुन्दर शहरमा लाठोले बाटो छेके पनि साधकीको शिवधाम पुग्ने अदम्य विश्वासले गर्दा बाटो पाएको वर्णन छ । यस सुन्दर शहरकी घोषवती रानीले भोग गर्न आग्रह गर्दा एवम् पत्नी व्रत भए शिवपुरी पुग्ने भनी सम्झाउँदा पनि नमानीकन महापथको यात्रामा अगाडि बढेको वर्णन छ ।

**सप्तदश पटल** : अगाडि बढिरहेको साधकीले पवित्र मन्दाकिनी गङ्गा भेट्टाएको, बेलहरूले भगवानको पूजा गरी अगाडि बढ्ने प्रेरणा दिएको, देवगणले शिव आराधना गरेको, साधकी ठाडै उकालो तर्फ लागेको, उकालो चढ्दै गर्दा कठीन भई मूर्छा परेको, मूर्छा परे पनि मन्त्रको प्रभावले बिउँभेर अगाडि बढेको आदि प्रसङ्गहरूका बीच शिवको बयान र सुन्दरीको मोहक रूपको चर्चा गरिएको छ । सुनौला घर पाटी भएको यस शहरमा साधकी भित्र पस्न खोज्दा चण्डी ढोकेले भित्र पस्न रोकेको प्रसङ्ग छ ।

**अष्टादश पटल** : चण्डीले धेरै कालसम्म सुखभोग गरी बस्न आग्रह गर्दा साधकी मान्दैनन् र चण्डी रिसाएर राक्षस भई खान खोज्दा साधकी शिवमन्त्र जपेर बाँच्दछन् । चण्डीले शिवलाई यो कुरो बताउँदा शिवले साधकीलाई रथमा ल्याउने आशा दिए पनि साधकी पैदल अघि बढ्छन् । यस रमणीय सुन्दर शहरको रत्नमय सिंहासनमा महेश्वरको वासस्थान भएको विभूतधारी शिवको नीलो घाटी भएको, त्रिशूल हातमा लिई पार्वती काखमा राखेका, पिनक धनु र नन्दी साथमा रहेका, रौँ रौँमा देवता बसेका, दिव्यरूपका देवताले सेवा तथा सुन्दरीहरू गानावजाना गरेका, ऋषिमुनिहरूले स्तुति गरेका आदि प्रसङ्गको वर्णन छ । सबैको उस्तै अनुहार देखेर चिन्ह नसक्दा चण्डीले दायाँ ब्रह्म, बीच शिव र बायाँ विष्णु भनी थाहा दिन्छिन् । साधकी भगवत शरणमा पर्दछन् । धन तथा सुन्दरीको भोगवासनामा नलागी विकट परिश्रम र साधना गर्नेलाई वर दिन पार्वतीले अनुरोध गर्दा वर पाई विशगण साथ बसी दिव्य पोसाक लगाएर अमृत पान गरी देवता समान साधकी बन्दछन् ।

**एकोनोविंश पटल** : साधकी इन्द्रपुरी पुगेर इन्द्रको सुख सयल हेर्दछन् । त्यहाँ इन्द्रले सिंहासनमा राखेर सत्कार गर्दछन् । त्यस ठाउँबाट दक्षिणतर्फ लागेको प्रसङ्ग छ ।

**विशति पटल** : दक्षिणतर्फ बढ्दै जाँदा यमपुरीमा चित्र गुप्तले लेखिराखेको पापीहरूले पाएको नरकको यातनाको दृश्य देखेर साधकीको मन पग्लिन्छ । यहाँ वर माग भन्दा नरक पर्ने जति छोडिउन् भन्दा गर्भदेखिनै पाप पुण्यको भागी हुने, ६ महिनादेखि कर्मको लेखाजोखा राखिने र जीवनको कर्तव्य तथा सुकर्मबाट भुल्नेलाई यातना दिनुपर्ने हुँदा तोकिएको यातना पूरा नगरी छोड्न नमिल्ने भएकाले अर्को वर माग्न भन्दा पहिलो कुरा नै पूरा नहुने ठाउँमा अर्को वर नमाग्ने भनी साधकी बैकुण्ठलोकको बाटोतर्फ अगाडि बढेको पाइन्छ ।

**एकविशंति पटल** : बैकुण्ठ जान शिवको ध्यान गर्दै साधकी सरासर अगाडि हिँडे । उनको परीक्षा लिन त्यहाँ पनि सुन्दरीलाई भोग गर भनी आग्रह भयो । तर साधकीले भगवान्‌को दृढ भक्ति बताएपछि पार्वतीले वर माग भन्दा महापथ पुग्ने वर मागी अगाडि बढे । चित्रविचित्रको सङ्गीतमय आकर्षणमय बैकुण्ठ लोकमा अष्टदल लेखिएको आठ क्षेत्रमा द्वारपाल तत्पर रहेका र नागले बेरिएको शोभायमान सिंहासनमा विराजमान भगवान देखी साधकीले प्रणाम गरे । ब्रह्मा, विष्णु र शिवको दर्शनबाट जन्ममरण घुटी साधकी भगवानमा लीन हुन पुगेको वर्णन छ । अन्त्यमा सात लाखलै सत्य युगमा, पाँचलाखले त्रेता युगमा, तीन लाखले द्वापर युगमा र एक लाखले कली युगमा यो महापथको रहस्य बुझ्न सक्छन् भन्ने उल्लेख गरिएको छ ।

यसरी विभिन्न एक्काइस पटलमा विभाजन गरिएको कथावस्तुमा मूलतः जितेन्द्रीय साधकीको कठोर साधनाको दृढतालाई स्थापित गरिएको छ । साधकीको व्यक्तित्वसँग जोडिन पुगेका विभिन्न सुन्दरीहरूले उक्साहट र भोगवासना क्षणिक हो भनी स्पष्ट पारिएको छ । विश्वनाथले महाकाव्यको कथावस्तु ऐतिहासिक हुनुपर्ने बताएका छन् भने यस महाकाव्यको कथावस्तु पनि स्कन्द पुराणमा आधारित पौराणिक रहेको छ । पूराणकालीन ऐतिहासिकता यस केदारकल्प महाकाव्यमा वर्णित भएको छ । महाकाव्यको कथानकको सुरुवात मंलगाचरणबाट हुनुपर्ने पूर्वीय महाकाव्य मान्यतामा यस महाकाव्यका क्रममा पूर्णत पालना गरिएको छ । यसमा विभिन्न पात्रको आगमन र गमनको क्रम आदि देखि अन्त्यसम्म नै रहेकाले नाटकीय बनेको छ । कथानकको गठन विभिन्न नाटकीय सन्धीले युक्त रहेको छ । पाश्चात्य नाटकीय मान्यता हेर्दा यस काव्यको कथानक विख्यात नै रहेको छ । जनतासँग लोकप्रिय दन्त्यकथामा

पाश्चात्य महाकाव्यको श्रेष्ठ कथा भए जस्तै पूर्वीय सांस्कृतिक तथा धार्मिक मान्यतामा हेर्दा यस महाकाव्यको कथा पनि स्कन्द पुराणमा आधारित प्रचलित कथा नै रहेको छ । यस काव्यमा साधकीको जीवनको विस्तृत अध्ययन तथा विश्लेषण गरिएको छ । यस काव्यमा पाश्चात्य महाकाव्यका केही मान्यताहरू देखिन आएका छन् । जस्तै घटनाको बहुलता, विविधतायुक्त चरित्र र विस्तृत कथाको त्रिवेणी यस काव्यमा भेटिन्छ । त्यस्तै साधकीको महापथयात्र कौतुहलताको निर्वाह पनि गरिएको छ । यसको कथावस्तुको आदि, मध्य र अन्त्यको उचित निर्वाह नभएको देखिन्छ । तर साधकीको जीवनको विभिन्न अवस्थाको चित्रण भने सशक्त गरिएको छ । यसरी हेर्दा यस काव्यमा कथानकका हिसावले पूर्वीय तथा पाश्चात्य महाकाव्यको काव्यकलागत मूल्यहरूको धेरथोर निर्वाह भएको देखिन्छ । महाकाव्यगत कथावस्तुको प्रयोग देखिन्छ ।

### ४.११.४. **चरित्रचित्रण**

‘**केदारकल्प**’ महाकाव्यका नायक साधकी हुन् । केदार तीर्थको यात्राबाट सुरु भई महापथ यात्राको लागि हिंडेका साधकी शिवप्राप्तिको लागि दृढ अठोट लिन्छन् र त्यसै अनुरूप शिव आराधना र दर्शनमा एकचित्त भई लाग्दछन् । महापथ यात्राको कठोर साधनामा हिंडेपछि बाटोमा उनले प्रेय र श्रृङ्गारका विविध आकर्षणहरू प्राप्त गर्दछन् भनी भक्ति आराधनामा लीन भए पनि प्रेय श्रृङ्गारका कुरा सुन्छन् । तर मुक्तिको श्रेय भक्ति नै भएकाले वासनाभन्दा पर रहेर सुन्दरी र सहर छोडी आफ्नो लक्ष्यमा हिंड्छन् । महापथ यात्रामा अघि बढ्दै जाँदा हेमपुरी, महाप्रभा, हेमप्रभाजस्ता मनोहर प्राकृतिक स्थल तथा सुन्दरीहरूका नखरा, हावभाव, आकर्षण, विषयवसाना सबैलाई विष सरी ठान्दै र त्याग्दै आनन्द श्रेय वस्तु प्राप्तिको निम्ति दृढ विचार लिन्छन् ।

यस ‘केदारकल्प’ महाकाव्यमा साधकीको व्यक्तित्व सामान्य मान्छेकोभन्दा उच्च रहेको छ । ऊ खान, लाउन, बस्न, सुत्न वा काममा मोहित हुनु मात्र नभई विवेक वा कर्तव्य बोधबाट माथि उठेर जीवनको तत्वबोध गरी यस संसार र परलौकिक संसारमा सुख प्राप्त गर्नु पनि हो । यस काव्यको नायक राज्यभोग तथा सुन्दरी भोग विष सरिको हुन्छ भन्ने ठान्दछ । उसले धन सम्पत्ति तथा भौतिक वस्तुहरू सब क्षणिक र तुच्छ ठानेको छ । शंकपाल राजाले कामवासनाको लोभ देखाउन खोजे पनि साधकीले त्यसलाई इन्द्रजाल ठानेर अगाडि बढेका

छन् । इन्द्रले बाघ बनेर बाटामा तर्साउँदा पनि भगवान शिष्ट धर्म गुरुलाई सम्झेर अगाडि बढ्दछन् । स्वयम् शिवले बृद्धको रूप लिएर परीक्षा लिँदा पनि उनी शिव महिमा र आराधनामा दृढ रहन्छन् । उनको महापथ यात्रामा रूपवती सुन्दरीहरू अनेक नखर देखाइ रसभोगमा लीन आग्रह गरेको पनि देखिन्छ । सुन्दरी कुमारीहरूका कटाक्ष, मोहक, मुस्कान रूप लावन्य केहीको पनि वास्ता गर्दैनन् । उनको कठोर साधनालाई सुन्दरीहरूले फकाएर तर्साएर, लोभ्याएर केही गरेर भएपनि विचलित पार्न सकेका छैनन् । साधकीलाई फकाउन नसकेपछि उनको परीक्षा लिन विमानमा भगवान् दर्शन गर्न जाउँ भन्दा साधकी आफै हिंडेर जाने कुरा गर्छन् । यसबाट साधकीको लक्ष्यप्रतिका निम्ति कठोर परिश्रम गर्न पछि नहट्ने अठोट् र बानीको परिचय पाइन्छ ।

हिंडीकन मन जाला पाउ मेरा छँदैछन्
किन चढ्नु विमानमा छैन डुँडो म भन्छन् ।

पञ्चदश पटल

यस महाकाव्यको साधकीको चरित्रबाट के प्रष्ट हुन्छ भने कुनै पनि सुकर्म वा महानकर्मका लागि साधना आवश्यक हुन्छ । अप्ठ्यारो वा कठिनता सित डराउनेले लक्ष्य प्राप्त गर्न सक्दैन । यस महाकाव्यमा साधकी कैलाशको ठाडो उकालो लाग्द कठिन भएर मूर्छा पर्दछ र बिउँझदा त्यही सुखसयल गर्न प्रस्ताव आग्रह हुँदा पनि भगवान्लाई सम्झी अगाडि बढेको पाइन्छ । पहिले विमान चढ्न नमान्ने साधकीलाई पछि रथमा चढाइ पठाउन खोज्दा मान्दैनन् र पैदलै अगाडि बढ्दछन् । लोभ लालच र सांसारिक सुख सुविधाको वास्ता नगर्न साधकी आफ्नै बल-बुताको भरमा लक्ष्य प्राप्ति गर्ने अठोटका साथ बाटो लाग्दछन् । सुन्दरी र सम्पत्तिको भोग विलासलाई तुच्छ ठान्ने साधकीले अन्ततः ब्रह्मा, विष्णु र महेश्वरलाई चिन्दछन् र दिव्य पोशाक लागउन र अमृत पान गर्ने अवसर समेत पाउँदछन् । उनी दयालु स्वभावका पनि देखिन्छन् । नरकमा दुःख पाई रहेका मान्छेहरूलाई छुटकाराको वर माग्नु उनको दयाको कारण हो । मान्छेले आफूले गरेको पाप र पुण्यको कारण आयुको आधार भएको थाहा पाएका साधकीले दोस्रो पटक वर नमागेर यमलोकमा आफ्नो स्वाभिमान देखाएका छन् । भौतिक सुखसयललाई तुच्छ र निन्दनीय ठान्ने साधीकको कर्तव्य निष्ठामा लागी जीवन शान्तिमय बिताउने लक्ष्य छ जुन महान लक्ष्य राख्नेहरूका लागि प्रेरणादायी छ ।

काम, मोग र भयबाट मुक्त भई परार्थमा तल्लीन साधकी भगवान्मा लीन भई सफल जीवन प्राप्त गर्दछन् ।

यस काव्यका अन्त्य चरित्रहरूमा सुन्दरी युवतीहरू रहेका छन् । सुन्दरी युवतीहरूको अङ्गको सौन्दर्य वर्णन, रूप, रङ्ग, स्वभाव, हाव भाव, कटाक्षको मार्मिक वर्णन गरिएको छ । माध्यमिककालीन कवि जोशीले सुन्दरीहरूको बयान यसरी गरेका छन् -

आँखा कुरङ्ग झनि हाँस गमन् भयाका ।
कङ्गन र हातहरू केयूर लाइयाका ॥
श्रीचन्द्रमा झनि बदन कमलो र अङ्ग ।
मार्छन् मक्ख नयनै पनि हेरी भङ्ग ॥

४ पटल

यस्तो मोहक सुन्दरी वर्णन संस्कृत कविहरूले गरेको पाइन्छ । माध्यमिककालीन साहित्यको मुख्य विशेषता श्रृङ्गारिक चेतना भएको हुँदा उनले सुन्दरीहरूको मनमोहक वर्णन गरेको पाइन्छ । यस भक्ति काव्यमा श्रृङ्गारिक चेतको मनमोहक प्रस्तुति गरिएको छ ।

कोमल देह छ वाल समान दूदछन् तेज गरी हेर्दछन् ।
हिड्दामा पनि बाहुले त फरिया गल्यो उसो सार्दछन् ॥
कोही सुन्दरी गीत गाइ सहन्या मीठो गलाले गरी ।
इन्की मालिक चम्पिका छ विचमा सुन्दर छ त्यो परी ॥

१२ पटल

यसरी यस काव्यमा विभिन्न सुन्दरी तरुणीहरूको यथार्थ चित्र उतारिएको छ । यौवनका अङ्गहरूले मस्त भएका सुन्दरीहरूका तेर्छो नजर र मीठो गलाले गीत गाउने सुन्दरीहरूमा जुनसुकै पुरुष पनि आकर्षित हुन्छन् नै साथै छोडेर नजाऊ यदि गयौ भने कामवासनाले पीडित भएर तडपनु पर्ला फेरि त्यो मौका आउँदैन भनेर घुर्की लगाउने सुन्दरीहरूको कामवासनाको अपिल अचम्मको छ । यहाँ सुन्दरीहरूले मोहित पार्न, कामवासनाका लागि आतुर, घुर्की-फुर्की लगाउने अवस्थाको वर्णन गरेर नारीको एक पक्षको चित्रण गरिएको छ भने अर्का पक्षमा लोक कल्याणकारी नारी भावनाको अभिव्यक्ति पार्वतीको दयालु व्यवहारबाट प्रष्ट पारिएको छ । नारी भोगवासनाको माध्यम मात्र हैन सत्य र

कल्याणकारी भावनाले देवी समेत हो भन्ने कुरा साधकीलाई महापथमा पुग्ने इच्छा बमोजिमको आर्शीवाद दिन पार्वतीले शिवलाई गरेको आग्रहबाट पत्तो लाग्छ ।

यस महाकाव्यका गौण पात्र अन्तर्गत इन्द्रको भूमिका रहेको देखिन्छ । इन्द्र स्वार्थी, लोभी र पापी प्रवत्तिको देखिन्छन् । उनले साधकीको साधना भङ्ग गर्न अनेक प्रयत्न गर्दछन् । आफ्नो स्थान स्वर्ग अरूले हात पार्ला भन्ने चिन्ताले उनले साधकीहरूलाई कति फकिदो रहेछ भनी जाँच्न विमान चढी स्वर्ग पठाउन खोज्दछन् । साधकीले नमानेपछि डरलाग्दो बाघ बनेर बाटामा तेर्सिन्छन् तर साधकी नडराई अगाडि बढेपछि हार खाई साधकीलाई गन्तव्यस्थल जान बाधा गर्दैनन् । इन्द्र अप्सराहरूसँगाको भोगविलासपूर्ण इन्द्रपुरीमा सुखसयलका साथ सिंहसानमा बसेका हुन्छन् । उनले साधकीलाई त्यही बस्ने अनुरोध गर्दा त्याग कर्तव्यको उदात्त भावना भएका साधकी इन्द्रको आग्रहलाई बेवास्ता गर्छन् ।

यस महाकाव्यमा शंखपाल श्रुतपाल राजा तथा तिनका साथमा पाँचलाख सुन्दरी समेत रहेका छन् । भोगविलासको जीवन बिताउन यी राजाहरूले साधकीहरूलाई जागृत गराउँदा साधकीले ‘तिनै छोडी कुन हो अरू श्रेष्ठ काज” भनी अगाडि बढ्दछन् ।

यस महाकाव्यमा शिवको स्थान पनि महत्वपूर्ण छ । शिवको विविध रूप र नामको महिमा वर्णन गरिएको छ । शिवले स्कन्दलाई बताएको केदारखण्ड महापथ गई कैलाश पुग्ने यस काव्यको चुरो शिव जप पूजामा केन्द्रित छ । यस काव्यमा शिवको रूप, महत्व बताइएको छ । शिवको तीन आँखा, दशहात, गणहरू साथमा लिई शिरमा चन्द्रमा धारण गरी गोरुमाथि चढ्ने शिवको ध्यान गर्नुपर्ने वर्णन छ । यस काव्यमा चण्डी, यमराज कुमार आदि स-साना भूमिकाका पात्रहरू पनि छन् ।

पूर्वीय महाकाव्य मान्यतामा धीरोदात्त गुण भएको कुनै क्षेत्री, राजा वा देवता नायक हुनुपर्छ भनिएको  छ । यस काव्यको नायकको गुण पूर्वीय महाकाव्यको मान्यता झैं धीरोदत्त गुणले युक्त नै छ तर ऊ राजा वा देवता हुँदै होइन तर उसले आफ्नो कठोर परिश्रम र दृढ अठोट्ले गर्दा देवत्वमा लीन हुन पुगेको छ । उसको जीवन अनुकरणीय छ । महाकाव्यको नायक शूर, वीर र धीर हुन आवश्यक छ । यस काव्यको नायकमा यी सबै गुण पाइन्छ । यस महाकाव्यको साधकी एउटा मात्र नायक हो । पाश्चात्य दृष्टिकोणबाट हेर्दा नायक उच्चतर चरित्रको हुनुपर्छ भनिएको छ । यस काव्यको नायक मानवीय चरित्रको छ ।

ऊ श्रृङ्गारिक कुराहरू पनि सुन्छ तर विवेकले सही लक्ष्यलाई आत्मसाथ गरेर हिँडेको छ । कुलीन र सम्पन्न नभए पनि ऊ विचार र आदर्शले उच्च रहेको छ ।

### ४.११.५. **रस**

यो काव्य भक्ति रस प्रधान काव्य हो । तर पनि यसमा माध्यमिक कालीन काव्यका श्रृङ्गारिक तरङ्गहरू प्रशस्त पाइन्छन् । भक्तिरस प्रभावशाली रहेको यस काव्यमा रस स्वादनमा शान्त भाव उत्पन्न भई ब्रह्मानन्द सहोदर आनन्द प्राप्त हुन्छ । भगवान्को दर्शनबाट साधकी रोमाञ्चित भई आनन्दित हुन्छ भने पाठक पनि यस काव्यको पंक्ति-पंक्तिमा व्यक्त भक्ति रस र श्रृङ्गारिक तरङ्गले आल्हादित हुन्छ । यस काव्यमा भगवान भक्तिमा लागेका साधकीलाई भगवान्ले आफैमा लीन गराएर जन्ममरणबाट मुक्त गराएको प्रेरणादायी मोक्ष कथा छ । भक्ति रस नै यस महाकाव्यको केन्द्रीय रस हो । मुख्य सहायक रसमा श्रृङ्गार र हास्य रस रहेका छन् । श्रृङ्गार रसको भावनात्मक वर्णन मात्र नभई संस्कृतका दण्डी आदि आचार्यहरूले वर्णन गरेजस्तो नारी अङ्ग प्रत्यङ्गको यथार्थ रूप देखाएर वर्णन गर्छन् । विप्रलम्भ श्रृङ्गारको चर्का प्रस्तुति गरिएको छ । रूपवती नारीका वैंसालु अङ्ग देखेपछि पुरुष मन प्रभावित भइहाल्छ । यस काव्यमा श्रृङ्गारको भद्दा प्रस्तुति समेत भेटिन्छ ।

कम्मर चटक्क छिनि छाति र जाङ फुकयाका
साह्रा ठूला स्तन नढल्की खडा रहयाका
१३ पटल

यस महाकाव्यमा नारीको बाह्यरूपको श्रृङ्गारिक वर्णन गरिएको छ ।

जोशी हास्यरसका सिद्धि प्राप्त कवि हुन् । उनले मंगलाचरणको दोस्रो श्लोकमा श्रृङ्गार र हास्य रस राखेर मनोविनोद गरेका छन् । इन्द्र बाटामा बाघ बनेर तेर्सिदा तथा चण्डी राक्षस भई आइलाग्दा भयानक रस देखिन्छ भने नरकको वर्णनमा विभत्स रस छ । यसरी यस काव्यभित्र कविले विभिन्न रसलाई प्रयोग गरेका छन् ।

### ४.११.६. **भाषाशैली**

'केदारकल्प'को काव्यात्मक भाषा मनोहारी र रसिलो रहेको देखिन्छ । कविले लोक जनजिब्रोमा प्रचलित शब्दचावलीलाई बढीभन्दा बढी प्रयोग गरेका छन् । यस महाकाव्यमा

जोशीले विभिन्न रस र अलङ्कारले युक्त भाषाको प्रयोग सहज र सुबोध्य ढङ्गबाट गरेका छन् । वर्णनात्मक भाषाको प्रचुर प्रयोग गरिएको यस महाकाव्यमा नेपाली लोक जीवनका बढीभन्दा बढी चलन चल्तीका शब्दहरू प्रयोग भएका छन् । कविले चलनचल्तीका शब्दहरू प्रयोग गरेपनि उनले उनीपूर्वका भानुभक्त अथवा उनी पछिका लेखनाथलाई भेट्टाउन सकेका छैनन् । यस महाकाव्यमा कविले व्यङ्ग्यात्मक शैलीको समेत प्रयोग गरेका छन् । जुन भानुभक्त र लेखनाथकोभन्दा उच्च स्तरको रहेको देखिन्छ ।

छोरो खान्छ छ मुखले हजुरता खान्या मुखै पाँचे ।
अर्को पुत्र छ पेटाहा गरु कसो गाह्रो पऱ्यो खर्चले ॥
धर्काम सक्तिन गर्नुहोस्, गजंडी झै उद्योग नगर्न्या कत्ति ।
हाँसी शंकरलाई भन्दी सबको मंगल गरुन् पार्वती ॥

यसरी हेर्दा जोशीले केदारकल्पमा विभिन्न शैलीको प्रयोग रोचक ढङ्गले गरेका छन् । परिहासको गहिराइमा पुगेर व्यङ्ग्यात्मक ध्वनि दिने जोशीका महाकाव्यको भाषिक सरलता र सरसता अत्यन्तै उत्कृष्ट देखिन्छ । संस्कृतको केदारकल्पबाट भावानुवाद गरिएको कृति भए पनि यसमा जोशीले विशुद्ध मौलिकपन दिएका छन् । उनको आफ्नै शैली छ । विभिन्न छन्दको सिद्धिपूर्ण प्रयोग र अन्त्यानुप्रासको मीठो आयोजनाले संगीतात्मक बनेको छ । केदारकल्पमा भाव र शब्दको सम्यक् अयोजना देखिन्छ ।

### ४.११.७. **उद्देश्य**

यस काव्यको उद्देश्य माहात्म्याको वर्णन गर्नु र जीवन र मरणबाट मुक्ति पाइने आध्यात्म शक्तिको खोजी गर्नु हो । यस काव्यमा कविले श्रेय तत्वको खोजीमा भगवत आराधनाको विशद चर्चा गरेका छन् । भक्तिकाव्यको परम्परा आदिकाल देखिनै रहेको सन्दर्भमा भक्ति र श्रृङ्गारको अलग अलग चेतलाई नजिकबाट हेर्न खोजिएको छ । माध्यमिक काल श्रृङ्गारिक काल भएकोले श्रृङ्गारिक तरङ्गहरूका बीचमा तैरिरहेको डुंगाजस्तो यस काव्यमा भक्ति रस मुख्य रस बनेको छ । आफ्नो स्वार्थभन्दा माथि उठेर कामवासना र सुखसम्पत्तिभन्दा पर परमेश्वरमा निःस्वार्थ भावले लाग्नु पर्छ भन्ने सन्देश यस काव्यले दिएको छ । नेपालमा भगवान् शिवको वासस्थल मानिनु र शिवभक्तिको महिमा प्रकाश पार्नु पर्ने कारणले यस काव्य लेखनको मूल कारण हुनुपर्छ ।

## ४.१२. **निष्कर्ष**

नेपाली साहित्यमा मूर्धन्य कवित्वका रूपमा रहेका जोशीको केदारकल्प महाकाव्य सामाजिक चेतनाको दृष्टिले समकालीन कविहरूकोभन्दा धेरै अगाडि देखापर्दछ । समकालीन कविहरूकाभन्दा भिन्न चेतना जोशीका कवितामा भेटाउन सकिन्छ । उनले आफ्ना कवितामा आध्यात्मिकता र भौतिकताको चरम द्वन्द्व देखाएका छन् । संसारका सुख सयल तथा भोगविलासका साधनहरूले मान्छेलाई वासनाप्रति आकर्षण गरेको हुन्छ र यस्ता विषय वासनाको बयान गर्ने क्रममा कवि मोतीराम र शम्भु प्रसाद ढुंगेलभन्दा कम छैनन् तर प्रेम, यौवन र शारीरिक आकर्षणको बयान गर्न कवि समकालीन कविहरूभन्दा खुल्ला, उदार र अग्रणी छन् । नेपाली साहित्यमा भाषिक प्रयोगको दृष्टिले हेर्दा चलनचल्तीका लोक बोलीको प्रयोगको प्रचुरता राजीवलोचन जोशीमै भेट्टाउन सकिन्छ । उनका कविताका केही पङ्तिहरू सर्वाधिक काव्यात्मक गुणले उत्कृष्ट रहेका छन् । जसले गर्दा उनी भानुभक्तभन्दा राम्रा कविका रूपमा समेत कतिपय ठाउँमा देखिएका छन् । उनले केदारकल्पको मंगलाचरणमा श्रृङ्गार, हास्यव्यङ्ग्य, मंगलकामना, वक्रोक्ति अलङ्कार, प्रगतीशील चेतना जस्ता विविध पक्षलाई एकै ठाउँ मिलाएर उत्कृष्ट श्लोक रचना गरेका छन् । जुन अन्य समकालीन कविहरूका रचनाभन्दा श्रेष्ठ छ । उनको '**केदारकल्प**' महाकाव्यले माध्यमिक कालीन नेपाली महाकाव्यमा मात्र नभएर नेपाली महााकाव्य परम्परामा महत्वपूर्ण उपलब्धि ठर्हछ । यस महाकाव्यमा श्रृङ्गार रसको छालमा भक्तिको डुङ्गा तैराइएको छ । सांसारिकता क्षणिक हो भन्ने पूर्वीय मान्यतामा अडिक साधकी परम्परामा लीन हुने गरेको महापथ यात्राको वर्णन गरिएको छ । कामवासनाबाट मुक्त हुन नसक्दा कतिपय ऋषि प्रेम जालमा पसेको पाइन्छ । तर कामवासनालाई विष ठान्ने साधकी निरन्तर भक्तिमार्गमा लागेर भगवान्मा लीन हुन पुगेको वर्णन गरेर यस महाकाव्यले दृढ अठोट् लिएर अगाडि बढ्ने मान्छे जस्तोसुकै बिघ्नबाधा पार गरेर भए पनि लक्ष्यमा पुग्न सक्छ भन्ने देखाइएको छ ।

केदारकल्प महाकाव्य माध्यमकिकालीन नेपाली साहित्यको सन्धी गराउने महत्वपूर्ण रचना हो । यसमा श्रृङ्गार र भक्ति रसको विस्तृत वर्णन गरिएको छ । श्रृङ्गार भोग र वासना क्षणिक तथा आध्यात्मिक ज्ञान, भक्ति र परात्मा प्राप्तिलाई श्रेष्ठत्तर मानिएको छ । तर प्राथमिक कालीन कविहरूले झैँ श्रृङ्गारिकताबाट भाग्न खोजिएको छैन । श्रृङ्गारिक मोहा, आकर्षण र उल्झन बीचबाट भक्तिको उच्चतम् प्राप्ति गरिएको

छ । यही नै यस काव्यको मुख्य विशेषता बनेको छ । यसरी हेर्दा केदारकल्प जोशीको नवीन र मौलिक कृतिका रूपमा रहेको छ । यस काव्यमा जोशीले चलनचल्तीका शब्दावलीहरूको प्रयोग गर्दै विविध छन्द र अलङ्कारको अयोजना गरी काव्यात्मक कलाले आकृष्ट पारेका छन् । पौराणिक विषयवस्तुलाई सामाजिक चेतना र आध्यात्मिक मूल्य दिएर जोशीले यस काव्यलाई सफल पारेका छन् ।

### ४.१३. **राजीवलोचनका अन्य कृतिहरू**

राजीवलोचन जोशीले **केदारकल्प**का अतिरिक्त **सत्य-दुर्गाभाषा**, **सत्यहरिश्चन्द्रकथा** एवम् **गणेशस्तोत्रभाषा** लेखिएको पाइन्छ । तर ती कृतिहरू पाइँदैनन् । त्यस्तै **गणेशस्तोत्रभाषा** र **रुरुक्षेत्रकथा** मासिएको अनुभव गरिएको छ । उनले संस्कृतको '**चाणक्यनीति दर्पण**'को अनुवाद '**चानक भाषा श्लोक**'मा गरेको पाइन्छ । चानक भाषा श्लोकको नाउँ फेरि बुद्धिचानक भाषाश्लोक नाम राखी जगन्नाथ पौडेलले तीन श्लोक थपी वि.सं. १९८०/८१ मा प्रकाशित गरेको पाइन्छ । त्यस्तै उनले '**पतिव्रता धर्म**'को रचना गरेको पाइन्छ । जोशीले श्लोक सङ्ग्रह (१९५६), **विदुरनीति** (१९६५), **विस्मातहर्ष तरङ्गिणी** (१९८६) र **सूक्तिसिन्धु**मा श्रृङ्गार रसका २ श्लोक रचना गरेको पाइन्छ ।

#### ४.१३.१. **विदुरनीति**

**विदुरनीति** राजीवलोचनको २७ श्लोकको सानो आख्यायिका कृति हो । केशिनी नाउँकी राजकन्याको विहेको लागि तयार रहेको सुन्धवा बाहुन केटा तथा विरोचन सुन्धवा केटाबीच जातमा ठूलो सानोको तर्कातर्की पर्दा फैसालाका लागि प्रह्लादकहाँ गएको तथा जित्नेकहाँ हार्नेले दास बस्नुपर्ने सर्त भएको हुँदा आफ्नो एक्लो छोरोप्रति प्रेम स्नेहले गर्दा संकटमा परेका प्रह्लादले अन्तत सुधन्वाका पक्षमा फैसला गरेको दृष्टान्त विदुरले धृतराष्ट्रलाई सुनाएर दुर्योधनको कुरा नसुनी पाण्डवको न्यायोचित अंश नमार्नुहोस् भन्ने नीति उपदेश सुनाएको प्रसङ्गलाई विदुरनीतिका रूपमा वर्णन गरिएको छ ।

#### ४.१३.२. **पतिव्रताधर्म**

सामाजिक परम्परा र संस्कारको प्रभाव समाजका सबै वर्गमा पर्दछ । राजीवलोचन कवि भएका हुनाले उनले तत्कालीन सामाजिक रीति र परम्पराको प्रभाव स्वरूप पुरुष शासित समाजका मूल्य, मान्यताको दृष्टिबाट समाजमा नारीको भूमिका तथा अपेक्षालाई पतिव्रता

धर्ममा वर्णन गरेका छन् । नारीका सीमित अधिकार र असीमित दायित्वको वर्णन गर्दै विहान उठेदेखि राति अबेरसम्म नारीले गर्नुर्ने दैनिक कार्यको सविस्तार वर्णन गरिएको छ ।

### ४.१३.३. **चानकभाषा**

चाणक्यका नीति, नियम, आचर, विचार आदर्श व्यवहार, आचारण, आस्था, निष्ठा, मूल्य मान्यताको पूर्वीय समाजमा गहिरो प्रभाव परेको छ । राजनीति, समाजनीति, अर्थनीति, धर्मनीति आदिका नीतिवचन पूर्वीय हिन्दु समाजमा मानवजीवनका सर्वश्रेष्ठ नीति मानिन्छन् । चाणक्यका नीति वचनको धेरै कवि तथा विद्वान्हरूले अनुकरण गर्ने प्रयत्न गरेका छन् । यस क्रममा जोशीले 'चानक भाषा'मा चाणक्यनीतिको अनुवाद गरेको पाइन्छ । यस्ता नीति र सूक्तहरूको अनुवादबाट समाजमा संस्कारित मूल्य, मान्यतालाई निरन्तरता दिने अभिप्राय पनि उनले चानकभाषाश्लोक रचना गरेको स्पष्ट हुन्छ ।

### ४.१३.४. **विस्मातहर्ष तरिङ्गिणी**

राजीवलोचन जोशीको यो काव्य मूलतः शोककाव्य हो भने अंशतः हर्षोल्लास अवस्थाको महात्म्य वर्णन पनि हो । यस काव्यलाई शोक काव्यमा राखिएर अध्ययन गरिएको हुनाले यसका केही पक्षको बारेमा अध्ययन गरिन्छ ।

कुनै आप्तजन वा प्रियजनको चिरवियोग हुँदा आफ्ना हृदयमा उसप्रति रहेका श्रद्धा, वात्सल्य, प्रणयभाव, स्नेह र अपनत्वका शोक भावको सिर्जना हुन्छ । यो शोक पूर्वीय मान्यतामा करूणाको कारक तत्त्व हो । पाश्चात्य परम्परामा यसलाई त्रासदीको कारक तत्व भनेको पाइन्छ । वास्तवमा शोकाकुल भावदशालाई काव्यात्मक अभिवयञ्जना गर्नेक्रममा शोक काव्यको रचना हुन्छ ।

शोक काव्यमा प्रियजनको विछोड, वियोग र मरणबाट हुने शोक अभिव्यक्तिको प्रधानता रहन्छ । शोक, वेदना र दुःखलाई विषयको रूपमा लिएर शोक काव्यको रचना गरेको पाइन्छ ।[९२] पाश्चात्य साहित्यमा शोक काव्यलाई Elegy भनेको पाइन्छ । Elegy को कोशीय अर्थ विशेष गरी कुनै मरेको व्यक्तिप्रति दुःख व्यक्त गर्न गीत वा कविता हो ।

[९२] अभि सुवेदी र (अन्य), **विश्वसाहित्यको रूपरेखा**, (काठमाडौं : ने.रा.प्र.प्र. २०३०), पृष्ठ ९ ।

पूर्वमा शोक विषयवस्तु भएको रचनालाई करुण रसको सन्दर्भबाट हेरिन्छ । करुण रस हुनका लागि प्रियजनको मरण वा इष्टको क्षति र अनिष्टको प्राप्ति भएको हुन्छ । पशिचमी साहित्यमा होमरको इलियटमा शोकलाई प्रयोग गरिएको छ भने संस्कृत साहित्यका आदिकवि बाल्मीकिले क्रौञ्च पंक्षीका जाडीमध्ये भालेचाहिलाई व्याधाले मारे पछि शोक विह्वल भएर रुन थालेकी पोथी क्रौञ्चको कारुणिक दृश्य देखेर करुणरसात्मक आदि श्लोक रचना गरेको देखिन्छ ।[९३]

मा निषद प्रतिष्ठा त्वमगमः शाश्वतीःसम्रायत्
यत्क्रौञ्च मिथुनादकमवधी काम मोहितम्

बालकाण्ड २/१५

यसरी पूर्वीय पाश्चात्य साहित्यमा करूण रसात्मक शोक विषयवस्तु भएका काव्य, महाकाव्यको रचना परापूर्वकाल देखिनै भएको देखिन्छ । करुण भावले मानव हृदयको संवेदनालाई गहिरो गरी समायोजन गर्न सक्दछ ।

पूर्वीय साहित्य सिद्धान्तअनुसार शोक स्थायी काव्य भनेको पाइन्छ । यस्ता काव्यलाई रस परिपाकको सन्दर्भमा हेरिने हुँदा शोक स्थायी भाव हुने करुण रसको विवेचना गर्न सान्दर्भिक हुन आउँछ ।

### ४.१३.५. **करुण रसको परिचय**

इष्ट जनको विनाश र अनिष्टको प्राप्तिबाट करूण रसको सिर्जना हुन्छ । शोक उत्पन्न हुन्छ । यही शोक नै करूण रसको स्थायी भाव हो । यस करूण रसको विषय आलम्बनको रूपमा मृत्यु वा अनिष्टको प्राप्ति रहेको हुन्छ भने आश्रय आलम्बनको रूपमा वियोग खप्ने, आफन्त वा मन परेको बस्तु गुमाउने पात्र रहेको हुन्छ, जसले शोकको अनुभव गर्दछ । उद्दीपन विभाव अन्तर्गत प्रिय पात्रको संझना, गुणको स्मरण, सपना दर्शन, मृत्युको दृश्य आदि पर्दछन् । अनुभाव अन्तर्गत कन्दन, चिच्चाहट, मुर्च्छा, भाग्यनिन्दा, दैवपुरकार, स्तम्भ, स्वरभङ्ग, श्रु प्रलय जस्ता भावहरू पर्दछन् । सञ्चारी भावअन्तर्गत भने आवेग, दैन्य, मोह, मरण, अभर्ष, व्यधि, सन्त्रास, विषाद ग्लानि, चिन्ता, स्मृति, श्रम आदि पर्दछन् ।

---

[९३] गोपीकृष्ण शर्मा, **संस्कृत साहित्यको रूपरेखा**, (काठमाडौं, अभिनव प्रकाशन २०५७), पृष्ठ ६५ ।

### ४.१३.६. **करूण रसको आस्वाद**

रसास्वादलाई पूर्वीय आचार्यहरूले भौतिक आनन्दभन्दा विशिष्ट किसिमको या अलौकिक आनन्दका रूपमा अनिर्वचनीय भन्दै यसको स्वरूप आनन्दात्मक आस्वाद हुने बताएका छन् तर केही आचार्यहरू, रुद्रभट्ट, धनिक, रामचन्द्र तथा गुणचन्द्र आदिले भने रसलाई सुख-दुखात्मक हुने बताउदै करूण रसलाई दुखात्मक अनुभूतिका रूपमा चिनाएको पाइन्छ ।

संस्कृत साहित्यचार्यहरूले शोकभावबाट साधरणीकरण भई आनन्द प्राप्त हुन्छ भनेका छन् । वास्तवमा शोक कृतिहरू पढ्दा ती कृतिका पात्रसँग पाठक आफैले साक्षात्कार गरेर देश, भूगोल र वैयक्तिक सीमाभन्दा माथि उठेर रोचक अनुभूतिमा आनन्द प्राप्त गरेकै हुन्छ । यसकारण करुण रस आनन्दात्मक नै रहन्छ । पाश्चात्य जगतमा पनि त्रासदीले शोक र करूण जस्ता मनोभावको विरेचन गरेर व्यक्तिलाई मानसिक स्वस्थता प्रदान गर्छ भनेको पाइन्छ हरेक मानिसमा शोकभाव संस्कारको रूपमा रहेको हुन्छ । इष्टको वियोग र अनिष्टको प्राप्ति भएपछि विभाव, अनुभाव र व्यभिचारी भावले त्रमशः जाग्रत, उद्वीत्त, अनुभवयोग्य र परिपुष्ट तुल्याउँदै लगेर शोकभाव रुसरूपमा साधारणीकरण भई करुण रसको अभिव्यक्ति हुन्छ । यही करुण रस स्थायी भावको रूपमा रहेको काव्यलाई शोककाव्य भनिन्छ ।

### ४.१३.७. **विस्मातहर्षतरङ्गिणी शोक काव्यको अध्ययन**

यस काव्यमा राजा पृथ्वीवीर विक्रमको मृत्युलाई काव्यको विषय बनाएको पाइन्छ । पाश्चात्य शोककाव्य मान्यता अनुसार प्रियजनको वियोग मरण आदिबाट उत्पन्न हुने शोक वेदना र दुःख नै शोक काव्यको विषय हुन्छ । यस काव्यमा पनि कवि राजीवलोचन जोशीले केही अंश छाडी बाँकी प्राय अंशलाई शोककाव्यकै रूपमा निर्माण गररिएको पाइन्छ । यस काव्यमा राजा पृथ्वीवीर विक्रम आलम्बन विभाव, मृत्यु, वियोगादि उद्वीपन विभाव, विलौन चित्कार आदि अनुभाव र मरण, मोह, मुच्र्छा, विषाद आदि सञ्चारी भावहरूले समायोजन भई शोक स्थायी भावको परिपुष्ट हुँदै करूण रसको आस्वादन भएकोले यो शोक काव्य हो ।

कविले भोग्नु परेको राजाको शोकको दुःखात्मक अनुभूतिका नुनिला आँसुलाई काव्यात्मक अभिव्याञ्जन गर्ने क्रममा यो मार्मिक शोक काव्यको रचना भएको देखिन्छ । यस

काव्यमा कविका शोकाकूल भावहरू फुट्छन् । शोक र करूणाका बाँधहरू फाट्छन् । राजा शोकले कवि तथा मुमा महारानीलाई आँशुले शरीर वस्त्र भिजाएको दुखित अनुभूति गर्दछन् । यस्तो वियोगको पीडामा बाँच्नु पर्दा कवि यसो भन्छन् :

रोई कराई नदी आसुकि नै गराया
सोकाश्रुले सरिर वस्त्र सबै भिजाया ॥
हामी ऋही रहि धिराज्कत मात्र लान्या
धिक्कार्छ तेस यमराज्कन दुष्ट ठान्या ॥३॥

राजाको वियोग पीडामा मुमा महारानीको छटपटी तथा चिच्याहटलाई कवि यसरी प्रस्तुत गर्दछन्

मुमा माहारानी विखरवर भई ढल्नु जल भो
हरे रां रां भन्दै सयन जिमिमा चेत उडिगो ॥४॥

राजाको सम्झना अभिव्यक्त गर्दै कविले एक्लै निरिह भएर बाँच्नुको कुनै महत्त्व नभएको ठान्दछन् । सगैबसी आत्मीयताको प्रगाढता भएको अवस्थामा कवि जोशी कोमल हृदय र रसाएर यसो भन्छन्:

कहाँ तिम्रो दर्सन् मिलनु अब पर्सन् पनि कता
तिमी छाडी येक्लै यहि बसनु बेग्लै कसरि ता ॥
नछोडी लैजाऊ म पनि सँग आउछु खुसिले
तिमी विना कुन्लोक् बसिकन छ कु (त्) सोख त ॥६॥

कवि राजीवलोचन जोशीले राजाको निधन पश्चात यो लोक नै शुन्यमा रहेको अनुभूति गर्दछन् । राजाको शव आर्यघाटतिर लागेपछि रानीमा देखिएका छट्पट्टी, पीड, आक्रोश जस्ता पक्षको अभिव्यत्त प्रस्तुत काव्यमा गरेको पाइन्छ । राजाको वियोगमा रानीका श्रृङ्गार समाप्त भएको र आफूलाई विरूपतामा परिणत भएको मार्मिक अभिव्यक्ति जोशीले यसरी व्यक्त गरेका छन्

माथ्मा सिंदुर बाहुमा मिहि चुरा पोते गलामा भरी
पोसाक् रङका गयो विरूपना हामी भञौ यो घरी ॥

राजाको शोकमा विक्षिप्त बनेका जोशी राजासँगै जाने इच्छा व्यक्त गर्दछन् । ईश्वरलाई पुकार्दै मेरो छाती फुटी प्राण गएमा म पनि हजुरका समीपमा जान्छु भन्ने अभिव्यक्ति यहाँ मार्मिक तरिकाले गरिएको छ :

झन्संझ्यो झन मन उड्यो डुभिगयौं यो दुख्खसागर्महा
जाहान्मै त उतार्न्डहोस् न अहिले हे प्राणनाथज्यू कहा ॥
यो छाती चिरियेर प्राण् गइगया जान्नयौं हजुर्का सगै
वज्रै छाति रहेछ मर्नु कसरी छोड्छौ कहा साथ नगै ॥१६॥

मानिस एक्लै जन्मन्छ । ऊ अनेक प्रपंच गरी अकृत धनसम्पति कमाउँछन् । सांसारिक माय मोहले मानिसलाई तुच्छ बनाइदिएको छ तर मान्छेले बुझेको छैन कि आखिरमा मर्नु पर्दछ । यो झुटो जगतमा अन्त्यमा गएर काखैकी सुन्दरी राखी जसरी राजा नाङ्गै भएर गए त्यस्तै मानिसले मोहप्रतिको तृष्णारूपी जलोलाई शमन गरी सांसारिक मिथ्य भ्रमलाई बुझ्नुपर्दछ भन्ने अभिव्यक्ति यसरी प्रकट गरेका छन् :

जन्मन्छन् सब प्राणिहरू निरवाण भै खालि येक्लै फगत जोर्छन वस्तु अनेक प्रपंच गरि द्येर्जाहान्महल सुन्नगत् ।

गर्छन्मोह ठूलो झुटौ जगतमा आखीर बुझ्नु पनि
काखैकी पनि सुन्दरी त्रहि रही जानू छ नङ्गान बनी ॥१८॥

पूर्वीय परम्परा अनुसार संसारिक दुःखकष्ट बाट मुक्ति हुन जीवन मरणको चक्रबाट छुटकारा पाउँन सच्चिदा नन्दमा पुगेपछि मात्र संभव छ भनिन्छ । जे जति रोए पनि मृत्यु अपरिहार्य भएकाले अन्तिममा गएर कविले आफू पनि पछि राजा भए ठाउँमा आउने र यहाँ राजाको लागि शोककाव्य लेखेको अनुमान गरिएको छ ।

यस काव्यमा सन्दर्भगत प्रसङ्गमा रति, भय, क्रोध जस्ता भावहरूको अभिव्यक्ति भएपनि करूण रस परिपाक भएकाले यस काव्यको अङ्गीरसका रूपमा विभाव, वलिन्द्र आँशुका धारा, विलौना आदि अनुभाव, विषाद, मोह, मूर्च्छा, देत्य, नैराश्य आदि सञ्चारी भावहरूले परिपुष्ट भई शोकभाव स्थायी भावको रूपमा करुण रसको मार्मिक अभिव्यक्ति भएको छ ।

यस शोककाव्यमा विषयवस्तु, भाव र लयविधानका वीच अन्तर समायोजनबाट साङ्गीतिक चेतनाले जीवन्तता प्राप्त गरेको छ ।

शव्द र छन्दले सिद्धिप्राप्त कवि जोशीले शोक विष्यानुरूप सरस, सरल र सुवोध भाषाको प्रयोग गर्दै अन्तर्लय तथा अन्त्यानुप्रसीय आयजनाले प्रस्तुत काव्य प्रभावशाली बनेको छ । अभिधा, लक्षण व्यञ्जना जस्ता सबै आर्थी तहहरूमा अनुभूतिको मार्मिक र प्रवाहपूर्ण सरसता पाइन्छ ।

४.१३.८. **निष्कर्ष**

राजा पृथ्वीवीर विक्रमको स्वर्गवास हुँदाको विष्मात अवस्था र राजा त्रिभुवनले सिंहासनमा विराजमान महात्म्यको हर्षोल्लास अवस्थको महात्म्य वर्णन विस्मात हर्षतरङ्गिणीमा गरिएको पाइन्छ । यो काव्यमा शोक र हर्ष जस्ता दुई विपरीत भावहरूलाई वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यस कारण यो एक अंश शोक तथा अर्को अंश हर्षको काव्य हो । यसमा ९ श्लोक देखि १० श्लोकसम्म र १८ श्लोक देखि २३ श्लोक सम्म वेदान्त विषयको समेत प्रस्तुति गरिएको छ । राजीवलोचनले पियाली कागतको तीन चौथाई ताउमा कालो मसीले ३७ श्लोक बनाएका छन्, जसमा राजा महाराजको मृत्युमा दरबारीय सम्बन्ध राख्ने कविहरूले विशेष रूपमा बनाउँथे । यस काव्यमा शोक काब्यका गुणहरू भेटिएका छन् । पुष्पिताग्रा, शिखरिणी, शार्दूल, मालिनी छन्द आदिमा रचिएको यस काव्यमा राजाको शोकमा ब्याकुल कविका छटपट्टी, पीडा, आक्रोश र क्रन्दन छ भने त्यसक्रममा श्री ५ महाराजाधिराज त्रिभुवन हनुमान ढोकामा सिंहासानरोहण भएको, कामाण्डर इन चिफ भीमशमशेरले पृथ्वीवीर विक्रमबाट अन्तिम समयमा पृथ्वीवीर विक्रमले त्रिभुवनलाई सुम्पेको लालमोहरको आदिको व्यहोरा वाचन गरेको क्रममा यस काव्यमा शोक वर्णन लगत्तै हर्षको वर्णनमा उलटपुलट परेको देखिन्छ । यस काव्यमा पृथ्वीवीर विक्रमको शोकको मार्मिक वर्णन र श्री ५ त्रिभुवनको पराक्रमी व्यक्तित्व जीवनशैली आदिको वर्णन पाइन्छ । यो वर्णनाधिक्य रहेको सामान्य काव्य हो ।

# पाँचौं परिच्छेद

## ५. माध्यमिककालीन नेपाली साहित्यमा राजीवलोचन जोशीको योगदान

माध्यमिककालीन नेपाली साहित्यमा उदाएका माध्यमिककालीन कवि शिरोमणि राजीवलोचन जोशी मुख्य रूपमा भक्ति तथा श्रृङ्गारिक भावधारा अन्तर्गत रहेर कलम चलाउने कवि हुन् । उमेरका हिसाबले मोतीराम भन्दा पनि ज्येष्ठ भएर पनि मोतीमण्डलीको सदस्य बनेका राजीवलोचनका कवितात्मक प्राप्ति रसिलो र आर्कषणकारी रहेको पाइन्छ । नेपाली साहित्यको भक्ति धारामा मात्र सङ्कुचित भएको प्राथमिक धारा र श्रृङ्गारिक लहडमा उन्मत्त भएर अन्य साहित्यका विशद मूल्य मान्यता ओझेल पार्न खोजेको माध्यमिक प्रवृतिमा जोशी प्राथमिक र माध्यमिकालका सन्धिमात्र हैन युगसन्दर्भगत नवीन चेत र विचारका संस्थापक समेत देखिएका छन् ।

प्राथमिककालीन भानुभक्तीय परम्परामा जस्तो अन्ध भक्तिपरम्परा हुँदाहुँदै पनि श्रृङ्गारिकता र भक्तिको समायोजन गरेका छैनन् कि माध्यमिककालीन कविहरू भन्दा पनि खुला र प्रकटरूपमा श्रृङ्गारिक वर्णन गर्न तत्पर रहेका छन् । उनको केदारकल्प महाकाव्य भनुभक्तको जस्तो भक्तिको मात्र गुणगानले भरिएको छैन । यसमा भक्तिको माहात्म्य वर्णन गरिएको छ, साथै संसारमा रहेका भौतिक भोगविलास र आकर्षणका विभिन्न सर्न्दभलाई काव्यात्मक मूल्य प्रदान गरिएको छ । श्रृङ्गारिकता, व्यङ्ग्यात्मकता र युगले आवश्यक ठानेका मूल्य मान्यतालाई जोशीले नाराको रूपमा नउठाई काव्यात्मक शिल्प भरेका छन् ।

माध्यामिककालीन नेपाली साहित्यमा राजीवलोचन जोशीले रचना गरेका भनिएका सबै कृतिहरू आज प्राप्त छैनन् । त्यतिमात्र होइन सीधा र सरल स्वभावका जोशीका रचनाहरूलाई माध्यमिककालीन परिवेशमा चोरी र ठगीको अराजकताले समेत ओझेलमा पारेको देखिन्छ । उनले रचना गरेका विविध रचनामध्ये केदारकल्प, रुरुक्षेत्रकथा तथा गञ्जिफाष्टकको सर्वप्रथम उल्लेख मोतीराम भट्टले गरेको श्री कवि राजीवलोचन वर्णनमा गरेको पाइन्छ । राजीवलोचनका सत्ययुर्गाभाषा, सत्यहरिश्चन्द्रकथा एवं गणेशस्तोत्र भाषा आज पाइदैनन् । त्यस्तै उनको चाणक्य नीतिदर्पणको अनुवाद १९५० मा ('चानक ऋषि राजनीति कहन्छन्') भनेर लेखेको पाण्डुलिपि ऐतिहासिक रूपरेखा, काठमाडौं, २०३२, पु. १६६ मा गरिएको छ । तर यस 'चानक भाषा श्लोकको नाउँफेरी 'बुद्धिचानक भाषा श्लोक' नाम राखी इलामबासी

जगन्नाथ पौडेलले १९८०मा छापेको भेटिन्छ । त्यस्तै उनको पतिव्रता धर्म, श्लोक संग्रह विदुरनीति, विस्मातहर्षतरिङ्गिणी सूक्तिसिन्धुमा छापिएका केही कविता तथा केही कूट कविता रहेका पाइन्छ ।

माध्यमिककालमा संख्यात्मक दृष्टिले राजीवलोचनको उपस्थिति उल्लेख देखा पर्छ । उनले महाकाव्य स्तरको कोदारकल्प देखि समस्यापूर्तिका कवितासम्म लेखेका छन् । उनका केदारकल्प, पतिव्रता धर्म तथा श्रृङ्गारिक श्लोक कविताका विषयवस्तु भक्ति, श्रृङ्गारिकता, सामाजिक मूल्यमान्यता, नारी सौन्दर्य प्रकृतिवर्णन आदि रहेका छन् । त्यस्तै व्यङ्ग्य र विनोदको भाव पनि उनका उक्त कवितामा पाइन्छ । विभिन्न छन्द, अलङ्कारको प्रयोग पनि गरिएको देखिन्छ ।

माध्यमिककालीन नेपाली साहित्यमा जोशीको गुणात्मक वेशिष्ट्यलाई मूल्याङ्कन गर्दा मोतीरामले कविशिरोमणि भनी प्रशंसा गरेको देखिन्छ । उनको केदारकल्प महाकाव्यको भाषा रामायणको भन्दा सरल छ । लोक जीवनका शव्दको प्रयोग गरिएको छ । रामायणको महाकाव्यात्मक विराटमूल्यमा केदारकल्प अल्प लागेपनि रामायण पछिको महाकाव्यात्मक सर्वगुण सम्पन्न ‘केदारकल्प’ रसिलो छ । केदारकल्पले नेपाली साहित्यमा नयाँ मोड ल्याइदिने काम गरेको छ । यसकाव्यले भक्तिको साँघुरो घेराबाट नेपाली साहित्यलाई उन्मुक्ति दिएर नवीन साहित्यिक मूल्यको उद्घाटन गरेको छ । उनले लोक शव्दावलीको प्रयोग गरी काव्यस्तरीय उच्च प्रतिष्ठा प्रदान गर्नु र मौलिक, पुष्ट एवम् सामाजिक, धार्मिक तथा आध्यात्मिक महाकाव्य ढाँचाको प्रतिष्ठापन गर्नुका साथै आख्यान र कवितातत्त्वको मूलतः सन्तुलित अंशतः असन्तुलित महाकाव्यात्मक सिद्धि प्राप्त गर्नु नै उनले गरेको महाकाव्यात्मक ऐतिहासिक योगदानको रूपमा लिन सकिन्छ । अन्य कविको तुलानामा यिनको प्रखर व्यङ्ग्यदृष्टि पनि रहेको पाइन्छ । व्यङ्ग्यका माध्यमबाट समाजसुधार, व्यक्ति चरित्र सुधार तथा राणा शाशनको अप्रत्यक्ष वा घुमाउरो तरिकाले व्यङ्ग्य गरेको पाइन्छ ।

कवि राजीवलोचन जोशी माध्यमिककालका सशक्त प्रतभिाशाली कवि हुन् । कवि जोशी र मोतीराम भट्टको दरिलो नेतृत्वमा नेपाली कवितामा युगान्तकारी परिवर्तन आउनका साथै श्रृङ्गारिक धाराको प्रतिष्ठापन भएको छ । कवि जोशी युग सचेत व्यक्तित्व भएकाले युगको समसामयिक यथार्थ पक्षलाई आफ्ना काव्यमा उतारेका छन् । युगीन परिस्थिति बुझेर कलम चलाउने व्यक्तित्वका कारणले नै तत्कालीन शासकहरूको मनोभावनानुकूल श्रृङ्गारिक

कविताको समेत रचना गरेको पाइन्छ । कवि जोशीका काव्यमा व्यङ्ग्य, विनोद समाजसुधार एवम् ईश्वरीय भक्तिभावका अनेक तत्व सबल रूपमा प्रकट भएको पाइन्छ । यिनले श्रृङ्गारिक भावका साथै धार्मिक, पौराणिक, नैतिक, औपदेशिक प्रवृत्तिलाई पनि सशक्त रूपमा काव्यमा उतारेको पाइन्छ । नेपाली साहित्यमा महाकाव्यको अभाव खट्किएको अवस्थामा कवि जोशीले महाकाव्य गुणले भरिपूर्ण भएको केदारकल्प काव्य दिनुले नै उनको मूलभूत योगदानको रूपमा लिन सकिन्छ । समकालीन कविहरूभन्दा कवि जोशीको काव्यगत वैशिष्ट्य पक्ष निकै सशक्त रूपमा अगाडि बढेको पाइन्छ । भाषाशैली, बिम्बप्रतिक, लय, अलङ्कार तथा युग, परिवेशका मूल्य मान्यताजस्ता विविध विषयवस्तुलाई काव्यमा घोल्दै जनजागृतिका स्वर उराल्ने कवि जोशी लेखनाथ तथा सोमनाथ समकक्षी रहेको देखिन्छ । मोतीराम, भानुभक्त तथा चक्रपाणिजस्ता कविबाट प्रभावित बन्दै आफ्ना काव्यमा मिठास भर्न सक्ने खुवी कवि जोशीको रहेको छ । महाकाव्यात्मक संरचनागत ढाँचामा समेत कविता लेख्न सक्नु कवि जोशी साहित्यप्रति निकै पारखी रहेको कुरा स्पष्ट हुन्छ । समकालीन कविहरूले महाकाव्य स्तरको कृति दिन नसक्नुले नै कवि जोशीको माध्यमिककालीन पद्य साहित्यमा दिएको योगदान कति रहेछ भन्ने कुरा स्वतः छर्लङ्ग हुन्छ ।

कवि जोशीका कवितामा लयात्मकता र सङ्गीतात्मकताको राम्रो संयोजन गरिएको पाइन्छ । सङ्गीतकलामा पनि जोशी निकै खप्पिस रहेको देखिन्छ जस्तै :

सुर्ता र दुःख गीतले सब बिर्सियाको  
बाद्यादिको सबद मेध झञी गर्जियाको

(चतुर्थ पटल)

दुःख, पीडा, सुर्ता आदि गीतबाट भुल्ने भावना माथिका पङ्क्तिमा व्यक्त भएको छ । शब्दलाई डल्याई, नेप्ट्याएर भए पनि कवि जोशीले विभिन्न छन्दहरूको ढाँचामा समायोजन गरी कवितालाई लयात्मक र सङ्गीतात्मक तुल्याइदिएका छन् । भावानुकूल उपमा, रूपक आदि अलङ्कारको प्रयोग गरी कवितलाई गति प्रदान गर्न कवि भट्टले अन्त्यानुप्रासको सफल प्रयोग गरेको पाइन्छ । भक्तिरस र व्यक्तिगत विनय तथा पारिवारिक समस्या आदिलाई पनि समेटेर साहित्य सिर्जना गरेका छन् । कवि जोशीले बुहारीलाई घर व्यवहारसम्बन्धी नैतिक शिक्षा दिन पनि सफल भएका छन् । हास्य एवम् विनोदी स्वभावका कवि जोशीले तत्कालीन शासन व्यवस्थाप्रति तीक्ष्ण व्यङ्ग्य प्रहार पनि गरेको पाइन्छ । प्रकृति चित्रण दृष्टिकोणले कवि

जोशी समकालीन कविभन्दा निकै उच्च रूपमा स्थापित भएका छन् । महाकाव्यात्मक प्रकृति चित्रणका सैद्धान्तिक मान्यतामा आधारिक रही प्रकृतिको मनोहारी वर्णन सफल रूपमा गरेको पाइन्छ ।

नेपाली साहित्यको माध्यमिक कालमा कवि जोशीको ऐतिहासिक, संख्यागत, प्रकारगत तथा गुणात्मकताले भरिपूर्ण भएको पाइन्छ । माध्यमिक कालमा कविताको फुटकर रूपदेखि मझौला रूपसम्म मात्र लेखिएको अवस्थामा कवि जोशीले फुटकर रूपदेखि कविताको महाकाव्य रूपसम्म दिनुनै उनको प्रमुख योगदान ठर्हछ । यसर्थ कवि राजीवलोचन जोशी नेपाली कविताको माध्यमिककालको कविता यात्रामा देखा परी 'केदारकल्प', 'चानकभाषा श्लोक', 'पतिव्रता धर्म', 'रूरुक्षेत्र', 'चाणक्यनीति', विष्मतहर्ष तरङ्गिणी', फुटकर श्लोक रचनाहरू लेखी संख्यात्मक रूपमा व्यापक योगदान गरेको स्पष्टै छ । मोतीमण्डलीलमा सहभागी भई समस्यापूर्ति गर्नामा र कूट कविता रच्नमा यिनी विशेष खप्पिस रहेको पाइन्छ । यिनका श्रृङ्गारिक फुटकर रचनाहरू 'गफाष्टक', 'श्लोकसङ्ग्रह', 'सङ्गीत चन्द्रोदय', 'सुन्दरी' तथा सुक्तिसिन्धुमा भेटिन्छन् । उत्तरवर्ती साहित्यकारका लागि उपजीव्य बनेका उनका काव्यकृतिहरूमा मूलतः भक्ति, नैतिक एवम् आध्यात्ममूलक रचना रचेर पाठकवर्गलाई नैतिक तथा अध्यात्म चिन्तन नै जीवनको सारभूत तथ्य हो भन्ने जस्ता विचार पक्ष सशक्त रूपमा अएका छन् । विशेषतः माध्यमिककाल श्रृङ्गारिक भावधारामा मात्र डुबी साहित्य सिर्जना गरेको परिप्रेक्ष्यमा कवि जोशीले सामाजिक विकृति विसङ्गति तथा युगीन यथार्थको सङ्खघोस गर्नुले नै उनको महत्वपूर्ण योगदान कहलाएको छ । सामाजिक एवम् परम्परागत व्यङ्ग्य र श्रृङ्गारिक भावप्रधान रचनाजस्ता विषयवस्तुगत प्रवृत्ति उनका सम्पूर्ण कृतिमा अटाउन सफल भएका छन् । शोक काव्य रच्नमा पनि जोशीको माध्यमिककालमा दिएको योगदान स्पष्टै छ । समय तथा युगीन परिवेशको साहित्यिक मूल्य प्रदान गर्ने जोशीको माध्यमिककालीन नेपाली कविता यात्रामा अनुलनीय योगदान रहेको प्रमाणित गर्न सकिन्छ ।

माध्यमिक कालले बृहत् पद्याख्यानमार्फत् महाकाव्यसम्म पुग्ने प्रयत्न गरेता पनि सैद्धान्ति ज्ञानको कमी तथा महाकाव्य रचनाको खासै सिर्जना नभएको स्थितिमा कवि जोशीले कवित्वका दृष्टिले उच्चतम प्राप्ति हासिल नगरेता पनि प्रस्तुत 'केदारकल्प' महाकाव्य लेख्न सक्नु उनको त्यो काल वा परिवेशमा उच्चतम योगदान रहेको स्पष्टै छ । माध्यमिककालमा मझौला आयाम भएका काव्यकृति लेखिरहेको अवस्थामा कवि जोशीले महाकाव्यात्मक

सैद्धान्तिक संरचनामा आवद्ध रही महाकाव्य स्तरको कृति दिनु नै प्रमुख उपलब्धिको रूपमा मान्न सकिन्छ । लेखनाथ पौड्याल, बालकृष्ण समजस्ता प्रतिभाशाली साहित्यकारले पनि महाकाव्यात्मक संरचनामा महाकाव्य पटक-पटक लेख्न प्रयास गरेता पनि उनीहरू चिप्लिएका छन् । तर नवीन प्रयोग देखाएर भए पनि 'चिसो चुल्हो'ले महाकाव्यको पगरी पायो । यस परिप्रेक्ष्यमा अध्ययन गर्दा कवि जोशीले विना प्रयास एकै पटक महाकाव्यात्मक संरचनामा रहेको केदारकल्प काव्य लेख्नुले उनको कति योगदान रहेछ भन्ने कुरा स्वतः स्पष्ट देखिन्छ ।

परिच्छेद छ

# उपसंहार

**६.	उपसंहार**

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेददेखि चौथो परिच्छेदसम्म कवि राजीवलोचन जोशी र उनका काव्य कृतिको सङ्क्षिप्त अध्ययन तथा विश्लेषण गरिएको छ । यस परिच्छेदमा भने अध्ययनको निष्कर्ष दिने प्रयास गरिएको छ ।

राजीवलोचन जोशी (१९०५-१९८६) माध्यमिककालीन नेपाली साहित्यमा मूलतः कविता विधा लिएर देखा परेका एक अग्रणी साहित्यकारका रूपमा परिचित भएका छन् । उनको कवित्व शक्ति र काव्यकृतिले देखाएको नवीन मूल्य र मान्यताबाटै छर्लङ्ग हुन्छ कि कवि जोशी माध्यमिककालमा मात्र नभएर नेपाली काव्य जगत परम्पराका विशिष्ट व्यक्तित्वका रूपमा स्थापित भएका छन् । 'केदारकल्प', 'पतिव्रता धर्म', 'विस्मातहर्षतरङ्गिणी', 'विदुरनीति', 'चानकभाषा श्लोक' जस्ता कृति र अन्य लेख रचनाबाट नै उनको व्यापक योगदान रहेको पाइन्छ । राणाकालीन युगीन समसामयिक परिवेशमा रहेर जोशीले यति विघ्न काव्यकृति दिनु ठूलो उपलब्धिको रूपमा लिन सकिन्छ । राजीवलोचन जोशीका अन्य काव्यकृतिहरू हराएको वा चोरी भएको देखिन्छ । माध्यमिककाल भन्नु श्रृङ्गारिक भावधाराको बर्चस्व हुँदाहुँदै पनि कवि जोशीले भक्तिरस तथा शोकमूलक काव्य कृति लेख्न सक्नु उनको कवित्वको उच्च प्रवाह स्वतः स्पष्ट

हुन्छ । अन्य कवि लेखकहहरू जस्तै मोतीराम भट्ट, तीर्थराज पाण्डे, शिखरनाथ सुवेदी, शम्भुप्रसाद ढुङ्गेल, नरदेव पाण्डे जस्ता प्रतिभा सम्पन्न साहित्यकारका तुलनामा जोशीको विशिष्ट स्थान रहेको पाइन्छ । कवि जोशीले युगको चाहानालाई अङ्गीकार गरी युग सन्दर्भ अनुसारको साहित्यिक कृति दिन सक्नु उनको बैशिष्टच रहेको छ । श्रृङ्गारिक भावधारामा रहि रचेका उनका विचार मोतीराम भट्टभन्दा कम छैनन् । जनुसकै विषयवस्तुलाई पक्रेर त्यसमा काव्यात्मक शिल्प भर्न कवि जोशी निकै खप्पिस रहेको पाइन्छ । उनका कृतिमा युग बोलेको छ, साथै त्यो युगमा मात्र नभई आजको समसामयिक वर्तमान परिप्रेक्ष्यमा उत्तिकै रूपमा आदर्शको स्वर घन्काउन सफल

देखिन्छन् । भक्तिको बाटो जीवनको उच्चतम प्राप्ति हो भन्दै कवि जोशीले आध्यात्मिक तथा

नैतिक विचारले मात्र मान्छे जीवन लक्ष्यको सोपानमा पुग्दछ भन्ने वास्तविक रहस्यलाई काव्यमा व्यक्त गरेका छन् । आज पनि मान्छे भोगविलासमा पौडीरहेको र जीवनको लक्ष्य थाहा नपाएर मिथ्या भ्रममा फसेको अवस्थामा कवि जोशीका कृतिले भक्तिमा लीन हुन प्रेरित गरिरहेका छन् । पढ्दा खुवै आनन्द आउने उनका काव्यकृति प्रसाद गुणलेयुक्त भएका कोमल भावलहरीले हृदयलाई रसार्द गरी भावलोकको गहिराइमा पुऱ्याइदिन्छ । पूर्वीय आध्यात्मदर्शनलाई शिरोधार्य गरी कवि जोशीले भक्तिभित्र श्रृङ्गारको वर्णन गरेको पाइन्छ । शोक वर्णनमा पनि जोशीको कवित्व शक्ति निकै सशक्तका साथ प्रस्तुत भएको देखिन्छ । शोक त्रासदी अथवा करुणाको कारक तत्त्व हो शोकाकुल अवस्थामा मानवीय मन विक्षिप्त बनेको हुन्छ । यस्तै शोकको भाव गहिराइमा डुवी कवि जोशीले विस्मातहर्ष तरङ्गिणी काव्य लेख्न सक्छन् शोकभित्र हर्षको बयान गरिएको उनको समयसापेक्षतामा कलम चलाउने बौद्धिक स्रष्टा रहेको अनुमान गर्न सकिन्छ ।

समाजनीति तथा धर्मनीतिको राम्रो ज्ञान हासिल गरेका कवि जोशी आदर्श समाजको स्थापनाको लागि परम्परागत संस्कर, मूल्य मान्यतालाई रोज्नुपर्छ भन्ने चिन्तन पक्षलाई काव्य मार्फत् प्रस्तुत गर्न सफल भएका छन् । कवित्वको र आख्यानको बीचमा सन्तुलन कायम गर्दै काव्य कृतिमा आफ्नो वैचारिक चिन्तन भर्नसक्ने कवि जोशी सस्यापूर्ति तथा कूट कविता रच्नमा निकै सिपालु रहेको पाइन्छ । उनको काव्यप्रतिभालाई प्रशंसा गरी मोतीराम भट्टले कविशिरोमणिको उपाधि दिनुबाट नै उनको समग्र मूल्याङ्कन देखिन आउँछ ।

भानुभक्तभन्दा पछि दोस्रो महाकाव्यकारको रूपमा कवि जोशीको महत्त्वपूर्ण उपलब्धि ठहरिन्छ । नेपाली माध्यमिक कालमा महाकाव्यको अपूर्ण वा अभाव रहेको समयमा कवि जोशीको प्रस्तुत **केदारकल्प** स्वतः स्पष्ट हुन्छ । समय सन्दर्भ अनुसार अथवा आफ्नो समय र पछिको समेत ध्यानमा राखी साहित्यिक कृति दिनु पनि जोशीको साहित्यिक महानता झल्कन्छ । उनको लेखनीकला वेजोड गतिमा प्रवाहमय भएर फस्फुटित भएका कारणले नै उनी मोतीरामजस्ता स्रष्टाबाट सम्मानित भएको पाइन्छ ।

अतीतका गर्भमा लुकेका यस्ता महान् प्रतिभालाई खोज, अध्ययन, गवेषण गरी अझ व्यापकतमा लानु आवश्यकता रहेको छ । उनले दिएको साहित्यिक योगदानलाई भावुकतामाभन्दा पनि यथार्थको वस्तुजगत्मा डुवी निश्चित मूल्य दिनु आजका विद्वान्को प्रमुख कर्तव्य रहन जानेछ । यत्रो गाम्भीर्य बोकेका कवि जोशीको सच्चा मूल्याङ्कन हुन

सकेको देखिदैन । पाठ्यपुस्तकमा केवल राजीवलोचन जोशी मोतीमण्डलीका जेठा सदस्य हुन् र यिनले श्रृङ्गारमूलक श्लोक रचना गरेका छन् भन्ने जस्ता टिप्पणी मात्रै गरेको पाइन्छ । यथार्थ रूपमा अझै पनि उनको ठोस योगदानलाई कसैले पनि केलाएका छैनन् । चलनचल्तीका साहित्यकारहरू वा झनै पूर्वाग्रह राखेर मात्र चर्चा परिचर्चा गरेको पाइन्छ । वास्तवमा माध्यमिक कालको त्यो अन्धकारमय युगमा पनि लामो अवधिसम्म बाँची अनवरत रूपमा नेपाली साहित्यमा लागेका राजीवलोचन जोशीको अतुलनीय योगदान रहेको सावित पुष्कर लोहनीले 'चहकदार मइन्टोल र पिलपिले लालटिन'मा कमल दीक्षितले कवि जोशीको पतिव्रता धर्म पछि मात्र केदारकल्प देखिएको हो भन्ने मान्यतालाई सङ्कीर्ण भएर राजीवलोचन जोशीलाई पन्छयाउन खोजेको आरोप लगाउँदै जोशीको योगदानको वास्तविक मूल्याङ्कन गरी उनले भानुभक्त र मोतीराम भट्टको बीचमा राजीवलोचन जोशीलाई राखिदिएर 'भानुभक्त युग', 'राजीवलोचन युग' र 'मोतीराम युग' भनेर काल निर्धारण गरिदिए युक्तिसंगत रहन्छ भन्ने मान्यता प्रस्तुत गरेको पाइन्छ ।[९४]

मोतीराम भट्ट (१९२३-१९५३) छोटो अवधिमा बाँची केवल त्यो युगमा मात्र केन्द्रीय व्यक्तित्वका रूपमा स्थापित भए भनी अर्कातिर मूलतः श्रृङ्गारिक भावधारामा अडीग रही कविता कृति लेखे । युगको समसामयिक परिवेश अनुसारको साहित्यिक मूल्य मान्यता काव्य मार्फत् उतारे भनी राजीवलोचन जोशीले मोतीराम भट्टले अवलम्बन गरेको श्रृङ्गारिक धारालाई आत्मसात् गर्दै भानुभक्तको भक्ति भावनालाई मलजल दिने काम पनि गरे । नेपाली साहित्यमा वीरकालपछि भक्तिकालले स्थान लियो । भानुभक्त पूर्व भक्तिकाव्यका प्रमुख नायक कृष्ण थिए भने भानुभक्त युगमा रामले स्थान लिए । श्रीरामचन्द्रको आदर्श र महानता, त्याग र सच्चरित्रमा त्यसबेलाको समाजका लागि निकै महत्वपूर्ण औषधी नै भयो । यहीबेला तिर सन्त साहित्य पनि नभएको होइन तापनि यो भानुभक्तको रामायण जति व्यापक हुन सकेन अनि भानुलाई खास मोतीराम भट्टले प्रकाशमा ल्याइदिएपछि नै उनको व्यापकता बढ्दै गयो । भानुकै भक्ति परम्परालाई कवि जोशीले अवलम्बन गरे, तर भानुभक्तको जस्तो अन्ध भक्ति परम्परालाई आश्रय नदिई केवल भक्तिको महात्म्य वर्णन गर्नका साथै श्रृङ्गारको वर्णन गरेको पनि पाइन्छ । यसरी कवि जोशी भूत, वर्तमान र भविष्य तीनै कालगत परिप्रेक्ष्यमा आफ्नो

[९४] पुष्कर लोहनी, चहकदार मइन्टोल र पिलपिले लालटिन, (काठमाडौँ : प्रेजेन्द्र, २०३७), पृष्ठ २१ ।

साहित्यिक मान्यता दिएको पाइन्छ । राजीवलोचन जोशीमा प्रगतिशिल भावना थियो तर त्यो मार्क्सवादी चिन्तनभन्दा पृथक धारमा थियो । सायद राजीवलोचन जोशी विद्रोही बन्थे होलान् तर त्यसबेलाको साँघुरो सामन्तवादी एकतन्त्री युगमा जन्मेको जहाँ एक पनि साक्षर थिएनन् भने विद्रोही बन्ने कुरै भएन । तर तरबारमा उच्छृङ्खलता बढेको बेलामा अनुशासनहीन बन्न पुगको समाजलाई आदर्श र मर्यादाको पाठ पढाउन राजीवलोचन जोशीले काम वासनामा लिप्त हुनेहरूको लागि भक्तिको महात्म्य वर्णन गर्नुले उनी प्रगतिशील रहेको ठहर हुन्छ । ठूलो धनराशी खर्च गरेर भगवान्मा लीन हुनेहरूको लागि कवि जोशीले केदारकल्प काव्यमा वेलपत्र तथा फूलहरू चढाएर नै भगवान्मा लीन हुन सकिन्छ भन्ने दृष्टान्त काव्यको नायक साधकीबाटै स्पष्ट हुन्छ । यस मान्यताबाट पनि जोशी प्रगतिशील चिन्तन् रहेको प्रष्ट हुन्छ ।

माध्यमिक कालमा श्रृङ्गारिक भावधारा भएका कारण नै दरबारदेखि लिएर सामान्य जनता पनि कामवासनामा आकृष्ट रहेको अवस्थामा कवि जोशीले मान्छेले जीवनको महत्ववोध थाहा नपाएर सांसारिक माया प्रेममा फसीरहेको छ र यसबाट छुटकारा दिने उपाय एकमात्र भक्तिको महात्मागान गर्नु नै थियो । यसैको फलस्वरूप कवि जोशीले केदारकल्प काव्य रचना गरी सम्पूर्ण पाठक वर्गलाई जीवनको उद्देश्य के हो ? भन्ने वारेमा मिठो ज्ञान चखाउनुले उनी त्यो बेलामा मात्र नभएर आज आएर पनि प्रगतिशील विचारधारा रहेका रहेछन् भनेर प्रमाणि गर्न सकिएको छ ।

भानुभक्तीय रामायण अध्यात्म रामायणकै नेपाली पाठ हो । यसको अध्ययन काव्यात्मक रुचिले भन्दा धार्मिक भक्तिभावको आस्थाले गरिन्छ । धार्मिक वा पौराणिक काव्यहरू पनि जनताका सामु आइसकेको पाइन्छ तर ती रचनाहरूले न त काव्यात्मक रुचि नै पैदा गराउन समर्थ भएका थिए न त जनमानसमा भक्तिभावको स्पष्ट आकार कोर्न सकेका थिए । यी सबै खाँचोलाई राजीवलोचन जोशीको केदारकल्प काल्यले मात्र टार्न सकेको पाइन्छ । यसर्थ राजीवलोचन जोशीको केदारकल्पको महत्व युग प्रभावी हुन पुग्यो ।

सांसारिक मायाजालमा फसी जीवनको अन्धकारको यात्रातर्फ मानिस धकेलिइरहेको अवस्थामा कवि जोशीले केदारकल्प महाकाव्य मार्फत् जीवनको उद्देश्य खोज्ने बाटो बनाई दिएको छ । यसो भन्दैमा कवि जोशीले श्रृङ्गारिक भावमूलक वर्णन नगरी केवल भक्तिको वर्णन गरेको भन्न मिल्दैन । किनकी श्रृङ्गारिक वर्णनमा कवि खुला रूपमा प्रकट भएका छन् ।

सम्भोग, विप्रलम्भ, शिष्ट तथा अशिष्ट जस्ता श्रृङ्गारिक वर्णनमा कवि जोशीको स्थान मोतीरामभन्दा कम छैन तर त्यो श्रृङ्गार रसलाई भक्तिरसभित्र घुसाइएको पाइन्छ ।

होमनाथ खतिवडाको 'महाभारतका विभिन्न पर्वहरू', शिखरनाथ सुवेदी-बृहद् कृष्णचरित्र (१९५५), गोपीनाथ लोहनी - 'ध्रुवचरित्र' (१९६४), भुवनप्रसाद ढुङ्ग्याल - 'गीत गोविन्द' (१९६१), रमाकान्त बराल - 'अद्भूत रामायण' (१९४९), हरिहर शर्मा - 'रामगीता' ( १९५५), पुण्यप्रसाद - 'कृष्णचरित्र' (१९५५) आदि साहित्यकारहरूले भक्तिधारामा कलम चलाएता पनि माध्यमिककालको यो गौण भक्तिधारामा देखापर्ने कविहरूले कविताको त्यति चाख दिएनन् वा चाख भएर पनि लेख्न सकेको स्थिति
पाइदैन । कतिपय कविहरूले भक्तिभावको चाख पनि बिर्से बरु अधिकांश कविहरू श्लोकमा पौराणिक कथारसलाई आवद्ध गरेर आफ्नो नाम कमाउने र विक्री गरेर धन कमाउने आशा तर्फ अभिप्रेरित भएको पाइन्छ तर केदारकल्प महाकाव्यमा भक्ति तथा श्रृङ्गार दुवै धारालाई समायोजन गरी महाकाव्यात्मक मूल्य भर्न सक्नुले नै उनको समकालीन कविभन्दा निकै वैशिष्टय रहेको स्पष्ट रहेको स्पष्ट हुन्छ ।

नेपाली कविताको आधुनिक कालमा आएर सोनाथ सिग्देल, बालकृष्ण सम, माधव घिमिरेजस्ता प्रतिभासम्पन्न कविहरूले महाकाव्य लेख्ने जमर्को गरे तर काव्यलाई पूर्णता दिन सकेनन् । कवि लेखनाथ कविता साधनामा नै अलमलिए भने सोमनाथले आधुनिक युगलाई आत्मसात् गर्न सकेनन् र आदर्शराघव नै आफूलाई सन्तुष्ट तुल्याए । लेखनाथले तरुण तपसीलाई महाकाव्य भन्न नसकेर नव्य-काव्य भन्ने पुग्ने स्थिति रह्यो । यस्तै अवस्थामा कवि देवकोटाले तीन महिनामै तयार पारिएको 'शाकुन्तल' महाकाव्य लिएर देदा परे । महाकवि देवकोटालाई महाकाव्यका प्रथम स्रष्टाका रूपमा चिनियो पनि हुनत भानुभक्तको रामायण पनि थियो तर त्यसलाई महाकाव्यको स्तरमा लिएको पाइदैनथ्यो । माध्यमिककालमा महाकाव्य स्तरको कुनै महाकाव्य नलेखेको सन्दर्भलाई उठाएर चर्चा परिर्चा गरेको प्रशस्त पाइन्छ । कवि राजीवलोचन जोशीको '**केदारकल्प**' महाकाव्य ओझेलमा परेको र त्यसको महाकाव्यात्मक संरचनात्मक ढाँचामा त्यति विघ्न मूल्याङ्कन नगरेको स्थिति स्पष्ट देखिन्छ । जोशीको **केदारकल्प** महाकाव्य पूर्वीय महाकाव्य सिद्धान्तमा तयार भए तापनि यसमा केही पक्ष दुर्वल रहेको पाइन्छ । महाकाव्यमा नायक उच्च वर्गको हुनुपर्ने, प्रकृति चित्रण स्वर्गदेखिको धरतीसम्मको वर्णन, विभिन्न सर्गमा बाँधिनु आवश्यक, श्रृङ्गार, वीर र शान्तरसमध्ये कुनै

एकको प्रतिपादन, नायकको विजयको वर्णन, उदात्त कथानकजस्ता विविध पक्षको सवल रूपमा उठाइएको पाइन्छ भनी महाकाव्यको सैद्धान्तिक आधारमाभन्दा सर्ग विभाजन, आख्यान र कवित्वबीचको सन्तुलनमा केही कसर रहेको आन्तरिक संरचनामा केही त्रुटीजस्ता केही आधारभुत पक्ष कमजोर रहेको महशुस गर्न सकिन्छ । यस सन्दर्भलाई हेर्दा बालकृष्ण समको 'चिसो चुल्हो'मा नायक सन्ते दमाई रहनु तथा देवकोटाको कवित्व र आख्यानको बीच समायोजन नहुनु, सर्ग विभाजनजस्ता अभावले के देखाउँछ भने जोशीभन्दा पनि उत्तरवर्ती साहित्यकारले पूर्ण रूपमा महाकाव्यको संरचनात्मक ढाँचालाई हनन् गरेको स्पष्टै छ । माध्यमिककालको नेपाली कविता विधा मझौला स्तरमा रहेको अवस्थामा कवि जोशीले महाकाव्यात्मक संरचनामा लेखिएको प्रस्तुत 'केदारकल्प' काव्य लेख्नु उनको काव्यगत वैशिष्टच झल्कन्छ । भावघनत्व, मार्मिक अनुभूतिको अभिव्यक्तिमा तीक्ष्णता, अलङ्कार चमत्कारको बढचाइँ, कल्पनाको बुट्टाभराई, कवितामा प्रकृतिलाई माध्यम बनाएर वासनात्मक अभिव्यक्तिलाई घोर निन्दा गरी भक्ति साधनालाई सजीव बनाउन सक्ने खप्पिसी गुणहरू कवि जोशीमा स्पष्ट रूपमा अङ्कित भएको पाइन्छ । यस काव्यमा लोकजीवनका शाब्दिक प्रयोग, सरसता, सहजता, आलङ्कारिकता, उपमा, रूपक, यामक तथा अन्त्यानुप्रास अलङ्कारको सहज प्रयोगका साथै शार्दूलविक्रिडित, भुजङ्ग प्रयात, शिखरिणी, मालिनी, अनुष्टुपजस्ता विविध छन्दलाई नचाउने र पौराणिक विषयवस्तुलाई काव्यात्मक रूप दिई युग तथा परिवेशका मूल्य मान्यतालाई व्यङ्ग्य प्रक्षेपण गर्ने कवि जोशीको समग्र काव्यगत वैशिष्टच झल्किन्छ ।

यसरी राजीवलोचन जोशी राणाकालीन युगमा रहेर अनवरत रूपमा नेपाली साहित्यको उन्नतिमा लागी रहे । लप्टनी जागिर खाँदै राणाहरूलाई विभिन्न श्रृङ्गारिक मनोरञ्जन भएका श्लोक रचना गर्दै जाँदा उनले फुटकर रूपदेखि कविताको बृहतरूपसम्म आफ्नो दरिलो यात्रा तय गरे । पारिवारिक वियोगका दुःखमा पिल्सिएका कवि जोशीले युगलाई बदल्ने प्रगतिशील विचारधार पनि पोखेको पाइन्छ । सांसारिक मायाजालमा फसेका मान्छेलाई जीवनमा गर्नुपर्ने कार्य र कर्तव्यजस्ता पक्षलाई आफ्ना काव्य कृतिमा नाराको रूप नदिई काव्यमा शिल्पगत चमत्कार भरिदिएका छन् । समसामयिक युगीन यथार्थ पक्षलाई काव्यमा घोल्दै मानवलाई नैतिक तथा आध्यात्मिक ज्ञानको उज्यालो ज्योतिले सही मर्ग लेराउँछ भन्ने वास्तवि यथार्थ केदारकल्प काव्यमा प्रतिध्वनित भएको छ । पारिवारिक पीडा, चोट व्यथाबाट आहत भएका

जोशीले जीवनको उच्चतम लक्ष्य प्राप्तिका लागि एकमात्र अस्त्र भक्ति हो भन्ने विचारदर्शन केदारकल्प काव्यमा अभिव्यक्त गरेका छन् । तृष्णारूपी जालोले मान्छेलाई सताइरहेको अवस्थामा कवि जोशीको केदारकल्प काव्यले जीवन सङ्घर्ष हो; चुनौतीसँग सिङ्गौरी खेल्दै जीवनपथमा एकचित्त भई अगाडि बढ्नु पर्छ भन्ने रहस्य उनका काव्यमा प्रष्फुटित भएको छ । उनका साहित्यिक रचना क्लिष्ट नभई सम्प्रेष्य रहेका छन् । प्रसाद गुणले युक्त उनका साहित्यिक रचना सरल, सुवोध तथा मानवमनको हृदयलाई रसार्द गर्ने शब्दशैलीको प्रयोगको कारण कुनै कवित्व गुणले सम्पन्न एक चर्चित साहित्यकारका रूपमा स्थापित भएका छन् ।

# सन्दर्भ-ग्रन्थसूची


कुन्तक, **वक्रोक्तिजीवतम**, वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस, सन् १९६७ ।

क्षेमेन्द्र, **औचित्य-विचार चर्चा**, वाराणसी : चौखम्बा विद्याभवन, २०२१ ।

घिमिरे, माधवप्रसाद (सम्पा), **पच्चीस वर्षका खण्डकाव्य,** काठमाडौँ : ने.रा.प्र.प्र., २०३९ ।

जगन्नाथ, **रसगङ्गाधर**, वाराणसी : चौखम्बा विद्याभवन, २०१४ ।

जोशी, रत्नध्वज, **आधुनिक नेपाली साहित्यको झलक**, काठमाडौँ : साझा प्रकाशन, २०२१ ।

तिमसिना, डिल्लीराम र अन्य, **हाम्रो साहित्य र साहित्यकार**, फिदिम : प्रेमजनक पुस्तकालय याङ्रुप-एकचेपा, २०२२ ।

त्रिपाठी, वासुदेव (सम्पा), **नेपाली कविता भाग-४**, (ते.सं.) काठमाडौँ : २०५४ ।

दण्डी, **काव्यादर्श**, वनारस : चौखम्बा विद्याभवन, १९५८ ।

दीक्षित, कमल, **बुइँगल**, (चौ.सं.), पुल्चोक ललितपुर : साझा प्रकाशन, २०५० ।

पन्त, भरतराज, **राजीवलोचन जोशी र कूट काव्य**, काठमाडौँ : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान, २०५४ ।

पन्त, दिनेशराज, **राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी**, काठमाडौँ, राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान, २०५५ ।

पाण्डे, नित्यराज, **राजीवलोचन जोशी र केदारकल्प**, काठमाडौँ : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान, २०५६ ।

प्रसाई, गणेशबहादुर, **सुवानन्ददेखि राजीवलोचनसम्म**, काठमाडौँ : साझा प्रकाशन, २०४४ ।

बराल, ईश्वर, **राजीवलोचन जोशी**, काठमाडौँ : राजीवलोचन जोशी स्मारक-प्रतिष्ठान, २०५३ ।

भरतमुनि, **नाट्यशास्त्र**, वाराणशी : चौखम्बा संस्कृत सीरीज अफिस, २०१९ ।

भट्टराई, शर्दचन्द्र, **नेपाली साहित्यको इतिहास**, काठमाडौँ : ने.रा.प्र.प्र., २०५६ ।

भट्टराई, टीकाप्रसाद, **भरतराज पन्तको शोक काव्यको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ: नेपाली केन्द्रीय विभाग कीर्तिपुर, २०६४

भामह, **काव्यलङ्कार**, पटना : बिहार राष्ट्रभाषा परिषद्, २०१९ ।

रुद्रट, **काव्यलङ्कार**, दिल्ली : वासुदेव प्रकाशन, सन् १९६५ ।

लोहनी, पुष्कर, **चहकदार मइन्टोल र पिलपिले लालटिन**, काठमाडौँ : प्रजेन्द्र, २०३७ ।

वामन, **काव्यलङ्कारसूत्रवित्ति**, (व्याख्याकार आचार्य विश्वेश्वर), दिल्ली : आत्मराम एण्ड सन्स्, २०११ ।

विश्वनाथ, **साहित्य दर्पण**, वाराणसी : चोखम्बा विद्याभवन, १९०८ ।

शर्मा, तारानाथ, **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौँ : २०४० ।

शर्मा, गोपीकृष्ण, **संस्कृत साहित्यको रूपरेखा**, काठमाडौँ : अभिनव प्रकाशन, २०५७।

सम, बालकृष्ण, **मेरो भन्नु ...आगो र पानी**, काठमाडौँ : श्रीनयपाल, २०१२ ।

सत्याल, यज्ञराज, **नेपाली साहित्यको भूमिका**, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०१७।

सुवेदी र अन्य, **विश्वसाहित्यको रूपरेखा**, काठमाडौँ : ने.रा.प्र.प्र., २०३० ।

सुवेदी, हंसपुरे, **संस्कृत वाङ्मय : सङ्क्षिप्त अध्ययन**, काठमाडौँ : त्रि.वि.पा.विकास केन्द्र, २०३७ ।

Thatcher, Virginias, **The New Webster Encyclopedia Dictionary of English Language**, Chicago Consolidated Book Publisher, A. D 1970.

## पत्रिका

जिताली, बमबहादुर, 'नेपाली कवितामा शास्त्रीय छन्द प्रयोगको सर्वेक्षण', काठमाडौँ : **प्रज्ञा** २९ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५६ ।

त्रिपाठी, वासुदेव, 'संस्कृत परम्परामा कवि र काव्य तथा साहित्य शब्दका प्रयोग सन्दर्भ, व्युत्पत्ति र योगरूढअर्थको निर्धारण प्रकृया', **कुञ्जिनी** (साहित्यिक समालोचना विशेषाङ्क), ५ : ३, काठमाडौँ : त्रि.वि.ने.के.वि., कीर्तिपुर, २०५४ ।